ग्राहक प्रति

वर्ष २० | अंक १२९ | काठमाडौं | शुक्रवार, २५ माघ २०८१ | Friday, 7 February 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

www.abhiyandaily.com

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

एनआईसी एशिया लघुवित्तको सञ्चालकमा लक्ष्मण चालिसे २
विराटनगरको सडक सौन्दर्यका लागि सिद्धार्थ बैंकको सहयोग ३
करमा सधैंको करकर किन ? ४
१९ बुँदे माग पूरा नभए आन्दोलनमा जाने ग्यास उद्योगीको चेतावनी ८



घर बिक्रिमा

बालकोट चोक नजिक ७ आनामा बनेको घर बिक्रिमा ।

सम्पर्क नं. ९८१३०४४११८




तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

काठमाडौंको भृकुटीमण्डपमा बिहीवार शुरू भएको ३०औं संस्करणको 'क्यान इन्फोटेक २०२५' मा रहेको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको स्टलमा राष्ट्रिय परिचयपत्र बनाउनेको भीड । राष्ट्रिय परिचयपत्र विभिन्न प्रयोजनका लागि आवश्यक हुने भएकाले मेलाको पहिलो दिन कम्प्युटर किन्नेको तुलनामा परिचयपत्र बनाउने भीड देखियो । माघ २८ गतेसम्म चल्ने सूचना प्रविधिको सबैभन्दा ठूलो प्रदर्शनीमा करीब १५० स्टल रहेका छन् ।

बजेटको अर्धवार्षिक समीक्षा

# आकार १ खर्ब ६७ अर्बले घट्यो

विजय दमासे

काठमाडौं

आर्थिक वर्षको बीचमा खर्च अनुमान संसोधन गर्ने परम्परालाई निरन्तरता दिँदै सरकारले चालू आर्थिक वर्ष २०८१/८२ का लागि ल्याएको बजेटको आकार घटाएको छ ।

गत जेठ १५ मा तत्कालीन अर्थमन्त्री वर्षमान पुनले १८ खर्ब ६० अर्ब ३० करोड रुपैयाँको बजेट ल्याएका थिए । अहिले उक्त रकम खर्च गर्न नसकिने भन्दै बजेटको अर्धवार्षिक समीक्षामार्फत अर्थमन्त्री विष्णुप्रसाद पौडेलले करीब २ खर्बले आकार घटाएर १६ खर्ब ९२ अर्ब ७३ करोड ३५ लाख रुपैयाँ खर्च हुने अनुमान गरेका छन् । यो रकम शुरु विनियोजनको ९० दशमलव ९९ प्रतिशत हो । आर्थिक वर्षको मध्यसम्म लक्ष्यअनुसार खर्च गर्न नसकिरहेको सरकारले खर्च अनुमान नै कटौती गरेको हो ।

चालू, पूँजीगत, वित्तीय व्यवस्थापन तीनैतर्फको खर्च अनुमान अर्थमन्त्री पौडेलले घटाएका हुन् । पौडेलले चालूतर्फ यो वर्ष १० खर्ब २९ अर्ब २० करोड, पूँजीगततर्फ २ खर्ब ९९ अर्ब ५० करोड र वित्तीय व्यवस्थापनतर्फ ३ खर्ब ६३ अर्ब ९३ करोड रुपैयाँ खर्च हुने अनुमान गरेका छन् ।

अर्थमन्त्रीले पौडेलले खर्च मात्र नभएर राजस्व, वैदेशिक अनुदान र ऋणको लक्ष्य समेत हासिल नहुने भन्दै संशोधन गरेका छन् । चालू आर्थिक वर्षको पहिलो ६ महीनामा राजस्व लक्ष्यको तुलनामा ८४ दशमलव ३३ प्रतिशत मात्र संकलन भएको बजेटको अर्धवार्षिक समीक्षामा उल्लेख छ ।

**बजेटको अवस्था** (रकम रू. अर्ब)

| शीर्षक | शुरू अनुमान | संशोधित अनुमान | पुससम्मको अवस्था |
|---|---|---|---|
| चालू | १,१४०.६६ | १,०२९.३० | ४५२.०० |
| पूँजीगत | ३५२.३५ | २९९.५० | ५६.९३ |
| वित्तीय व्यवस्थापन | ३६७.२८ | ३६३.९३ | १५८.६६ |
| कुल खर्च | १८६,०.३० | १,६९२.७३ | ६६७.६० |
| राजस्व | १,४१९.३० | १,२८६.९८ | ५६७.३९ |
| वैदेशिक सहायता | २७०.०० | २१७.४६ | ४९.०९ |

स्रोत : अर्थ मन्त्रालय

संशोधित व्यवस्थाअनुसार चालू वर्षको अन्त्यसम्ममा राजस्वतर्फ १२ खर्ब ८६ अर्ब ९८ करोड, वैदेशिक अनुदान ३६ अर्ब ६२ करोड, वैदेशिक ऋणतर्फ १ खर्ब ८० अर्ब ८३ करोड रुपैयाँ परिचालन हुनेछ ।

चालू आर्थिक वर्षको बाँकी अवधिमा सरकारले गरेका नीतिगत सुधारका कारण आर्थिक गतिविधि विस्तार भई राजस्वमा सुधार आउने र आयोजना एवं खर्च व्यवस्थापनमा दक्षता समग्रमा वार्षिक लक्ष्यको तुलनामा ९१ प्रतिशत हासिल गर्ने अनुमान रहेको अर्थमन्त्रीले बिहीवार प्रतिनिधिसभालाई जानकारी गराए । अर्थमन्त्री पौडेलले चालू आर्थिक वर्षमा लक्षित आर्थिक वृद्धिदर हासिल गर्न चुनौतीपूर्ण रहेको समेत बताए ।

तरलता र न्यून ब्याजदरको सुविधाले आर्थिक वृद्धिदर लक्ष्यको नजिक हुने उनले अनुमान गरे । सरकारले यो वर्षका लागि ६ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य राखेको छ । अर्थमन्त्रीले आर्थिक वृद्धिदर लक्ष्यको नजिक पुग्ने बताइरहँदा विश्व बैंकले गतवर्ष ३ दशमलव ९ प्रतिशतमा खुम्चिएको आर्थिक वृद्धिदर यस वर्ष ५ दशमलव १ प्रतिशत पुग्ने प्रक्षेपण गरेको छ । समग्रमा अर्थतन्त्र चलायमान हुने र आर्थिक क्रियाकलाप विस्तार हुने आधार तयार भएको सरकारको दाबी छ ।

» बाँकी पृष्ठ ५ मा

# आईटी व्यवसायी सेजमा जान अनिच्छुक

## सरकारले विशेष आर्थिक क्षेत्रमा जान सेवाक्षेत्र, मूलत: आईटी उद्योगलाई बाटो खोले पनि काठमाडौंबाहिर रहेका सेजमा तत्काल जाने वातावरण नभएको आईटी व्यवसायीको भनाइ

हिमा वि.क

काठमाडौं

- तत्काल काठमाडौंमै आईटी उद्योगका लागि छुट्टै सेज स्थापना गर्नुपर्ने सम्बद्ध व्यवसायीको भनाइ
- उपत्यकामै एउटा भवन बनाउन सेज प्राधिकरणको प्रारम्भिक तयारी

सरकारले सूचनाप्रविधि (आईटी) उद्योगलाई लक्ष्य गरेर विशेष आर्थिक क्षेत्र (सेज)मा सेवामूलक उद्योग जान सक्ने बाटो अध्यादेशमार्फत खुलाए पनि हाल सञ्चालनमा रहेका सूचनाप्रविधि सेवाका उद्योग तत्काल सेज जाने सम्भावना न्यून रहेको सरोकारवालाले बताएका छन् ।

हालै ल्याइएको आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशले विशेष आर्थिक क्षेत्र ऐन, २०७३ मा संशोधन गरेको छ । अध्यादेशमार्फत सोही ऐनको दफा ३० मा थपिएको व्यवस्थाअनुसार अब सेजमा सेवाक्षेत्रले पनि प्रवेश पाउनेछ ।

अध्यादेशमा सेवाका कुनकुन क्षेत्र भनेर नखुलाइए पनि सेज प्राधिकरणले आईटी क्षेत्र नै भनेर उद्योग मन्त्रालयमा प्रस्ताव पठाएको प्राधिकरणका एक अधिकारीले बताए । 'मन्त्रालयमा छलफल हुँदा हामीले आईटी क्षेत्र नै राखिनुपर्छ भनेका थियौं,' ती अधिकरीले भने । उक्त अध्यादेश हाल संसद्मा पेश गरिएको छ ।

शुरूमा निर्यातमुखी उत्पादनमूलक व्यवसायलाई मुख्य प्राथमिकतामा राखेर विशेष आर्थिक क्षेत्र (सेज)को अवधारणा ल्याइएको हो । तर, इन्टिच्युट फर इन्टेग्रेटेड डेभलपमेन्ट स्टडिज (आईआईडीएस) नामक संस्थाले सन् २०२२ मा नेपालबाट ७२ अर्ब रुपैयाँको आईटी सेवा निर्यात भएको देखाएको सन्दर्भमा सरकारले आगामी १० वर्षमा ३० खर्ब रुपैयाँ बराबरको आईटी सेवा निर्यात गर्ने लक्ष्य लिएको छ । यस सन्दर्भमा सेवा उद्योगलाई पनि सेजमा जाने बाटो खुलाइएको हो ।

नेपाल एशोसिएशन फर सफ्वेयर एन्ड आईटी सर्भिसेस कम्पनिज (नास-आईटीका कोषाध्यक्ष अभय पौडेलले सरकारले सेजमा सेवामूलक क्षेत्र पनि जान सक्ने गरी अध्यादेश ल्याए पनि तत्काल भएका र प्रस्तावित उद्योग जान सम्भव नहुने बताए ।

सरकारले सेज अवधारणा कार्यान्वयनमा ल्याएको वर्षौंसम्म पनि एउटा मात्रै भैरहवा आर्थिक क्षेत्र बनाइसकेको छ । सिमरामा दुईओटा क्लस्टर तयार पारेको छ । तर, ती सेज पूर्ण क्षमतामा सञ्चालनमा आइसकेका छैनन् ।

'यो क्षेत्रको कच्चा पदार्थ नै जनशक्ति हो, उक्त जनशक्ति काठमाडौंमै बढी केन्द्रित छ,' पौडेलले भने, 'त्यसैले, तत्काल सेजमा गइहाल्ने अवस्था नहोला तर हाम्रो आशा भने काठमाडौंमै एउटा भवनलाई सेज घोषणा गरिदिएर आईटी कम्पनीलाई त्यस्तो भवनमा राख्न सकिन्छ ।'

यसका लागि पहिलो चरणमा ८/१० ओटा आईटी कम्पनी चलाउन मिल्ने क्षमताको भवनबाट शुरू गर्दा हुने उनको सुझाव छ ।

'८/१० ओटा आईटी कम्पनी त्यस्तो भवनमा चलाउँदा करीब १ हजार ५०० कर्मचारी परिचालन गर्न सकिन्छ,' पौडेलले भने, 'यस्तो हुँदा आईटी कम्पनीसँग सहकार्य गर्न र सरकारले उपलब्ध गराउने साझा सुविधाका लागि सहज हुन्छ ।'

बनेपास्थित प्रस्तावित आईटी पार्कलाई सेज बनाउने हो भने सरकारले आफ्नो वा निजीक्षेत्रको कुनै भवनलाई 'रिनोभेट' गरेर आईटीमैत्री बनाइदिए उक्त संख्याका आईटी कम्पनी बस्न सक्ने पौडेलले बताए । 'शुरूमा काठमाडौं केन्द्रित नै हुनुपर्छ,' उनले भने, 'बनेपामा आईटी पार्क बनाउँदा पनि त्यहाँ कम्पनी तथा जनशक्ति जान सकेका छैनन्, बरुपछि त्यस्तै पूर्वाधार बनाएर बाहिरका सेजमा जान सकिन्छ ।'

सरकारले सातओटै प्रदेशमा विशेष आर्थिक क्षेत्र स्थापना गर्ने योजना ल्याइसकेको छ । काठमाडौं उपत्यकामा सेज छैन । काभ्रेपलाञ्चोकको पाँचखालमा सेज निर्माण गर्ने सरकारको योजना छ ।

प्राधिकरणले आईटी क्षेत्रमा काम गर्दै आएका र खासगरी सफ्टवेयर निर्यात गर्ने यस क्षेत्रका सरोकारवालासँग समेत छलफल गरेको थियो । उक्त छलफलमा सरोकारवाला– खासगरी अमेरिकामा सफ्टवेयर निर्यात गर्दै आएकाहरूले अहिले भैरहवा र सिमरा सेजमा जान नसक्ने बताएका थिए । उनीहरूले छलफलका क्रममा काठमाडौं उपत्यकामै कुनै ठाउँमा सेज स्थापना गरी आईटी उद्योग जाने वातावरण बनाउन सुझाव दिएका थिए ।


आईटी कम्पनीहरू तत्कालका लागि काठमाडौं उपत्यकाका सेजमा नजाने भएपछि अहिले प्राधिकरणले उपत्यकामै एउटा भवन बनाउन प्रारम्भिक तयारी गरेको छ । यस प्रयोजनका लागि एउटा उपसमिति गठनको तयारी थालिएको प्राधिकरणका ती अधिकारीले बताए ।

'उक्त समितिले भवन बनाउन आवश्यक जग्गा खोज्नेछ,' उनले भने, 'काठमाडौंभित्र एउटा अत्यधुनिक भवन बनाउने र त्यसमध्ये एउटा तलामा प्राधिकरणको केन्द्रीय कार्यालय राख्ने र बाँकी तला आईटी कम्पनीलाई दिने योजना छ ।'


आईटी कम्पनीहरू सिमरा जाऊन् भन्ने उद्देश्यले अहिले सरकारले यो योजना ल्याए पनि आईटी उद्योगीले काठमाडौंबाहिर नजाने बताउँदै आएका छन् ।

» बाँकी पृष्ठ ५ मा


नेप्से परिसूचक




सुन (तोला)




अमेरिकी डलर




# प्रेम दिवसमा ४.६७ करोड रूपैयाँको गुलाफ फूलको कारोबार हुने अनुमान

अभियान संवाददाता

काठमाडौं

- फेब्रुअरी ७ देखि १४ सम्म ४ लाख २५ हजार स्टीम गुलाफको व्यावसायिक कारोबार हुने
- करीब २५ प्रतिशत आन्तरिक उत्पादनले धान्ने, बाँकी ७५ प्रतिशत भारतबाट आयात गर्नुपर्ने
- प्रतिस्टीम गुलाफको मूल्य ९० देखि १२० रूपैयाँ हुने अनुमान

प्रेम दिवस (भ्यालेन्टाइन डे) पर्ने फेब्रुअरी १४ (फागुन २) आउनुअघि १ साताभरि ४ दशमलव ६७ करोड रुपैयाँको गुलाफ फूलको कारोबार हुने पुष्प व्यवसायीहरूको प्रतिनिधि संस्था फ्लोरिकल्चर एशोसिएशन, नेपालले अनुमान गरेको छ ।

एशोसिएशनले प्रेम दिवसको सप्ताह अवधि (फेब्रुअरी ७ देखि १४ सम्म) मा नेपालमा उक्त रकम बराबरको ४ लाख २५ हजार स्टीम गुलाफको व्यावसायिक कारोबार हुने अनुमान गरेको हो ।


काठमाडौं उपत्यकाभित्र मात्रै करीब २ लाख ५५ हजार र बाँकी १ लाख ७० हजार स्टीम गुलाफ काठमाडौं उपत्यकाबाहिरका जिल्लामा खपत हुने अनुमान गरिएको एशोसिएशनले जानकारी दिएको छ । प्रेम दिवसको अवसरमा बजारमा माग हुने गुलाफको करीब २५ प्रतिशतमात्र आन्तरिक उत्पादनबाट परिपूर्ति हुने अनुमान गरिएको एशोसिएशनका अध्यक्ष राजेशभक्त श्रेष्ठले बताए ।

**प्रेम दिवसमा गुलाफ फूलको अनुमानित कारोबार**

| वर्ष | कारोबार परिमाण (थान) | कारोबार मूल्य |
|---|---|---|
| २०८१ | ४२५,००० | रू. ४.६७ करोड |
| २०८० | ४१२,००० | रू. ४.३२ करोड |

स्रोत : फ्लोरिकल्चर एशोसिएशन नेपाल

» बाँकी पृष्ठ ५ मा



# आन्तरिक सजावट कार्य बारे शिलबन्दी बोलपत्र आव्हानको सूचना

(पुनः प्रकाशित मिति : २०८१/१०/२५)

यस मञ्जुश्री फाईनान्स लिमिटेडले आफ्नो केन्द्रिय कार्यलय सञ्चालन गर्ने प्रयोजनका लागि संस्थाको नाममा दर्ता श्रेस्ता कायम रहेको का.जि., का.म.न.पा. वडा नं. ११ को कि.नं. ६४०, ६४१ र ९५६ को जम्मा क्षेत्रफल ५५२.३९ व.मि. जग्गामा निर्मित ८००.५७ (व.मि.) भवनमा आन्तरिक सजावट सम्बन्धी कार्य गर्नका लागि नेपाल सरकारमा दर्ता रहेको फर्म वा कम्पनीबाट निम्न बमोजिमको शर्तहरु पालना गर्ने गरी १५ दिन भित्र रीत पूर्वकको गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ ।

**शर्तहरु :**

१. बोलपत्र फाराम रु. १५,०००/- (अक्षरेपी पन्ध्र हजार रुपैंया मात्र) मा पछि फिर्ता नहुने गरी मिति २०८१ फाल्गुन ०९ गते दिनको १२:०० बजे भित्रमा यस वित्तीय संस्थाको मूख्य कार्यालय, नयाँ बानेश्वर-१० स्थित कार्यालयको प्रशासन विभागबाट खरिद गर्न सकिनेछ ।
२. खरिद भएको बोलपत्र भरी मिति २०८१ फाल्गुन ०९ गते कार्यालय समय सम्म यस वित्तीय संस्थाको मूख्य कार्यालय, नयाँ बानेश्वर-१० स्थित कार्यालयमा शिलबन्दी गरि पेश गर्नु पर्नेछ । सो दिन सार्वजनिक बिदा परेमा उक्त शिलबन्दी बिदा पछि लगतै कार्यालय खुलेको दिन पेश गर्नु पर्नेछ ।
३. प्राप्त भएका शिलबन्दी बोलपत्रहरु २०८१ फाल्गुन ११ गते दिनको ३:०० बजे शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधीको रोहबरमा यस वित्तीय संस्थाको मूख्य कार्यालय, नयाँ बानेश्वर-१० स्थित कार्यालयमा खोलिनेछ । सो दिन सार्वजनिक बिदा परेमा उक्त बिदाको लगतै पछि कार्यालय खुलेको दिन दिनको ३:०० बजे शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधीको रोहबरमा यस वित्तीय संस्थाको मुख्य कार्यालय, नयाँ बानेश्वरमा खोलिनेछ । तर शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
४. उपरोक्त बमोजिम शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदाको लगतै पछि कार्यालय खुलेको दिनको कार्यालय समय सम्म शिलबन्दी बोलपत्र पेस गर्न सकिने भएको हुँदा सो अवस्था श्रृजना भएमा शिलबन्दी बोलपत्र पेस भएको दिनको भोलिपल्ट कार्यालय खुलेको दिनको ३ बजे शिलबन्दी बोलपत्र खोलिने छ ।
५. बोलपत्र फारमका साथ आफूले कबुल गरेको रकमको १० (दस) प्रतिशतले हुन आउने रकम यस संस्थामा नगदै जम्मा गरी जम्मा गरेको भौचरको सक्कल प्रति वा सो वरावर रकमको बैंक जमानत (Bid-Bond) शिलबन्दी बोलपत्र फाराम सँगै पेश गर्नु पर्नेछ ।
६. प्राप्त बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा कारण जनाई वा नजनाई अस्वीकृत गर्ने सम्पूर्ण अधिकार वित्तीय संस्थामा निहित रहनेछ ।
७. बोलपत्र सम्बन्धी सम्पूर्ण शर्त तथा जानकारी बोलपत्र फाराममा उपलब्ध गरिने छ ।

**बोलपत्र दाताले बोलपत्र पेश गर्दा निम्न बमोजिमका कागजपत्रहरु संलग्न गर्नुपर्नेछ :**

१. अद्यावधिक कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,
२. मूल्य अभिबृद्धि कर (VAT) प्रमाणपत्रको प्रतिलिपि तथा कर चक्ता प्रमाण पत्रको प्रतिलिपी,
३. कम्पनी/फर्मको संक्षिप्त परिचय तथा कार्यानुभव (Profile),
४. कम्तिमा ३ वटा वाणिज्य बैंक/ विकास बैंक/ वित्तीय संस्थामा काम गरेको कार्य अनुभवको प्रमाण,
५. पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार कम्तिमा रु. दुई करोडको वार्षिक कारोवार भएको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,
६. Partnership Deed/AOA & MOA को प्रतिलिपी,

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था)

प्रधान कार्यालय ओमकार भवन, नयाँ बानेश्वर-१०, काठमाण्डौं
फोन नं. ०१-४७९२५१७, ४७९३१८५-१२०
वेबसाइट: www.manjushreefinance.com
ईमेल: manjushree@manjushreefinance.com.np



# आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड

ICFC

## तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

**सूचना प्रकाशीत मिति : २०८१/१०/२५**

यस फाइनान्सको बिभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने ब्याज तथा किस्ता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिदा समेत कर्जा रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना ब्याज आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कर्जा सम्बन्धी शर्त, सम्झौताका लिखत तथा प्रचलित कानून बमोजिम कर्जा असुल्ने क्रममा धितो स्वरुप यस फाइनान्सको नाममा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधन तथा फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपसिल बमोजिमको सम्पत्ति बेचबिखन गरी कर्जा रकम असुल उपर गरिलिनेछ । सोबाट समेत असुल उपर हुनुपर्ने सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानुन अनुसार तपाँइ ऋणीहरुको अन्य चल अचल सम्पत्ति तथा जायजेथाबाट समेत फाइनान्सले आफ्नो लेना असूल उपर गरि लिनेछ । साथै, ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीहरुबाट नै भराई लिईनेछ । तपाई ऋणीहरुबाट सम्पूर्ण रकम असूल उपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जासँग सम्बन्धित सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा सूचीकृत गरिने व्योहरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

| **शाखा कार्यालय बुटवल, रुपन्देही** | |
|---|---|
| **१.ऋणीको विवरण** | **व्यक्तिगत जमानी दिनेको विवरण** |
| **नाम : हरि प्रसाद न्यौपाने**<br>बाबु : दामोदर न्यौपाने<br>बाजे : हरिलाल न्यौपाने<br>ना.प्र.नं. : ४११०१४।९०६२९, जि.प्र.का. रुपन्देही ।<br>मिति : २०६७/०७/०८<br>ठेगाना : तिलोत्तमा न.पा. १, रुपन्देही । | **नाम : पुर्णकला न्यौपाने**<br>बाबु : टिकाराम पन्त<br>पति : दामोदर न्यौपाने<br>ससुरा : हरिलाल न्यौपाने<br>ना.प्र.नं. : ८३६३, जि.प्र.का. रुपन्देही ।<br>मिति :२०४४/१२/१०<br>ठेगाना : तिलोत्तमा न.पा. १, रुपन्देही । |
| **कर्जामा रहेको धितो सुरक्षणको विवरण :** | |
| क) मालपोत कार्यालय चन्द्रौटा,कपिलवस्तुमा हरि प्रसाद न्यौपानेको नाममा दर्ता कायम रहेको कपिलवस्त जिल्ला, चनई गा.वि.स. वडा.नं. ५ क स्थित कि.नं.२६०८ को क्षेत्रफल ०-०-१८-१ (वि-क-धु) को घर-जग्गा तथा त्यसमा भए गरेका अन्य निर्माणहरु, लिगलगापात समेत ।<br>ख) धनी आइ.सि.एफ.सि. फाइनान्स लि. ऋणी हरि प्रसाद न्यौपाने कायम रहेको यातायात व्यवस्था कार्यालय, लुम्बिनी प्रदेश, रुपन्देहीमा दर्ता कायम रहेको लु.२.ख ४९६६, इन्जिन नं. KXHZ412900, च्यासिस नं. MB1HTLFCIKRLD6479 भएको १ थान Ashok Leyland कम्पनीको ब्यावसायिक टिप्पर । | |
| **शाखा कार्यालय त्रिशुली, नुवाकोट** | |
| **२.ऋणीको विवरण** | |
| नेपाल सरकार,उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग,घरेलु तथा साना उद्योग कार्यालय,बिदुर नुवाकोटमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ अन्तर्गत मिति २०७७/०९/२९ मा प्रा.फ.र.नं. ९५७/०७७/०७८ मा दर्ता भई नेपाल सरकार, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय कलंकी करदाता सेवा कार्यालय गल्छीबाट स्थायी लेखा नं. ६१४८३६४१९ को प्रमाणपत्र प्राप्त रिजाल आयल स्टोर्स ।<br>प्रोप्राईटर : उमेश रिजाल<br>ठेगाना : विदुर न.पा.वडा नं.९, नुवाकोट । | |
| **व्यक्तिगत जमानी दिनेहरुको विवरण** | |
| नाम : उमेश रिजाल<br>बाबु : निर बहादुर रिजाल<br>बाजे : राम बहादुर रिजाल<br>ना.प्र.नं : २५१००१/७८५<br>मिति २०६५/०९/१६, नुवाकोट<br>ठेगाना : विदुर न.पा.वडा नं.८, नुवाकोट । | नाम : इश्वरी रिजाल<br>बाबु : दल बहादुर खड्का<br>पति : निर बहादुर रिजाल<br>ससुरा : राम बहादुर रिजाल<br>ना.प्र.नं : २५३००१/१७५<br>मिति २०६३/११/१६, नुवाकोट<br>ठेगाना : विदुर न.पा.वडा नं.८, नुवाकोट । |
| नाम : निर बहादुर रिजाल<br>बाबु : राम बहादुर रिजाल<br>बाजे : कृष्ण बहादुर रिजाल<br>ना.प्र.नं : ६०२०/१९७३<br>मिति २०३७/१०/२०, नुवाकोट<br>ठेगाना : त्रिशुली वडा नं.०४, नुवाकोट ।<br>हाल विदुर न.पा.वडा नं.८, नुवाकोट । | नाम : एलिजा बोगटी<br>बाबु : पोष्ट बहादुर बोगटी<br>पति : उमेश रिजाल<br>ससुरा : निर बहादुर रिजाल<br>ना.प्र.नं : २५-०१-७०-०९२२१<br>मिति २०७०/०३/०३, नुवाकोट<br>ठेगाना : विदुर न.पा.वडा नं.९,नुवाकोट<br>हाल विदुर न.पा.वडा नं.८,नुवाकोट |
| **कर्जामा रहेको धितो सुरक्षणको विवरण :** | |
| क) मालपोत कार्यालय नुवाकोटमा निर बहादुर रिजालको नाममा दर्ता कायम रहेको नुवाकोट जिल्ला, त्रिशुली गा.वि.स/न.पा. वडा नं. ४ स्थित कित्ता नं. १३०६ को क्षेत्रफल १-१३-३-३ रोपनी भएको घरजग्गा तथा सोमा गरेका अन्य निर्माणहरु, लिगलगापात समेत...। | |

१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं फोन नं. ४५२५२९२, Email: info@icfc.com.np
www.icfc.com.np




काठमाडौंको मच्छेन्द्र बहालमा बिहानको बजारमा आलु बेच्दै ब्यापारी ।
तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान


# कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/१०/२५ गते आर्थिक अभियान दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

**तपसिल**

| **ड्राईपोर्ट,पर्सा शाखा** | |
|---|---|
| **१. ऋणीको विवरण** | **व्यक्तिगत जमानीकर्ताको विवरण** |
| **जटा शंकर प्रसाद रौनियार**<br>ना.प्र.नं.- ३४५८९४१५२६<br>जारी मिति - २०५३/०५/३१ जि.प्र.का. पर्सा<br>बाबु - बिसनाथ रौनियार<br>बाजे - लखन साह रौनियर<br>स्थायी ठेगाना- पर्सा जिल्ला, सखुवा प्रसौनी गा.पा., वडा नं. ५ (साविक महुवन गा.वि.स. वडा नं. ०२) | १. **उमा देवी रौनियार**<br>ना.प्र.नं.- १०७६२<br>जारी मिति - २०६८/११/०४, जि.प्र.का. पर्सा<br>बाबु - भिखारी साह<br>बाजे - जवाहिर साह<br>स्थायी ठेगाना- पर्सा जिल्ला, सखुवा प्रसौनी गा.पा., वडा नं. ५ (साविक महुवन गा.वि.स. वडा नं. ०२) |
| धितो सुरक्षणको विवरण | |
| १. **जटा शंकर प्रसाद रौनियार**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं. ७ (हाल विरगंज म.न.पा वडा नं २४ स्थित कित्ता नं. ८४४ र ८४६ को क्षे.फ. क्रमश ११८.५० र ८८ (व.मि) घर/जग्गा तथा सोको सम्पुर्ण लिगलगापात । | |
| **बरहथवा, सर्लाही शाखा** | |
| **१. ऋणीको विवरण** | **धितो सुरक्षणको विवरण** |
| कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७९/०१/१२ मा दर्ता नं. २८९९१४/७८/०७९ कायम भई दर्ता रहेको सर्लाही जिल्ला, ब्रम्हपुरी गा.पा. वडा नं. ०६ स्थित रजिष्टर्ड कार्यालय रहेको **जानकी मत्स्य फर्म प्रा.लि** ।<br>**संचालकहरू -**<br>**१. चिन्ता साह**<br>**२. उदय कुमार साह** | १. **उदय कुमार साह**को नाममा मालपोत कार्यालय, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, बग्दह गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. १००४, १००६ र १००८ को क्षे.फ. क्रमशः,०-०-१४, ०-०-१९ र ०-१-१४ (बि.क.धु) र ऐ.ऐ. सेखौना गा.वि.स. वडा नं ३ स्थित कित्ता नं. ३६२ र ३७२ को क्षे.फ. क्रमशः, ०-४-० र ०-२-१५ (बि.क.धु) र ऐ.ऐ सेखौना गा.वि.स. वडा नं १ख स्थित कित्ता न ६५३ को क्षे.फ. ०-९-१४ (बि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।<br>२. **राम भरौख देवी**को नाममा मालपोत कार्यालय, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, रामवन गा.वि.स., वडा नं. ९ स्थित कित्ता नं. ६७, १६६, १६७, २३ र २५ को क्षे.फ. क्रमशः ०-६-११, ०-३-१८, ०-०-१४, ०-१-१५ र ०-१-१० (बि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।<br>३. ऋणी **जानकी मत्स्य फर्म प्रा.लि.**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक । |
| **व्यक्तिगत जमानीकर्ताहरूको विवरण** | |
| १. **चिन्ता साह**<br>ना.प्र.नं.- ९१११२८१६<br>जारी मिति - २०५५/०६/०१ जि.प्र.का. सर्लाही<br>बाबु - राम पुकार साह तेली<br>बाजे - मुखलाल साह<br>पति - उदय कुमार साह<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, गोडैता न.पा., वडा नं. ०९<br>हालको ठेगाना- सर्लाही जिल्ला, ब्रहमपुरी गा.पा. वडा नं ०६<br>२. **राम भरौख देवी**<br>ना.प्र.नं.- ०४५९१९६१<br>जारी मिति - २०४४/१२/०७, जि.प्र.का. सर्लाही<br>बाबु - पुनित साह तेली<br>बाजे - निरसु साह<br>पति- राम बाबु साह तेली<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, गोडैता न.पा., वडा नं. ०९<br>हालको ठेगाना- सर्लाही जिल्ला, ब्रहमपुरी गा.पा., वडा नं. ०६ | ३. **उदय कुमार साह**<br>ना.प्र.नं.- ०४५९२४७७<br>जारी मिति - २०५२/०४/२३, जि.प्र.का. सर्लाही<br>बाबु - राम बाबु साह<br>बाजे - जानकी साह<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, बग्दह गा.वि.स., वडा नं. ०४<br>हालको ठेगाना- सर्लाही जिल्ला, ब्रहमपुरी गा.पा., वडा नं. ०६<br>४. **राम बाबु साह तेली**<br>ना.प्र.नं.- ०४५९१९६०<br>जारी मिति - २०५६/०५/०७, जि.प्र.का. सर्लाही<br>बाबु - जानकी साह<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, बग्दह गा.वि.स., वडा नं. ०४<br>हालको ठेगाना- सर्लाही जिल्ला, ब्रहमपुरी गा.पा., वडा नं. ०६ |
| **बिरगंज शाखा** | |
| **१. ऋणीको विवरण** | **धितो सुरक्षणको विवरण** |
| नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय पर्सा विरगंजमा मिति २०६६/१२/२८ मा दर्ता न: ४८९६/०६६/६७ कायम रहि पर्सा जिल्ला, बिश्रामपुर गा वि स वडा नं. २ स्थित रजिष्टर्ड कार्यालय रहेको **रौनक इट्टा उधोग ।** | १. **सुकेश प्रसाद कुर्मि**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, रामगढवा वडा नं. ४ स्थित कित्ता नं. १७८, १८० र १५४ को क्षे.फ. क्रमशः २७०, ५२५ र ४५० (ब.मि) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । |
| **व्यक्तिगत जमानीकर्ताहरूको विवरण** | |
| १. **सुकेश प्रसाद कुर्मि**<br>ना.प्र.नं.- ७६९५१६०६<br>जारी मिति - २०५३/११/३०, जि.प्र.का. पर्सा<br>बाबु - सिहांसन राउत कुर्मि<br>आमा - गौदामा देवी<br>बाजे - मखन राउत कुर्मि<br>स्थायी ठेगाना- पर्सा जिल्ला, रामगढवा गा.वि.स/न.पा वडा नं. ०६, | २. **सुमित्रा देवी**<br>ना.प्र.नं.- ३४३०६६/८<br>जारी मिति - २०६३/११/११, जि.प्र.का. पर्सा<br>बाबु - बासुदेव राउत कुर्मी<br>बाजे - दुखी राउत कुर्मि<br>पति - सुकेश प्रसाद कुर्मि<br>स्थायी ठेगाना- पर्सा जिल्ला, बिरगंज गा.वि.स/न.पा वडा नं.१४, |

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१


# पथलैयामा राजस्व चुहावटका घटना बढे

वीरगञ्ज (पर्सा) । पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयले राजस्व चुहावटका घटना बढेको बताएको छ । कार्यालयले चालू आर्थिक वर्षको ६ महीनामा रू. ६८ करोड ७३ लाख मागदाबीसहित राजस्व चुहावटसँग सम्बन्धित आठओटा मुद्दा दर्ता गरेको छ । कार्यालयले गत आर्थिक वर्षको सोही अवधिमा रू. ५४ लाख मागदाबीसहित राजस्व चुहावटसँग सम्बन्धित एउटा मुद्दा दर्ता गरेको थियो । उक्त कार्यालयका प्रमुख अनुसन्धान अधिकृत हरिप्रसाद शर्माले गत आवको ६ महीनाको तुलनामा चालू आवको सोही अवधिमा राजस्व चुहावटसम्बन्धी मागदाबी रकम र मुद्दा संख्या उल्लेखनीय रूपमा वृद्धि भएको बताए ।

कार्यालयले चालू आवको ६ महीनामा चुहावट धरौटी रकम रू. दुई करोड ९८ लाख संकलन गरेको छ । गत आवको सोही अवधिमा रू. एक करोड ५२ लाख धरौटी राज्य कोषमा दाखिला भएको थियो । साथै गत आवको ६ महीनाको तुलनामा चालू आवको सोही अवधिमा भिसिटीएस जरीवाना रकम पनि रू. १२ लाख ४३ हजारभन्दा बढी संकलन भएको छ । *रासस*

# एनआईसी एशिया लघुवित्तको सञ्चालकमा लक्ष्मण चालिसे



काठमाडौं (अस) । एनआईसी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालकमा लक्ष्मण चालिसे नियुक्त भएका छन् । चालिसेलाई लघुवित्तको संस्थापक समूहमा एनआईसी एशिया बैंकले आफ्नो प्रतिनिधि सञ्चालक मनोनयन गरी पठाएको थियो ।

लघुवित्त सञ्चालक समितिको माघ २३ गते बसेको बैठकको निर्णयले उक्त सञ्चालक पदको बाँकी रहेको कार्यकाल सम्मकोलागि चालिसेको नियुक्ति गरिएको बताइएको छ । उक्त पदमा यसअघि दिपेन कार्की रहेका थिए । नव नियुक्त सञ्चालक चालिसेले संस्थाका अध्यक्ष प्रकाशराज शर्मा समक्ष शपथ ग्रहण लिई पदमा बहाल भएका हुन् ।

बैंकिङ क्षेत्रमा २० वर्षदेखि कार्यरत रहेका चालिसे हाल एनआईसी एशिया बैंकमा सहायक महाप्रबन्धक भई पर्फमेन्स् एसुरेन्स इकोसिस्टमका प्रमुखको रूपमा कार्यरत थिए । विगतमा लघुवित्त संस्थाको प्रमुख कार्यकारी अधिकृतको समेत अनुभव रहेका उनीबाट संस्थाले लिएको लक्ष्य हासिल गरी संस्थालाई लघुवित्त वित्तीय संस्था माझ अग्रणी, सबल तथा सशक्त लघुवित्त संस्थाको रूपमा स्थापित गराउन थप सहयोग पुग्ने संस्थाको विश्वास रहेको छ ।

# नेपालमा पहिलो पटक अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण गरिँदै

काठमाडौं । सरकारले नेपालमा पहिलो पटक अभौतिक सांस्कृतिक सम्पदाको सूचीकरणका लागि आवश्यक प्रक्रिया अघि बढाएको छ । यसरी सूचीकरणको प्रक्रिया थालिएको यो पहिलो हो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले कार्यविधि नै जारी गरी ती सांस्कृतिक सम्पदाको सूचीकरणका लागि काम थालेको हो । अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी ऐन नभएकाले ऐन निर्माण प्रक्रिया पनि थालिएको छ ।

मन्त्रालयका सांस्कृतिक महाशाखा प्रमुख डा. सुरेश सुरज श्रेष्ठले पहिलो पटक सूचीकरणका लागि आवेदन आह्वान गरिसकेको जानकारी दिए । उनले यो युनेस्कोमा लैजानका लागि पहिलो प्रयास पनि भएको बताए । युनेस्कोको सन् २००३ को 'कन्भेन्सन' अनुसार यस्ता सम्पादन सूचीकरण हुनुपर्छ । नेपालले अहिलेसम्म अभौतिक सम्पदाको सूचीकरण गर्न सकेको छैन । विश्व सम्पदा सूचीमा भौतिक सम्पदामात्र सूचीकरण छन् ।

श्रेष्ठले भने, 'उता गर्न नसके पनि नेपालमा गरौं, यसले युनेस्कोमा लैजानका लागि महत्त्वपूर्ण आधार हुन्छ भन्ने भएर यसलाई अघि बढाइएको हो, यो त्यसका लागि प्रारम्भिक अभ्यास हो ।' अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि २०८१ जारी गरी मन्त्रालयको सांस्कृतिक महाशाखाले सूचीकरणका लागि आवेदन आह्वान गरिरहेको छ । आवेदन दिने मिति भने २०८२ वैशाख मसान्तसम्मको समयसीमा तोकिएको छ ।

कार्यविधिमा अभौतिक सांस्कृतिक सम्पदा भन्नाले नेपालमा परम्परागत रूपमा बसोबास गर्दै आएका जातीय समुदायका एक पुस्ताबाट अर्को पुस्तामा पुस्तान्तरण हुँदै र अभ्यास हुँदै आएका मौखिक परम्परा तथा अभिव्यक्ति, अभिनय तथा मञ्चन कला, सामाजिक व्यवहार अनुष्ठान, जात्रा पर्व, प्रकृति एवं ब्रमाण्डसम्बन्धीका ज्ञान हो भनिएको छ ।

यस्तै परम्परागत कला कौशल, उत्पादन गर्ने शीप र प्रविधि, परम्परागत खेल, खाद्य परिकारका शीप, पहिरनलगायत आभूषणसम्बन्धी ज्ञान, सम्पदा अभ्यास कार्यान्वयन तथा अभ्यास गर्ने स्थल र स्मरणमा रहेका, तर अभ्यासमा नरहेका अमूर्त सांस्कृतिक सम्पदालाई अभौतिक सांस्कृति सम्पदामा समावेश गरिएको छ ।

मुख्यगरी यस्ता सम्पदाबारे जनमानसमा सूचीत गराई संरक्षण र विकास गर्ने, सम्बद्ध व्यक्ति, समूह वा समुदायको सम्पदाप्रतिको सम्मान सुनिश्चित गर्न तथा अभिलेख राख्न राष्ट्रिय सूचीमा सूचीकरण गर्ने, सूचीकरणका लागि उत्प्रेरित गर्ने र सूचीकरणपश्चात् त्यस्ता सम्पदाको संरक्षण तथा व्यवस्थापनमा प्रोत्साहन गराउने उद्देश्य रहेको छ ।

संघीय मन्त्रालयका साथै यस्ता सम्पदाको स्थानीय र प्रदेश मन्त्रालयले पनि आफ्नो क्षेत्रभित्रमा सूचीकरण गर्न सक्ने कर्याविधिमा उल्लेख छ । यसरी सूचीकरणका लागि सम्बन्धित समुदायको पहिचानसँग सम्बन्धित हुनुपर्ने, व्यक्ति, समूह र समुदायको सहमति हुनुपर्ने, उनीहरूको जीवनको महत्त्वपूर्ण अंग भएको हुनुपर्ने, निरन्तर अभ्यास हुँदै आएको र पुस्तान्तरणको प्रतिबद्धता व्यक्त गरिएको तथा सम्पदामाथि गम्भीर खतरा आइपरेको र तत्काल संरक्षण नगरी नहुने अवस्था रहेको एवं सम्बद्ध व्यक्ति, समुदाय र पक्षले प्रयास गर्दागर्दै पनि गम्भीर जोखिमा परी तत्कालै संरक्षण गर्नुपर्ने अवस्थाको हुनुपर्नेछ । *रासस*



तस्वीर : रासस

**संखुवासभाको मादी नगरपालिका–४ स्थित देव ढुंगामा जोहो गरेर राखेको मकैको थांग्रो । पछिल्लो समय मकैको थांग्रो लगाउने प्रचलन लोप हुँदै गएको छ ।**

# आजदेखि चितवनमा प्रथम डेरी एक्स्पो

**अभियान संवाददाता**

चितवन

प्रथम राष्ट्रिय डेरी एक्स्पो २०८१ आज (शुक्रवार)देखि चितवनको भरतपुरमा शुरू हुँदै छ । दूधको बजारीकरण र विविधीकरणलाई प्राथमिकता दिने उद्देश्यसहित एक्स्पो गर्न लागिएको बताइएको छ । चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघ लिमिटेड र चितवन उद्योग संघको संयुक्त आयोजनामा हुन लागेको एक्स्पोको उद्घाटन कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले गर्दै छन् ।

एक्स्पोले दुग्ध क्षेत्रको बृहत् विकासका लागि साझा मञ्च प्रदान गर्ने, नयाँ प्रविधि तथा नवप्रवर्द्धन र बजार विस्तार तथा ब्राण्ड प्रवर्द्धनमा मद्दत पुग्ने संघका अध्यक्ष किशोर बगालेले बताए । एक्स्पोमा दूध र डेरी उत्पादन सम्बन्धी उपकरण मेसिन, यन्त्र लगायतका प्रविधिहरू प्रदर्शन गरिने बगालेले बताए । 'हामीले डेरी उत्पादनमा नवीनतम प्रविधि गरी यो क्षेत्र थप व्यावसायिक बनाउन एक्स्पो गर्न लागेका हौं,' बगालेले भने, 'यसले समग्र कृषक तथा व्यवसायीलाई पनि टेवा पुग्नेछ ।' एक्स्पोमा डेरीका उपकरण, डेरी उत्पादन, बीमा तथा वित्तीय संस्थाका तथा केही विदेशी स्टलहरू गरी ५२ ओटा स्टल रहने उनले जानकारी दिए ।

**एक्स्पोमा यसक्षेत्रका सरोकारवाला, व्यवसायी एवं किसानबीच किसानका भुक्तानी, उत्पादन र बजारीकरण विषयमा अन्तरक्रिया हुने बताइएको छ ।**

चितवन उद्योग संघका कार्यवाहक अध्यक्ष मदन घिमिरेले एक्स्पोले दूध उत्पादन क्षेत्रको बजारीकरण विविधीकरणमा सहयोग गर्न डेरी एक्स्पोको आयोजना गरिएको बताए । 'डेरी एक्स्पोले दुग्ध किसान तथा डेरी प्रडक्टको पनि प्रवर्द्धन पुग्छ र किसानलाई पनि व्यावसायिकीकरणमा टेवा पुग्छ,' उनले भने । एक्स्पोले चितवनको आर्थिक गतिविधि समेत चलायमान हुने घिमिरेको भनाइ छ ।

एक्स्पोमा यसक्षेत्रका सरोकारवाला, व्यवसायी एवं किसानबीच किसानका भुक्तानी, उत्पादन र बजारीकरण विषयमा अन्तरक्रिया हुने बताइएको छ । एक्स्पोमा दुग्ध सहकारीबीच हाजिरीजवाफ प्रतियोगिता समेत हुने बगालेले जानकारी दिए । माघ २७ गतेसम्म चल्ने एक्स्पोमा २१ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । एक्स्पोमा ५० हजार जनाले अवलोकन गर्ने आयोजकको अपेक्षा छ ।

# विराटनगरको सडक सौन्दर्यका लागि सिद्धार्थ बैंकको सहयोग




विराटनगर (अस) । सामाजिक उत्तरदायित्वअन्तर्गत सिद्धार्थ बैंकले बरगाछी-रानी सडक सौन्दर्य परियोजनाका लागि विराटनगर महानगर पालिकालाई पहिलो चरणमा १ लाख रुपैयाँ हस्तान्तरण गरेको छ । महानगरको सौन्दर्यका लागि बैंकले २ लाख रुपैयाँ उपलब्ध गराउने बताएको छ ।

महानगरका मेयर नागेश कोइरालालाई बैंकका प्रदेश प्रमुख कमल बस्नेत, विराटनगर शाखा प्रमुख सूर्यप्रसाद शर्मा, बजार व्यवस्थापक समीक्षा पोखरेलले चेक हस्तान्तरण गरेका थिए । चेक हस्तान्तरण कार्यक्रममा महानगर-१७ का अध्यक्ष समिम कमर, निमित्त प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद ढुंगेल समेतको उपस्थिति थियो ।

विराटनगरमा ३ सहित कोशी प्रदेशमा सिद्धार्थ बैंकका ३० शाखा छन् । महानगरले विराटनगरलाई सफा, सुन्दर, उज्यालो, व्यवस्थित र विकसित बनाउने अभियानअन्तर्गत बरगाछी-रानी सडक सौन्दर्य परियोजना अगाडि बढाएको बताइएको छ । सो परियोजना सम्पन्न गर्न ५५ लाख रुपैयाँ लागत अनुमान गरिएको छ । हालसम्म विभिन्न बैंकमार्फत २९ लाख ५० हजार रुपैयाँ प्राप्त भइसकेको परियोजनाका लागि सहजीकरण गरिरहेका पुनमकुमार दाहालले जानकारी दिए ।

## सहकारी ठगी प्रकरण
# लामिछानेलाई ५४ लाख धरौटी माग



चितवन । जिल्ला अदालत चितवनले साहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको रकम हिनामिना गरेको अभियोगमा पूर्वगृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेको मुद्दामा रू. ५४ लाख धरौटी माग गर्ने आदेश गरेको छ ।

जिल्ला न्यायाधीश दयाराम ढकालको इजलासले प्रतिवादी लामिछानेलाई मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६८ अनुसार सो रकम बराबरको धरौटी माग गर्ने आदेश गरेको हो । आदेशमा भनिएको छ, 'माग भएको धरौटी वा जमानत वा बैंक जमानत दिए निज प्रतिवादीलाई तारेखमा राख्नू । सो दिन नसके कानून बमोजिम थुनामा राख्न सम्बन्धित कारागार कार्यालयमा पठाइदिनू ।'

त्यसैगरी आदेशमा प्रतिवादी रवि लामिछानेले अदालतमा बयान गर्दा आफू गोर्खा मिडिया नेटवर्कको प्रबन्ध निर्देशक रहेको, सो कम्पनीमा आफ्नो शेयर रहेको विषयलाई अन्यथा नभनेको, निजले प्रबन्ध निर्देशकको हैसियतबाट चेकमा हस्ताक्षर गरेको भन्ने तथ्यलाई स्वीकार गरेको उल्लेख छ ।

दुई दिनसम्म चलेको थुनछेक बहसपछि बिहीवार आदेश भएको हो । सरकारका तर्फबाट उपस्थित जिल्ला न्यायाधिवक्ताहरू रवि न्यौपाने, शम्भुकुमार बस्नेत, दशरथ पंगेनी, भोलानाथ निरौला, सहायक जिल्ला न्यायाधिवक्ताहरू बुद्धबहादुर थापा र अमृत सुवेदीले बहस गरेका थिए ।

त्यसैगरी जाहेरवालाहरूका तर्फबाट वरिष्ठ अधिवक्ताहरू डा. सुरेन्द्र भण्डारी, दिनेश त्रिपाठी र राजकुमार श्रेष्ठ, अधिवक्ताहरू गोपीलाल देवकोटा, रमेश काफ्ले, रामचन्द्र गौतम र सुनिता अधिकारीले बहस गरेका थिए ।

प्रतिवादी लामिछानेका तर्फबाट वरिष्ठ अधिवक्ताहरू सुशीलकुमार पन्त, जगन्नाथ पौडेल, धर्मराज आचार्य र सुरेन्द्रबहादुर थापा, अधिवक्ताहरू रामचन्द्र देवकोटा र डा. नारायणदत्त कँडेलले बहस गरेका थिए । जिल्ला सरकारी वकिल कार्यालय चितवनले गत मंगलवार रविसहित १५ जना विरुद्ध मुद्दा दर्ता गराएको थियो । साहारा सहकारीबाट रकम गएका पाँच कम्पनीमा गोर्खा मिडिया नेटवर्क प्रालि, नेचर हर्ब्स इन्टरनेशनल प्रालि, जिबी ग्रुप अफ कम्पनी, स्प्रिङ उड स्टेट हाउजिङ प्रालि र नेचर नेष्ट प्रालि रहेका जिल्ला अदालतका सूचना अधिकारी अमृत विश्वकर्माले जानकारी दिए ।

मुद्दा दायर भएका कूल ३२ जनामध्ये १२ जना विरुद्ध ठगी र संगठित अपराधमा र २० जनालाई ठगीमा मुद्दा दर्ता गरिएको छ । हाल जाहरी परेको रकम रू. ३८ करोड नौ लाख ७९ हजार एक सय ७७ क्षतिपूर्ति भराउन माग दाबी गरिएको सूचना अधिकारी विश्वकर्माले बताए । *रासस*


# तपसिलमा उल्लेखित क्रेडिट कार्ड होल्डरहरुको नाममा जारी ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सुचना

**(प्रकाशित मिति : २०८१/१०/२५)**

तपसिलमा उल्लेखित क्रेडिट कार्ड होल्डरहरुले यस बैंकबाट प्राप्त गरेको क्रेडिट कार्ड उपयोग गरेवापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज आदी रकम तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तारताकेता गर्दा समेत नतिरी बैंकमा सम्पर्क समेत नगर्नु भएको हुादा निज कार्ड होल्डरहरुको नाममा बक्यौता रकम यथाशिघ्र चुक्ता भुक्तान गर्नुहुन यो सुचना जारी गरिएकोछ ।
अतः यो सुचना प्रकाशित भएको मितिले **३५ (पैतिस)** दिनभित्र यस बैंकको कर्जा असुली विभागमा सम्पर्क राखि प्राप्त सुविधा वापत बैंकलाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज आदी अभिलम्ब चुक्ता भुक्तान गर्नुहोला । अन्यथा, तपाईहरुको नाम बैंक नियम अनुसार **कालो सुची**मा सुचिकृत गरि तथा अन्य आवश्यक कानुनी कारवाही गरि बैंकको लेना रकम असुल उपर गरिनेछ ।

| | | | |
|---|---|---|---|
| १. नामः पंकज कुमार झा<br>बाबुः हृदयनारायण झा<br>बाजेः महेश झा<br>नागरिकता नं.: ०६१००५/१५०८९७ -सुनसरी<br>स्थायी ठेगानाः इटहरी-०७, सुनसरी<br>कार्यालयको नामः एनएमबि बैंक लि. | २. नामः श्याम कुमार वुढाथोकी<br>बाबुः मान बहाढुर वुढाथोकी<br>बाजेः बिर्ख बहाढुर वुढाथोकी<br>नागरिकता नं. ४८८२१-दोलखा<br>स्थायी ठेगानाः सुनखानी-०५, दोलखा<br>कार्यालयको नामः जमबुदिप कन्स्ट्रक्सन प्रा.लि. वसुन्धारा- काठमाण्डौ | ३. नामः श्याम बाबु प्रसाद साह<br>बाबुः बुन्नावन साह कानु<br>आमाः मनमति देवी कानु<br>बाजेः सोब्रान साह कानु<br>पत्नीः ललिता देवी कानु<br>नागरिकता नं. १२५७/१६९२/२२१४ -बारा<br>स्थायी ठेगानाः लक्ष्मीपुर कोतवाली- ०४, बारा<br>कार्यालयको नामः चंचल जेनरल स्टोर,कोतवाली-०८, बारा | ४. नामः प्रेम बहादुर वाईवा<br>बाबुः अकल बहादुर वाईवा<br>बाजेः बिरे लाल वाईवा<br>पतीः चम्फा वाईवा<br>नागरिकता नं. २११६-मकवानपुर<br>स्थायी ठेगानाः हटिया-०३, मकवानपुर<br>कार्यालयको नामः ए.पि.एफ. ट्रेड एण्ड सप्लायर्स, हेटौडा-१७, मकवानपुर |
| ५. नामः निमेष रत्न तुलाधर<br>बाबुः दान रत्न तुलाधर<br>बाजेः मंजु रत्न तुलाधर<br>पत्नीः अनु मानन्धर<br>नागरिकता नं.: १६०३२११६२ -पर्सा<br>स्थायी ठेगानाः वीरगंज-१३, पर्सा<br>कार्यालयको नामः क्वेस्ट फार्मासिटिकल्स् प्रा.लि., आर्दशनगर, पर्सा | ६. नामः सुनिल विश्वकर्मा<br>बाबुः कृष्ण बहादुर सुनार<br>बाजेः भिम बहादुर सुनार<br>नागरिकता नं. ३५-०१-७०-०१५७४- चितवन<br>स्थायी ठेगानाः पिप्ले-०७, चितवन<br>कार्यालयको नामः सुनिल मेटल इनटरप्राईजेज, कलंकी-१४, काठमाण्डौ | ७. नामः विपेश शंकर रंजित<br>बाबुः विनोद शंकर रंजित<br>बाजेः सन्त लाल रंजित<br>पत्नीः बबिता श्रेष्ठ<br>नागरिकता नं. ७७८३- काठमाण्डौ<br>स्थायी ठेगानाः काठमाण्डौ-२० ,काठमाण्डौ<br>कार्यालयको नामः सायमी ट्रेड लिंक प्रा.लि.-कुलेशवर-१४, काठमाण्डौ | ८. नामः अरबिन्द कुमार झा<br>बाबुः लक्ष्मी कान्त झा<br>आमाः शान्ती देवी झा<br>बाजेः भोला झा<br>पत्नीः ममता झा<br>नागरिकता नं. ६३८२१-वीरगंज<br>स्थायी ठेगानाः सिसौटिया-०१, सर्लाही<br>कार्यालयको नामः एके होलिडेज टुर्स एण्ड ट्रेक्स प्रा.लि, कमलपोखरी, काठमाण्डौ |
| ९.नामः बिकास बिष्ट<br>बाबुः बालकृष्ण बिष्ट<br>आमाः निर्मला बिष्ट<br>बाजेः भत्त बहादुर बिष्ट<br>पत्नीः शोभिता खड्का<br>नागरिकता नं.: ११९९२- काठमाण्डौं<br>स्थायी ठेगानाः सितापाईला-०३, काठमाण्डौं<br>कार्यालयको नामः नेपटेक टेली सोलुसन्स् प्रा.ली.- बबरमहल, काठमाडौं | १०. नामः बिरबहादुर गुभाजु<br>बाबुः न्हुछ गुभाजु<br>बाजेः सूर्य मान गुभाजु<br>पत्नीः रिता गुभाजु<br>नागरिकतानं.: ४४७३८- धादिङ्<br>स्थायी ठेगानाः नेत्रावती-०५, धादिङ्<br>कार्यालयको नामः डियर वाक ग्रुप ली.-चावहिल, काठमाडौं | ११. नामः कृष्ण कुमारी कुँवर<br>बाबुः रत्नमान कुँवर<br>बाजेः टिकाराम कुँवर<br>पतीः हंस वहादुर कुँवर<br>नागरिकता नं.: ३६७२/५९७-बाग्लुङ<br>स्थायी ठेगानाः पैयुपाटा-०२, बाग्लुङ | १२. नामः मुकुन्द हमाल<br>बाबुः नारायण हमाल ठकुरी<br>आमाः सरस्वती हमाल ठकुरी<br>बाजेः शिव नाथ रेग्मी<br>नागरिकता नं.: २८-०१-०६८-०५७५७- ललितपुर<br>स्थायी ठेगानाः बुढाथुम-०४, धादिङ्ग<br>कार्यालयको नामः टेलीसेल प्रा.लि. बालुवाटार-४, काठमाडौं |
| १३. नामः कामना खडका<br>बाबुः केदारमान सिंह खडका<br>आमाः पार्वती खडका<br>बाजेः खड्ग बहादुर खडका<br>नागरिकता नं.: १४१४१०४१/१०४७१३ - उदयपुर<br>स्थायी ठेगानाः सोरुङ्गछबिसे-०५, उदयपुर<br>कार्यालयको नामः काया बुटिक, जावलाखेल-०३, ललितपुर | १४. नामः सुनिल कुमार गुप्ता<br>बाबुः रामेश्वर साह कलवार<br>आमाः रितु देवी<br>बाजेः लक्ष्मण साह कलवार<br>नागरिकता नं. ८८७८२५६०-पर्सा<br>स्थायी ठेगानाः वीरगंज-२८, पर्सा<br>कार्यालयको नामः एस.इस्क्वायर कनस्ट्रकसन एन्ड सप्लायर्स प्रा.लि., जितपुर सिमरा-७, बारा | १५. नामः सविन श्रेष्ठ<br>बाबुः लक्ष्मण श्रेष्ठ<br>आमाः लक्ष्मी श्रेष्ठ<br>बाजेः पति लाल बल्ल<br>नागरिकता नं. १४३३६ - काठमाण्डौ<br>स्थायी ठेगानाः काठमाण्डौ-१५, काठमाण्डौ<br>कार्यालयको नामः टुरिष्ट पार्क टुर्स एण्ड ट्राभल्स प्रा.लि. नयाँबजार-१६, काठमाण्डौ | १६. नामः अनिस राजभण्डारी<br>बाबुः श्याम राजभण्डारी<br>बाजेः निर बहादुर राजभण्डारी<br>नागरिकता नं.: २५-०१-७१-०३५०७- नुवाकोट<br>स्थायी ठेगानाः नर्जामण्डप-०२, नुवाकोट<br>कार्यालयको नामः राजभण्डारी इन्टरप्राईजेज-पञ्चकन्या-०२, नुवाकोट |
| १७. नामः शिशिर पौडेल<br>बाबुः विपिन पौडेल<br>आमाः राधा न्यौपाने<br>बाजेः जिवन राज पौडेल<br>पत्नीः प्रतिक्षा ढकाल<br>नागरिकता नं.०४१००३/११४४- ललितपुर<br>स्थायी ठेगानाः महालक्ष्मी- ०५, ललितपुर | १८. नामः सन्दिप तामाङ<br>बाबुः धुर्व तामाङ<br>बाजेः कार्पु तामाङ<br>नागरिकता नं. २४-०१-७१-०३३९१- सिन्धुपाल्चोक<br>स्थायी ठेगानाः साँगाचोक-०८, सिन्धुपाल्चोक<br>कार्यालयको नामः शिखरदीप एग्रो प्रा.लि.- चावहिल, काठमाण्डौ | १९. नामः श्रुती तामाङ<br>बाबुः दल बहादुर तामाङ<br>बाजेः माइत तामाङ<br>नागरिकता नं. ०३-०१-७४-०३७४५ - इलाम<br>स्थायी ठेगानाः इलाम-०८, इलाम<br>कार्यालयको नामः यावा एसेसरीज एण्ड रिपेयर सेन्टर-इलाम | २०. नामः विवेक पाण्डे<br>बाबुः कमल राज पाण्डे<br>आमाः सुरञ्जना पाण्डे<br>बाजेः उदय राज पाण्डे<br>नागरिकता नं.:३७-०१-७२-०२८८४- रुपन्देही<br>स्थायी ठेगानाः सिद्धार्थनगर-११, रुपन्देही<br>कार्यालयको नामः न्यु पाण्डेय ट्रेडर्स-पिपरहिया-११, सिद्धार्थनगर, रुपन्देही |
| २१. नामः रुपेश विश्वकर्मा<br>बाबु : सानु भाई विश्वकर्मा<br>आमाः रुकु विश्वकर्मा<br>बाजेः कान्छा विश्वकर्मा<br>नागरिकता नं.२८-०१-०६५-०१२८०-ललितपुर<br>स्थायी ठेगानाः छम्पी-०२, ललितपुर | २२. नामः महेश विश्वकर्मा<br>बाबुः अर्जुन विश्वकर्मा<br>आमाः कोपिला विश्वकर्मा<br>बाजेः डल्ले विश्वकर्मा<br>पत्नीः जुनी कुमारी विश्वकर्मा<br>नागरिकता नं.: १४-०१-७३-०२४४३ - उदयपुर<br>स्थायी ठेगानाः त्रियुगा-१३, उदयपुर<br>कार्यालयको नामः नेपाल इन्भेस्टमेन्ट मोगा बैंक लि. | २३. नामः पुजा प्रसाई<br>बाबुः खड्ग प्रसाद प्रसाई<br>बाजेः जयनारायण प्रसाई<br>नागरिकता नं.: ०४२०४७/१३६६ - झापा<br>स्थायी ठेगानाः जुरोपानी-०५, झापा<br>कार्यालयको नामः आईडिपिएल इन्टरनेशनल डिष्ट्रिवियुटर्स प्रा.लि.- थापाथली-११, काठमाडौं | २४. नामः राजकुमार थापा<br>बाबुः धनबहादुर थापा<br>आमाः धनमाया थापा<br>बाजेः सबिर बहादुर थापा<br>पत्नीः कल्पना थापा<br>नागरिकता नं.: २११०१७/२३६४३-रामेछाप<br>स्थायी ठेगानाः रामेछाप-०३, रामेछाप<br>कार्यालयको नामः पञ्चकन्या रेडिमिक्स कनक्रिट प्रा.लि. - ललितपुर |
| २५. नामः रामचन्द्र ओझा<br>बाबुः झंक बहादुर ओझा<br>बाजेः मत बहादुर ओझा<br>पत्नीः सान्ता ओझा अर्जेल<br>नागरिकता नं.: ६५३५६/२६०/०४४- नुवाकोट<br>स्थायी ठेगानाः कल्याणपुर-०७, नुवाकोट<br>कार्यालयको नामः बाथ पोइन्ट सेन्टर प्रा.लि.- टोखा-११, काठमाण्डौ | २६. नामः रमेश अधिकारी<br>बाबुः चिरञ्जिवी अधिकारी<br>आमाः इन्द्र कुमारी अधिकारी<br>बाजेः खोमे नाथ अधिकारी<br>नागरिकता नं.: २४५२/०६२- चितवन<br>स्थायी ठेगानाः दारेचोक -०७, चितवन<br>कार्यालयको नामः रिसिक ट्रेडिङ कन्सर्न प्रा.लि.- नागर्जुन-२, काठमाडौं | २७. नामः रमेश महर्जन<br>बाबुः अष्टलाल महर्जन<br>बाजेः कृष्ण विर महर्जन<br>पत्नीः रिता महर्जन<br>नागरिकता नं.: ३/२५५१/०४५/४६-ललितपुर<br>स्थायी ठेगानाः ललितपुर-१६, ललितपुर | २८. नामः सन्तोष खडका<br>बाबुः बम बहादुर खडका<br>आमाः बाल कुमारी बुढा (खडका)<br>बाजेः फट्ट बहादुर खडका<br>पत्नीः तुलसा खडका<br>नागरिकता नं. १३-०१-७२-०२२४६- ओखलढुङ्गा<br>स्थायी ठेगानाः रगनी-०६, ओखलढुङ्गा<br>कार्यालयको नामः भायानेट कम्युनिकेशन लि. |
| २९. नामः बसिकुर रहमान<br>बाबुः महमद मुस्तफा<br>बाजेः अब्बास मिया<br>नागरिकता नं.: ०५-०१-६८-००५५०- मोरङ्ग<br>स्थायी ठेगानाः नोचा-०५, मोरङ्ग<br>कार्यालयको नामः रकेट कन्ट्रयाक्टीङ् डव्लु.एल.एल- दोहा | ३०. नामः जैदिप चौधरी<br>बाबुः तेज नारायण चौधरी<br>बाजेः मनी लाल चौधरी<br>पत्नीः सवित्रा लुइटेल<br>नागरिकता नं.: ०६३०३४/४७५४ -सुनसरी<br>स्थायी ठेगानाः भादगाउासिनुवारी-०२, सुनसरी<br>कार्यालयको नामः जेशिका फुड प्रोडक्टस् प्रा.ली., काठमाडौं | ३१. नामः जाकिर हुसेन<br>बाबुः रब्बुल हुसेन<br>आमाः निशा खातुन<br>बाजेः कैरुल्ला हुसेन<br>पत्नीः प्रेलता रजिंत<br>नागरिकता नं.:३७३०२३/२५५९ -रुपन्देही<br>स्थायी ठेगानाः सिद्दार्थनगर-०८, रुपन्देही<br>कार्यालयको नामः एस.आर. कुर्ता प्यालेस- तालचोक-२७, पोखरा | ३२. नामः कृष्णा कुमार मण्डल<br>बाबुः सिकिन्दर मण्डल<br>आमाः द्रोपती देवी मण्डल<br>बाजेः हरीबंश मण्डल<br>नागरिकता नं.: १७३०८७/८१-धनुषा<br>स्थायी ठेगानाः शान्तिपुर-०३, धनुषा<br>कार्यालयको नामः जोगमाया अटो इन्टरप्राइजेज प्रा.ली.- चिरेश्वरनाथ-०५, धनुषा |

| | | | | |
|---|---|---|---|---|
| ३३. नामः निरज चौधरी<br>बाबुः विनोद चौधरी<br>आमाः चन्द्रकला चौधरी<br>बाजेः गुलाब चौधरी<br>नागरिकता नं.: ०५-०१-७२-०००६६ - मोरङ्ग<br>स्थायी ठेगानाः विराटनगर-०६, मोरङ्ग<br>कार्यालयको नामः बिराट नर्सिङ्ग होम प्रा.लि.- विराटनगर | ३४. नामः निरचन्द्र भूजेल<br>बाबुः डिल बहादुर भूजेल<br>बाजेः कर्ण बहादुर भूजेल<br>पत्नीः सोना कुमारी थापा भूजेल<br>नागरिकता नं.: ३५३०३३/२९७- चितवन<br>स्थायी ठेगानाः दिव्यनगर-०९, चितवन<br>कार्यालयको नामः भुजेल इलेक्ट्रिक- भरतपुर-०३, चितवन | ३५. नामः राजेश कुमार मण्डल<br>बाबुः लाल किशोर मण्डल<br>बाजेः मिठु लाल मण्डल<br>नागरिकता नं.: १८१०४५/२६८ -महोत्तरी<br>स्थायी ठेगानाः गैढा भेटपुर-०७, महोत्तरी<br>कार्यालयको नामः च्छोरोल्पा जनरल अस्पताल प्रा.लि.- चरिकोट, डोलखा | ३६. नामः सनोज कुमार पटेल<br>बाबुः मोतीलाल प्रसाद<br>बाजेः जगं बहादुर राउत<br>नागरिकता नं. ३३१०८९/२३०१३- बारा<br>स्थायी ठेगानाः बहुअरी-०२, बारा<br>कार्यालयको नामः आकाश मेटल इन्डस्ट्रिज- वीरगंज बाईपास रोड, वीरगंज | ३७. नामः सुकमाया लिम्बु<br>बाबुः पुर्ण बहादुर लिम्बु<br>बाजेः जित बहादुर लिम्बु<br>पतीः कवि धोज राई<br>नागरिकता नं. ०१३९०२०/३३९५- ताप्लेजुङ्ग<br>स्थायी ठेगानाः सादेवा-०८, ताप्लेजुङ्ग<br>कार्यालयको नामः शरु ढाका उद्योग- नखिपोट-१४, ललितपुर |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

> यदि आर्थिक असमानतालाई नियन्त्रण गरिएन भने यसले आर्थिक र राजनीतिक अस्थिरता निम्त्याउँछ जसले वित्तीय संकट र मन्दीको जोखिम बढाउँछ ।
> **- थोमस पिकेटी**

सम्पादकीय

# कर्मकाण्डी मितव्ययिता मापदण्ड

**सार्वजनिक खर्चको स्रोत जुटाउन धौधौ हुन थालेपछि सरकारले खर्च कटौती गर्ने भन्दै सार्वजनिक खर्च मितव्ययितासम्बन्धी मापदण्ड ल्याएको छ । सार्वजनिक प्रशासनको आकार घटाउन साहसिक निर्णय गर्नुपर्नेमा सार्वजनिक खपतका लागि यस्तो मापदण्ड ल्याएर प्रचारको मौका मात्रै खोजेको हो कि भन्ने यसले देखाउँछ । खासमा मुलुक संघीयतामा गइसकेपछि संघीय सरकारको आकार सानो र चुस्त हुनुपर्ने हो । केन्द्रको कर्मचारी संयन्त्र र कर्मचारीहरू घटाउन तिनलाई प्रदेश र स्थानीय तहमा सिधै लैजान सक्नुपर्थ्यो । धमाधम कानून बनाएर त्यसरी कर्मचारीलाई स्थानान्तरण गरिदिएको भए त्यतिबेला विरोध पनि कम हुन सक्थ्यो तर सरकारले यसतर्फ ध्यान नदिँदा अब कर्मचारीकै विरोध भएर सरकारले काम गर्न नसक्ने अवस्थासमेत आइसकेको छ ।**

**सरकारले काम कसरी गर्नुपर्छ भन्नका लागि ट्रम्पको काम हेरे पुग्छ । उनको प्रशासनले लाखौं कर्मचारीलाई एकैपटक हटाउन लागेको छ । कर्मचारीलाई घरमै बस्न र विदेशमा जाने कर्मचारीलाई फिर्ता आउन इमेल गरिरहेको छ । अर्जेन्टिनाका राष्ट्रपति ह्याभियर मिलेईले पनि यसरी नै काम गरेर त्यहाँको बिग्रँदो अर्थतन्त्रलाई बिस्तारै सही बाटोमा ल्याउँदै छन् । नेपालले पनि त्यसै गरी काम गर्नु आवश्यक छ । तर, मितव्ययिताको मापदण्डमा सामान खरीदविक्री सम्बन्धी व्यवस्था गर्न सक्नेछ, भरसक, यथासम्भव यस्तो गरिनेछ जस्ता शब्दजाल मात्रै पाइन्छ । यति दिन वा महीनामा यो यो काम गरिन्छ, यति खर्च यो यो शीर्षकमा घटाइन्छ, यति कर्मचारी हट्छन् भनेर ठोस शब्द प्रयोग भएको छैन । यो काम गर्न हुने, यो गर्न नहुने भनेर स्पष्ट लक्ष्य र कार्यक्रम राखिनुपर्थ्यो । तर, अहिले लागू नहुने, झारा टार्ने खर्चकटौतीका कार्यक्रम ल्याइएका छन् । वास्तवमा सरकारी अपव्ययको रुख ढाल्नुपर्नेमा पात झार्ने कुरामात्रै गरिएको छ । कुनै नीति कार्यान्वयनयोग्य हुनुपर्ने, परिणाम देखिनुपर्ने र मूल्यांकन हुन सक्ने कार्यक्रम चाहिन्छ । कार्यान्वयनमा ल्याइएको मापदण्डमा कर्मचारीलाई दिँदै आएको बैठक भत्ता कटौतीदेखि पुराना सवारीसाधनको उपयोग, सरकारी कार्यालयमा स्वदेशी वस्तु प्रयोग गर्नेसम्मको नीति छ । मितव्ययिता नीतिअनुसार अब सरकारले कानूनबमोजिमबाहेक कुनै पनि प्रकारको प्रोत्साहन, अतिरिक्त समय काम गरेबापत, जोखिम, विशेषलगायत भत्ता दिने छैन । कानूनबमोजिम गठन भएको समिति वा कार्यदलका लागि कार्यालय समयअघि वा पछि काम गरेको अवस्थामा बैठक भत्ता भुक्तानी गर्न  पाइने छैन । कानूनबिना केही पनि काम नहुने भएकाले यस्ता शब्दाढम्बर प्रयोग गरेर सरकारले बनाएको मापदण्ड अर्थहीन छ भन्ने आफैं स्पष्ट पारेको छ ।**

> **सरकार साँचिकै अनावश्यक खर्च घटाउन चाहन्छ भने अर्थशास्त्री डिल्लीराज खनालको अध्यक्षतामा बनेको आयोगले गरेको सिफारिश कार्यान्वयन गर्न जरुरी छ ।**

**सवारीसाधनको उपयोग र व्यवस्थापनसम्बन्धी व्यवस्थामा सवारीसाधनको सुविधा प्राप्त गर्ने पदाधिकारीलाई प्रचलित कानून वा अधिकारप्राप्त अधिकारीबाट कारण खुलाई निश्चित प्रयोजनका लागि तोकिएको अवस्थाबाहेक एकभन्दा बढीसवारीसाधन उपलब्ध नगराउने उल्लेख छ । त्यस्तै, सरकारी कार्यालयहरूले स्वदेशी वस्तु उपयोग गर्नुपर्ने मापदण्डमा राखिएको छ । यो लागू भएसँगै अब सरकारी निकायले मालसामान खरीद गर्दा सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्नेसम्बन्धी प्रचलित निर्देशिकाबमोजिम स्वदेशी वस्तु उपयोग गर्न प्राथमिकता र प्रश्रय दिनुपर्नेछ । यी सबै व्यवस्था कार्यान्वयन गर्ने ठोस आधार देखिँदैन । यी सबै घोषणाहरू झिनामसिना हुन् ।**

**२०७५ सालमा केपी शर्मा ओली सरकारले गठन गरेको सार्वजनिक खर्च पुनरवलोकन आयोगले मन्त्रालयदेखि, मन्त्रालयका शाखा र विभागहरूमा कर्मचारी कटौती गर्न र संघमा आवश्यक नरहेको संरचना प्रदेश तथा स्थानीय तहमा लैजान सिफारिश गरेको थियो । त्यस वेलाको ओली सरकारले सुझाव कार्यान्वयन गर्दै लैजाने भने पनि प्रदेश र स्थानीय तहको समानान्तर संरचना बनाउन पनि संघीय सरकार पछि परेन । यसरी सरकार संरचनागत परिवर्तन गर्नतिर कम र टालटुले सुधारमा मात्र लाग्दा मितव्ययिता कायम गर्ने नीतिले अनावश्यक खर्च ठूलो आकारमा घटाउने सम्भावना न्यून छ । सरकार साँचिकै अनावश्यक खर्च घटाउन चाहन्छ भने अर्थशास्त्री डिल्लीराज खनालको अध्यक्षतामा बनेको आयोगले गरेको सिफारिश कार्यान्वयन गर्न जरुरी छ ।**

# करमा सधैंको करकर किन ?

## करको सदुपयोग जरूरी

सरकार र निजीक्षेत्रबीच कर र शुल्कका दररेटदेखि लिएर क्षेत्रमा बारम्बार विवाद देखिँदै आएको छ । हालै बाराको जितपुरसिमरा उपमहानगरपालिकाले स्थानीय उद्योगसँग प्रदूषण शुल्क लिने भन्दै पत्राचार गरेपछि उद्यमीले त्यसको प्रतिवाद गर्ने निर्णय गरे । तर, पनि उपमहानगर निजीक्षेत्रको यो निर्णयबाट बेखबरजस्तै छ, यो पालिका आफ्नो निर्णयबाट कत्ति पनि पछि हटेको छैन । सरकारले चालू आर्थिक वर्षबाट कतिपय वस्तुको आयातमा भन्सार बिन्दुमै १० प्रतिशतसम्म अग्रिम आयकर लिने व्यवस्था गरेको थियो । समयान्तरमा केही वस्तुमा यस्तो कर घटाए पनि यी र यस्ता करहरूको सकस भने कम भएको छैन । तहगत सरकारहरूले आआफ्नै तरीकाले कर र शुल्कहरू उठाइरहेकै छन् ।

कर र शुल्कको नाममा सबैभन्दा बढी अराजकता स्थानीय सरकारहरूले नै मच्चाइरहेको स्थिति छ । र, यस्तो करको विरोधको अग्रभागमा जहिले पनि निजीक्षेत्र नै देखिन्छ किन ? सतहीरूपमा हेर्दा कर अभिवृद्धिबाट प्रभावित हुने तह निजीक्षेत्र हो । तर, कर वृद्धिको अन्तिम भार आमउपभोक्ताको टाउकोमा जाने हो । शुरुआतमा करको झमेला झेल्नेमात्र निजीक्षेत्र हो । कर कति तिर्नेभन्दा पनि त्यो कति झन्झटपूर्ण छ भन्नेमा निजीक्षेत्रको बढी सरोकार देखिएको छ । उदाहरणका लागि २/४ प्रतिशत कवाडी करमा उद्यमीको विरोध छ । तर, गाडी आयातमा भन्सारमा तिर्ने ३०० प्रतिशतसम्म करमा किन विरोध छैन ? क्षमता हुनेले कर तिरेर गाडी चढिरहेकै छ, विरोध भएको छैन । राजस्व भन्सार बिन्दुमा एकपटक तिरेपछि पुग्यो, त्यसमा झमेला छैन । तर, बाटोमा ठेकेदारले ठाउँकुठाउँमा गाडी रोकेर हैरान पार्ने कवाडीलगायत अन्य करमा निजीक्षेत्र सधैं विरोध गरिरहेको सुनिन्छ ।

दशकअघि खारेज भइसकेको कवाडी करलाई पुनर्जीवित गरिएको भन्दै उद्यमीहरूले आलोचना गर्दै आएका छन् । तत्कालीन स्थानीय स्वायत्त शासन ऐन नै संशोधन गरेर यो कर हटाइएको थियो । स्थानीय तह सञ्चालन ऐन-२०७४ ले यसलाई ब्युँत्याइदियो । एक समयमा असान्दर्भिक भनेर हटाइएका प्रावधानलाई आर्थिक स्रोत जुटाउनकै लागि ल्याउनु कर प्रणालीमा प्रतिगमन हो कि होइन ?

संघीय सरकारले स्थानीय तह सञ्चालन ऐन-२०७४ मार्फत स्थानीय सरकारहरूलाई कानून बनाएर कर तोक्ने अधिकार दिएको छ । कहाँ कति कर लगाउने भन्ने स्पष्ट छैन । यो नै करको हचुवा दर र दायराको कारण बन्दै आएको छ । वीरगञ्ज महानगरमै विगतमा ढुवानीका साधनमा लगाइएको प्रदूषण शुल्क र पेट्रोलियम पदार्थको विक्रीमा तोकिएको करमा संघीय सरकारले हस्तक्षेप नै गर्नु परेको थियो । सिमेन्ट र फलामका लगाइएको करमा पनि निकै आलोचना भएको थियो । स्थानीय सरकारले लगाएको सवारी कर अवैधानिक ठहर भएपछि महानगरले अहिले सवारी व्यवस्थापन शुल्कको नाममा असुल गरिरहेको छ ।



> **संघीय सरकारले स्थानीय तह सञ्चालन ऐन-२०७४ मार्फत स्थानीय सरकारहरूलाई कानून बनाएर कर तोक्ने अधिकार दिएको छ । कहाँ कति कर लगाउने भन्ने स्पष्ट छैन । यो नै करको हचुवा दर र दायराको कारण बन्दै आएको छ ।**
>
> **- उमेशचन्द्र ठाकुर**

विगतका वर्षहरूमा स्थानीय तहले बढाएको करको विरोधमा मुख्य औद्योगिक र आर्थिक केन्द्र मानिएको वीरगञ्जमा निजीक्षेत्र संघर्षमै उत्रिएको थियो । त्यतिखेर वीरगञ्ज महानगरले बढाएको सम्पत्तिको मूल्यांकन र करको दर विस्तारका निजीक्षेत्रको आपत्ति थियो । संघीयतालाई विकास र समृद्धिको उपायको रूपमा व्याख्या गरिए पनि उल्टै करको भारी थपिएपछि असन्तुष्टि विस्तार भएको हो । आज एकातिर जनता करको मारमा परेका छन् भने अर्कातिर सरकार दैनिक खर्चसमेत टार्न नसक्ने अवस्थामा छ । कतिपय कर्मचारीहरू महीनौंदेखि तलब नपाएको गुनासो गर्छन् । खासगरी स्थानीय सरकारका कर्मचारीहरूमा यो समस्या बढी देखिएको छ । उद्योग व्यापारमा उत्साह छैन ।

राज्य सञ्चालनका लागि खर्चको व्यवस्थापन नभई हुँदैन । तर, खर्चको कमी स्रोतको अभाव भएर हो कि सोचको ? नेपाल स्रोतसाधनमा कमजोर छैन, कमजोरी त त्यसको दोहनमा उचित उपाय अपनाउन नसक्नुमात्र हो । केवल एउटा सम्भाव्यताको बलमा विकासको उचाइ छोएका देशहरू पर्याप्तै छन् । हामी कृषि, पर्यटन, जलसम्पदाजस्ता स्रोत खेर फालेर दाताका अगाडि हात पसारिरहेका छौं । हामी विकासशील देशको सूचीमा उक्लिन लागेको अवस्थामा आफ्नो सामर्थ्य उकास्नुको विकल्प छैन । जनतालाई आफूले तिरेको करको प्रतिफलको अनुभूति नभएसम्म करको करकर समाधान हुँदैन ।

अहिलेको राजस्वको स्रोतले केन्द्रीकृत अवस्थाको खर्च त थेग्न सक्दैन । तर, करको दायराबाहिरको सम्पत्ति र आयमा कर लगाउनेतर्फ नीति केन्द्रित हुनु सान्दर्भिक हुनेछ । कर तिरिरहेका करदातालाई नै करको बोझ थप्ने सजिलो उपायले करदातामा वितृष्णा भरिन थालेको छ । करदातालाई आम्दानीको अवसर र सुविधा दिएर कर लिने अभ्यासको थालनी हुनुपर्छ । कर निचोरेर लिने तर न्यूनतम आवश्यकताको पूर्तिसमेत गर्न नसक्ने अवस्था सकारात्मक संकेत होइन । कर करले होइन रहरले तिर्ने वातावरण बनाउनुपर्छ ।

सबैभन्दा पहिला त जनताले चुकाएको कर आफ्नै हितका लागि खर्च हुन्छ भन्ने कुराको सुनिश्चितता नभई कर तिर्ने स्वेच्छा निर्माण हुन सक्दैन । अहिले तिरेको कर जति सामान्य खर्च, नेता र कर्मचारीको सेवा सुविधा धान्न पनि पुगिरहेको छैन । बाहिरबाट आएको सहयोग ऋण र बचेखुचेको आम्दानी सत्ता सञ्चालक र तिनका कार्यकर्ता रिझाउने स्रोत साबित भइरहेको छ । यो अवस्था रहँदासम्म जनतामा कर तिर्ने उत्साह कसरी जाग्ला ? करको औचित्य त्यतिबेलामात्र सार्थक हुन सक्छ, जतिखेर कर जनहितमा खर्चिने कुराको सुनिश्चितता हुन्छ ।

> **सरकारलाई विकास निर्माण र नागरिकको हितमा काम गर्न रकम चाहिन्छ । यस्तो रकम जनताले तिरेको तिरोबाटै आउने हो । आम्दानीबाट केही अंश राज्यलाई तिर्नु यसको अभ्यास हो । तर, यसको सदुपयोग पहिलो शर्त हो ।**

सरकारलाई विकास निर्माण र नागरिकको हितमा काम गर्न रकम चाहिन्छ । यस्तो रकम जनताले तिरेको तिरोबाटै आउने हो । आम्दानीबाट केही अंश राज्यलाई तिर्नु यसको अभ्यास हो । तर, यसको सदुपयोग पहिलो शर्त हो । अहिले पनि सरकार आयको अभिवृद्धिभन्दा अप्रत्यक्ष करमा बढी केन्द्रित छ । आयका अवसरहरूको अभिवृद्धिमार्फत प्रत्यक्ष करको दर बढाउनुपर्ने हो । सरकार करको दरलाई कसेर आय बढाउने ध्याउन्नमा एकोहोरिएको छ । सरकारी तथ्यांकले नै राष्ट्रिय आम्दानीमा प्रत्यक्षको तुलनामा भन्सार महशुल, मूल्यअभिवृद्धि कर, अन्तःशुल्कजस्ता करको ओज बढी देखाइरहेको छ । आयकरको अंश अपेक्षित अभिवृद्धि हुन सकेको छैन । आयमा लगाइने करको योगदान नबढ्नु पनि जनताको आयस्तर अभिवृद्धि नहुनुको प्रमाण हो ।

अहिलेको कर अराजकता जनताले सामना गरिरहेको औसत सकसको कारण बनेको छ । करयोग्य आयको आकार अभिवृद्धिमा असफल बनिरहेको सरकार करका दर र स्रोतमा मूल्यांकन बढाएर आयको जोहो गर्ने ध्याउन्नमा छ । संघ, प्रदेश र स्थानीय सरकारले करको आतंक नै मच्चाएको छ । खसीबोका र कुखुरादेखि खोला तर्दासमेत चर्को कर तिर्नुपरेका हास्यास्पद समाचार सञ्चारमाध्यममा आएकै हुन् । चौतर्फी विवाद र दबाब थेग्न नसकेर कति कर फिर्ता भए ।

जनताबाट कर असुलेपछि जनताप्रति राज्यको केही दायित्व हुनुपर्छ । राज्य सञ्चालकले त्यसको प्रत्याभूति दिलाउन सकेको छैन । सरकारले दिने सेवा र सुविधाको भरमा पऱ्यो भने आम नगरिकले अकालमा ज्यान गुमाउने अवस्था छ । शान्ति, सुरक्षा, सुव्यवस्था, सुशासन, शिक्षा, स्वास्थ्य, सञ्चारजस्ता अत्यावश्यकीय सेवामा सरकारको भर पर्ने अवस्था नै छैन ।

अहिले अर्थतन्त्र संकटमा छ । सुधार हुँदै छ भनिए पनि उद्योग व्यापार बन्द हुँदै गएको छ । बजारमा माग छैन, दैनिक उपभोग्य वस्तुको मूल्य भने बढेको छ । उत्पादन कम भएपछि मूल्यमा यसको असर देखिएको छ । कर्मचारीले तलब पाएका छैनन् । आम्दानी घटेको छ । आयका आधार खुम्चिएका छन् । रोजगारी छैन, युवाहरू विदेश पलायन भएका छन् । देशमा युवा नभएपछि बजारमा माग क्रमशः घट्दै छ । शुरूका दिनहरूमा हामी युवाले पठाएको विप्रेषणमा रमायौं, अहिले युवाजति बाहिरिएपछि भित्रिएको रकम खर्च कसले गर्ने ? खर्च गर्ने जमात भनेकै युवा हो, युवाशक्ति बाहिर हुँदा स्वदेशी बजार सुनसान बनेका छन् ।

सीमित आर्थिक गतिविधिबाट आएको करको रकममा चरम भ्रष्टाचार छ । तहगत सरकारसँगै भ्रष्टाचार पनि तहतहमा घुसेको छ । कुनै पनि योजना ल्याउनै पहिला घूस बुझाउनुपर्छ । १०० रुपैयाँको बजेटमा ४० रुपैयाँको मात्रै काम हुन्छ, ६० रुपैयाँ घूसमा जान्छ । यसै त सीमित स्रोत त्यसमा पनि अधिकांश रकम घूसमै गएपछि कसरी अर्थतन्त्रले लय समात्ला ? अर्थतन्त्र लयमा होइन, प्रलयमा पर्ने सम्भावना निकट देखापरेको छ । तहगत सरकार सञ्चालनमा स्रोतको अधिक परिचालन र मितव्ययिता अपनाउन सकिने थियो, तर सरकार जनतालाई करको भार बोकाएर दायित्वको बोझ घटाउन लागिपरेको छ । यो परिदृश्यले अर्थतन्त्रमा गम्भीर दुर्घटनालाई संकेत गरिरहेको छ ।

*ठाकुर वीरगञ्ज उद्योग वाणिज्य संघका पूर्वउपाध्यक्ष हुन् ।*

टिप्पणी

# एआई नीतिमा व्यावहारिकता

विश्वभरि नै कृत्रिम बौद्धिकता (एआई) को प्रयोग बढिरहँदा नेपालमा पनि यसको प्रयोगबाट विभिन्न कामहरू हुन थालेका छन् । खासगरी शैक्षिक क्षेत्रको यसको प्रयोगले सहजता र जटिलता दुवै थपेको छ । सरकारी काम र करपोरेट क्षेत्रमा समेत यसको प्रयोग बढ्न थालेको छ ।

त्यसैले यसको नियमनको आवश्यकता पनि बढेको छ । त्यसलाई नियमन गर्न सरकारले एआई नीतिको मस्यौदा तयार पारी छलफलका लागि सार्वजनिक गरेको छ । सरकारको राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स (एआई) नीतिले एआई प्रविधिको जिम्मेवार प्रयोगकर्तालाई मान्ने कुरालाई प्राथमिकताका साथ उठाएको छ । नियमावली निर्माण, डेटा सुरक्षा, शिक्षामा एआईको समावेशीकरण, डिजिटल सरकारको विस्तार लगायतका विषय यसमा परेका छन् । तर, नीतिमा केही कमीहरू देखिन्छन्, जसलाई सुधार गर्न आवश्यक छ ।

सरकारले एआई नीति त बनाएको छ तर यसको प्रभावकारी कार्यान्वयनका लागि ठोस योजना उल्लेख गरेको छैन । अन्तरराष्ट्रिय मापदण्डअनुसारको डेटा सुरक्षाको व्यवस्था कति सबल हुनेछ भन्ने स्पष्ट छैन । एआईसम्बन्धी अध्ययन, अनुसन्धान तथा दक्ष जनशक्ति उत्पादनका लागि दीर्घकालीन योजना अपर्याप्त देखिन्छ । यसमा निजी क्षेत्रको भूमिकालाई स्पष्ट रूपमा समेटिएको छैन । निश्चय नै एआईको प्रयोगले रोजगारी खोस्नेछ तर सँगसँगै रोजगारीका थप अवसर पनि सृजना गर्नेछ । त्यसलाई कसरी समन्वय गर्ने भन्ने स्पष्ट खाका सरकारले यसमा बनाउन सकेको छैन । एआईको विकासले परम्परागत रोजगारीमा असर पार्ने सम्भावना हुन्छ तर त्यसको व्यवस्थापन कसरी गर्ने भन्ने नीतिमा ठोस योजना छैन ।

त्यसैले नीति मात्र होइन, त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न समयबद्ध योजना चाहिन्छ । स्रोतसाधन र अनुगमन संयन्त्रको व्यवस्था आवश्यक हुन्छ । डेटा सुरक्षाका लागि अन्तरराष्ट्रिय मापदण्ड पालना गर्न आवश्यक हुन्छ । साइबर सुरक्षा र व्यक्तिगत डेटाको गोपनीयता सुनिश्चित गर्न विश्वव्यापी मान्यतालाई अनुसरण गर्नेतर्फ ध्यान जानु आवश्यक छ ।

विश्वविद्यालयस्तरमा मात्र होइन, विद्यालयस्तरमै एआईसम्बन्धी आधारभूत शिक्षाको थालनी गर्न आवश्यक छ । यसलाई शैक्षणिक प्रयोजनमा कसरी उपयोग गर्न सकिन्छ र बौद्धिक चोरीलाई रोक्न के गर्न सकिन्छ भन्नेमा पनि नीतिले केही बोल्नु आवश्यक हुन्छ । स्टार्टअप, टेक कम्पनीहरू, अनुसन्धान संस्थान र सरकारी निकायहरूबीच सहकार्य आवश्यक छ । परम्परागत रोजगारी गुम्न सक्ने सम्भावनालाई ध्यानमा राखी पुनर्तालीम र वैकल्पिक रोजगार कार्यक्रम ल्याउन आवश्यक छ ।

अहिले एआई प्रविधि मात्र नभएर मुलुकहरुबीच यसमा कसरी आफ्नो वर्चस्व कायम गर्ने भन्ने प्रतिस्पर्धा छ । त्यसैले एक देशको प्रविधिलाई अर्को देशमा चलाउन प्रतिबन्ध लगाउने काम भइरहेको छ । नेपालले यस सम्बन्धमा कस्तो नीति लिने हो त्यो पनि तय हुनुपर्छ । भारतमा सरकारले कार्यालयमा चिनियाँ एआईको प्रयोगमा रोक लगाएको छ । अस्ट्रेलियाले पनि डीपसीक प्रयोग गर्न रोक लगाएको छ । डेटा सुरक्षाको कुरा उठाएर एकअर्कामाथि आक्षेप लगाइरहँदा नेपालको नीति के हो भन्ने कुरा पनि यसमा स्पष्ट पार्न आवश्यक छ ।

नेपालमा एआई प्रविधिको जिम्मेवार उपयोग आवश्यक छ, जसका लागि नीति निर्माण मात्र पर्याप्त हुँदैन, बलियो कार्यान्वयन संयन्त्र पनि आवश्यक हुन्छ । सरकार, निजी क्षेत्र, शैक्षिक संस्था तथा नागरिक समाज मिलेर एआईको उचित र सकारात्मक प्रयोगलाई प्रभावकारी बनाउन आवश्यक छ ।

पाठक पत्र

# टेलिकमको भविष्य के होला ?

नेपाल टेलिकमको सेवा लिन वर्षौं कुर्नुपर्ने अवस्था थियो कुनै बेला । त्यही साखका आधारमा अहिले नेपाल टेलिकमले आफ्नो व्यावसायिकता जोगाइराखेको छ । अहिले ल्यान्डलाइन फोन लिने मान्छे निकै कम छन् । लाइन लिएकाहरूले पनि फोन बुझाउँदै छन् वा सेवा प्रयोग गर्न छाडेका छन् । यो प्रवृत्ति नेपालमा मात्रै होइन, विश्वभरि नै हो । यस्तोमा नेपाल टेलिकमले आफूलाई नयाँ ढंगले अगाडि बढाएन भने यसको भविष्य अनिश्चित नहोला भन्न सकिन्न ।

सरकारी स्वामित्वको नेपाल टेलिकमले गत आर्थिक वर्षमा ४२ अर्ब ११ करोड रुपैयाँ आम्दानी गरेको थियो भने गत वर्षको आम्दानीबाट सरकारलाई विभिन्न ११ शीर्षकमा ४१ अर्ब ५९ करोड रुपैयाँ कर तथा दस्तुर तिरेको थियो । यसरी हेर्दा उसले आफ्नो कमाइको ठूलो हिस्सा सरकारलाई तिर्नु परेको छ । विगतमा टेलिकमले निकै ठूलो आम्दानी  गर्ने गरेकाले जति कर तिर्दा पनि केही फरक पर्दैनथ्यो तर अहिले उसको आम्दानी घटिरहेको अवस्थामा करको भारी चाहिँ उसरी नै बोकाइनु उपयुक्त हुन्न ।

टेलिकमको आम्दानी वार्षिक रूपमा घट्दै गएको छ तर खर्च भने बढ्दो छ । यसरी खर्च बढ्दै जाने हो भने संस्था कुनै दिन बन्द गर्नुपर्ने अवस्था आउन सक्छ । अथवा सरकारले अनुदान दिएर चलाउनुपर्ने अवस्था आउन सक्छ । अहिले पनि कतिपय संस्थानहरू सरकारको अनुदानमा निर्भर छन्, तिनले व्यवसाय गर्न सकेका छैनन् । यसरी आफूलाई सञ्चालन गर्न सक्ने गरी व्यवसाय गर्न नसक्ने संस्थालाई किन टिकाउने भन्ने प्रश्न पनि उठेको छ । प्रत्येक वर्ष उसको आम्दानी घटिरहेको छ । विश्वको प्रवृत्तिजस्तै नेपालमा पनि पछिल्ला वर्षहरूमा भ्वाइस सेवाका प्रयोगकर्ता निरन्तर घटिरहेका छन् । डेटा प्रयोगकर्ता भन् बढ्दै गएका छन् । त्यसैले अब नेपाल टेलिकमले भ्वाइसलाई भन्दा डेटालाई मुख्य सेवा मान्नुपर्छ । यति ठूलो संस्था भए पनि यसको भन्दा वर्ल्ड लिंकको ग्राहक निकै बढी छन् । टेलिकमको डेटा सेवाको मूल्य ठिकठिकै भए पनि नेट निकै स्लो भएकाले ग्राहकको रोजाइमा पर्न सकेको छैन । यद्यपि गति धेरै नचाहिने र थोरै पैसाको नेट चलाउँछु भन्नेलाई टेलिकम सजिलो सेवा प्रदायक बनेको छ ।

नयाँ पुस्ता उच्च गतिको नेट चाहन्छ । टेलिकमको इन्टरनेटको गति निकै कम छ । यस्तोमा टेलिकमले इन्टरनेटको गति बढाउन आवश्यक छ । भ्वाइस सेवाका लागि खर्च कटौती गरेर इन्टरनेटका लागि लगानी बढाउन आवश्यक छ । विश्वभरि नै फाइभजीको सेवा शुरू भइसकेको अवस्थामा नेपालमा अझै पनि यसको सुरसार छैन । मोबाइलमा डेटा तीव्र गतिको हुने र केही सस्तो हुने हो भने टेलिकमको सेवा लिने धेरै हुन सक्छन् । धेरै देशमा मोबाइलमै डेटा लिनेको संख्या बढी छ । नेपालमा भने भ्वाइसका लागि मोबाइल बढी प्रयोग हुन्छ । त्यसैले सेवाको यो नयाँ प्रवृत्तिअनुसार नेपाल टेलिकमले आफूलाई ढाल्नु आवश्यक छ ।

*दिवाकर न्यौपाने*
*महांकाल, काठमाडौं ।*

**चालू आवको पुस मसान्तसम्म व्यापार नाफा भएका वस्तुहरू** (रु हजारमा)

| वस्तु | आयात मूल्य | निर्यात मूल्य | व्यापार सन्तुलन | राजस्व |
|---|---|---|---|---|
| कार्पेट | ३१५,३८८ | ६,२४९,१८२ | ५,९३३,७९४ | १४७,४३५ |
| चिया र कफी | ४,६५०,९८२ | ८,२४२,३२६ | ३,५९१,३४४ | १,१२४,००२ |
| काठका सामान | २,३९४,२४७ | ४,८०५,३४७ | २,४११,१०० | ७११,९८८ |
| तरकारी, फलफूल र नट्स | १,२६३,२७९ | ३,४६४,६४८ | २,२०१,३६९ | ६०७,५७० |
| फेल्ट | ७८५,६२६ | २,६८३,२१४ | १,८९७,५८७ | १७५,२८१ |
| वनस्पतिसबन्धी वस्तु | ४९,४९२ | १,९०२,३३७ | १,८५२,८४५ | १३,२५९ |
| लिडका सामान | ४०,५६९ | ४२९,४८५ | ३८८,९१६ | ७,३२८ |
| वाद्यवादन | २२०,६४६ | ५०८,८१३ | २८८,१६७ | ६५,५४४ |
| कच्चा छाला र छालाबाट बनेका सामान | ४४,३०८ | १९०,१५६ | १४५,८४८ | ६,६३५ |
| कलासम्बन्धी सामान | २,७७६ | १२६,३१४ | १२३,५३९ | ६७६ |
| वनस्पतिबाट बनेका धागो र अन्य सामान | २,६५३,०२२ | २,७२९,४९६ | ७६,४७४ | ७,८१८ |
| मासु | ८,११८ | ११,७७७ | ३,६५९ | २,०५८ |

*स्रोत : भन्सार विभाग*

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

# ४२ मेवा जलविद्युत् आयोजनामा एनआरएनको लगानी

गैरआवासीय नेपाली (एनआरएन) संघले ४२ मेगावाट क्षमताको जलविद्युत् आयोजनामा लगानी गर्ने भएको छ । हाल सो परियोजनाको लगानी छलफलको अन्तिम चरणमा रहेको र निकट भविष्यमै त्यसको विवरण सार्वजनिक गरिने एनआरएन बेलायतका अध्यक्ष कुल आचार्यले जानकारी दिए । सोमवार राजधानीमा आर्थिक पत्रकार समाज (सेजन)ले आयोजना गरेको अर्थसंवादमा बोल्दै आचार्यले सो जानकारी दिएका हुन् । मुलुकले चरम लोडशेडिङ भोग्दै आइरहेका बेला जलविद्युत्को विकासमा एनआरएनको पनि उत्तिकै चासो रहेको उनले बताए । परियोजना छनोटका लागि आफूहरूले नेपाल उद्योग वाणिज्य महासंघसँग सहकार्य गरिरहेको आचार्यको भनाइ थियो । त्यसैगरी गतवर्ष काठमाडौंमा सम्पन्न एनआरएनहरूको विश्व सम्मेलनले स्थापना गर्ने घोषणा गरेको एनआरएन इन्भेष्टमेण्ट कम्पनीमा हालसम्म १ अर्ब रुपैयाँभन्दा बढी जम्मा भइसकेको उनले जानकारी दिए ।

**वर्ष ८, अंक १४६, मङ्गलवार, १ फागुन, २०६९**

बाँकी पृष्ठ १ बाट ...

**आकार १ खर्ब ...**

तर, निर्माण, उत्पादन तथा प्रशोधन, थोक तथा खुद्रा व्यापारलगायत क्षेत्रको वृद्धिदर सन्तोषजनक छैन। यी क्षेत्रमा सुधार नहुने हो भने यस आर्थिक वर्षमा लक्षित आर्थिक वृद्धिदर प्राप्त गर्न कठिन हुने सरकारी तथ्यांकहरूले नै देखाउँछन्।

गत महीना राष्ट्रिय तथ्यांक कार्यालयले चालू आर्थिक वर्ष २०८१/८२ को पहिलो त्रैमासमा मुलुकको आर्थिक वृद्धिदर करीब साढे ३ प्रतिशत रहने प्रक्षेपण गरेको थियो। कार्यालयले गत पुस तेस्रो साता सार्वजनिक गरेको पहिलो त्रैमासिक कुल गार्हस्थ्य उत्पादन (जीडीपी) प्रतिवेदनले गत आर्थिक वर्षको पहिलो त्रैमासको तुलनामा यस वर्षको सोही अवधिमा ३ दशमलव ४ प्रतिशत आर्थिक वृद्धि रहने प्रारम्भिक अनुमान गरेको र उक्त अवधिमा निर्माण क्षेत्र ऋणात्मक र अन्य केही क्षेत्रको विस्तारमा कमी आउने प्रक्षेपण भइसकेको छ। अर्थमन्त्री पौडेलले बजेटको अर्धवार्षिक समीक्षा गर्दै अघिल्लो सरकारको आलोचना गरे । तत्कालीन सरकारले बजेट ल्याउने क्रममा विनायोजना र तयारी ११ हजार योजना थपेको उनले आरोप लगाए । उनले बजेटमा ७५ हजार रुपैयाँ राखेर योजना समावेश गरेको भन्दै असन्तुष्टि व्यक्त गरे। पूर्वअर्थमन्त्रीले ल्याएको ७५ हजारको बजेट हुँदा प्रदेश र स्थानीयले कत्रो बजेट ल्याउने भन्दै प्रश्न पनि गरे । उनले अर्थमन्त्रीले बजेट ल्याउँदा गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्ने जिकिर गरे ।

'११ हजार योजना सांसदहरूको सिफारिशमा आएका हुन् ?' अर्थमन्त्री पौडेलले प्रश्न गरे, 'पूर्वअर्थमन्त्री वर्षमान पुनले ल्याएको गैरजिम्मेवारीपूर्ण बजेटको जिम्मा कसले लिने ?' तैपनि यो सरकारले पूरक बजेट नल्याएको उनले बताए ।

निर्माण व्यवसायी लगायतलाई गर्नुपर्ने भुक्तानी सहित गत आर्थिक वर्षसम्मको सृजित दायित्व २८ अर्ब ५१ करोड ९० लाख रुपैयाँ भुक्तानी दिन बाँकी रहेकोमा २२ अर्ब २२ करोड ८९ लाख भुक्तानीका लागि स्रोत व्यवस्थापन गरिएको उनले बताए । उनका अनुसार बाँकी रकमको पनि स्रोत व्यवस्थापन गरी दायित्व भुक्तानी गर्न सहजीकरण हुनेछ ।

**अबको योजना के छ ?**

चालू आर्थिक वर्षको बाँकी ६ महीनामा विनियोजित बजेटको सीमा नाघ्ने गरी खर्च गरेर अर्को वर्ष भुक्तानी दिने गरी दायित्व सार्ने प्रवृत्तिलाई नियन्त्रण गर्ने, हालसम्म कार्यान्वयन शुरु नभएका कार्यक्रमको बजेट रोक्का राखी अत्यावश्यक पर्ने क्षेत्रमा रकमान्तर गरी व्यवस्थापन गर्ने, अनिवार्य दायित्वका खर्चहरू आगामी आर्थिक वर्षमा स्थानान्तरण नहुने गरी चालू आर्थिक वर्षमै भुक्तानी गरिसक्ने, अति आवश्यक अवस्थामा बाहेक कार्यालय सञ्चालन खर्चमा थप निकासा नगर्ने, अत्यावश्यक बाहेक चालू आर्थिक वर्षमा नयाँ संगठन संरचना र दरबन्दी सृजना नगर्ने, सभा गोष्ठी सेमिनार जस्ता कार्यक्रम सरकारी निकायका सभाहलमै गर्ने योजना अर्धवार्षिक समीक्षामार्फत अर्थ मन्त्रालयले बनाएको छ ।

सरकारले बजेटको अर्धवार्षिक समीक्षामार्फत अबको दिनमा सरकारी स्रोतमा सरकारबाट अनिवार्य रूपमा प्रतिनिधित्व गर्नुपर्नेबाहेक वैदेशिक भ्रमणलाई निरुत्साहित गर्ने, कार्यक्षेत्र दोहोरो परेका संरचनाहरू गाभ्ने, अनावश्यक संरचना खारेज गर्ने, प्रदेश र स्थानीय तहहरूको कार्यक्षेत्रमा पर्ने संरचना र जनशक्ति हस्तान्तरण गर्ने, तोकिएका कार्यविधि र मापदण्ड पूरा नगरी आर्थिक सहायता वितरण नगर्ने, सार्वजनिक सेवा प्रवाहलाई चुस्त र मितव्ययी बनाउन संगठन संरचनामा रहेका दोहोरोपन हटाउने, छरिएर रहेका सामाजिक सुरक्षाका कार्यक्रमलाई एकीकृत र व्यवस्थित गर्दै दोहोरो नपर्ने गरी व्यवस्थापन गर्न आवश्यक प्रणालीको विकास गर्नेजस्ता योजना अघि सारेको छ ।

त्यस्तै, पूँजीगत खर्चतर्फ चालू आर्थिक वर्षको बाँकी ६ महीनामा हालसम्म कार्यान्वयन प्रक्रियामा नगएका आयोजनाहरू स्थगित गर्ने, पूर्वतयारी पूरा नभएका आयोजना तथा कार्यक्रम शुरु नगर्ने, राष्ट्रिय गौरवका आयोजना, अधुरा आयोजना एवं अन्य महत्त्वपूर्ण आयोजनामा विधिपूर्वक सृजित दायित्वका लागि बजेट व्यवस्थापन गर्ने, चालू आर्थिक वर्ष २०८१/८२ को हकमा तत्काल खर्च नहुने तथा न्यून प्राथमिकताका आयोजनामा विनियोजित रकमबाट रकमान्तर गरी प्राथमिकता प्राप्त आयोजनामा स्रोत व्यवस्थापन गने योजना अघि सारेको छ ।

हालसम्म काम अघि नबढेका, खर्च हुन नसक्ने योजना र कार्यक्रमको पहिचान गरी सोको बजेट समर्पण गराई खर्च हुने योजना र कार्यक्रममा रकमान्तर गरी सृजित दायित्व फरफारक गर्ने पनि सरकारको योजना छ ।

स्रोत सुनिश्चितता दिइएका एवं काम अघि बढाउन सहमति दिइएको सडक, शहरी विकास, सिँचाइ, खानेपानी जस्ता निकायमा सम्झौताबमोजिम बिल पेश भएका निर्माण व्यवसायीको भुक्तानी यसै आर्थिक वर्षमा दिई फरफारक गर्ने पनि उनले बताए । त्यसैगरी, गैरबजेटरी कार्यक्रममा रकम निकासालाई निरुत्साहित गर्ने, वैदेशिक सहायताअन्तर्गत सञ्चालित आयोजनाको सहायता परिचालन गर्न समस्या भएमा आवश्यकता र औचित्यका आधारमा स्रोत फुकुवा वा स्रोतान्तर गरी सहजीकरण गर्ने, आयोजना वर्गीकरणसम्बन्धी मापदण्ड, २०८० अनुसार संघको कार्यक्षेत्रमा नपर्ने हालसम्म शुरू नभएका आयोजना अगाडि नबढाउने अर्थमन्त्रीले बताए । बहुवर्षीय ठेक्का सम्झौता मापदण्डबमोजिम तोकिएको समयमा ठेक्का लागि कार्यान्वयनमा नगएका आयोजनाको कार्यान्वयन रोक्का राखेर रकमान्तर गरी प्राथमिकीकरणका आधारमा आयोजनामा रकमान्तर गर्ने योजना पनि सरकारले अघि सारेको छ ।

अर्थसचिव डा. रामप्रसाद घिमिरेले अहिले आयात बढाउनभन्दा पनि बजारमा समग्र माग बढाउनतर्फ ध्यान दिइएको बताए । 'हामीले आर्थिक क्रियाकलापलाई कसरी बढवा दिने भन्नेतर्फ ध्यान दिएका छौं,' उनले भने, 'त्यसो भयो भने राजस्व परिचालनमा सुधार, अर्थतन्त्र सुधार र आर्थिक वृद्धिदरमा समेत सुधार हुन्छ ।' आर्थिक सूचकांकहरूले पनि सुधारको बाटोतर्फ अर्थतन्त्र गएको देखिएकाले धेरै आशावादी हुन जरुरी रहेको उनले बताए ।

**आईटी व्यवसायी ...**

प्राधिकरणका कार्यकारी निर्देशक छत्र कटुवालले सेजमा उत्पादनमूलकमात्रै नभई सेवामूलक क्षेत्र पनि भित्र्याउन आवश्यक भएको बताए । सेज खासगरी निर्यात व्यवसायलाई प्रवर्द्धन गर्न अघि सारिएको अवधारण हो । अहिले मुलुकबाट आईटी सेवा निर्यात धेरै भएकाले सेजमा प्रवेश गर्दा उनीहरूले विदेशी लगानी (एफडीआई) सजिलै भित्र्याउन र सरकारले दिएका सुविधा पनि पाउन सक्ने अवस्था हुने उनले बताए । 'के कस्ता सेवाक्षेत्र जान सक्छन्, कुन क्षेत्रलाई विशेष प्राथमिकतामा राख्ने, लगानी, सम्झौता केकसरी गर्ने भन्ने विषयमा मस्यौदा बनाउने तयारीमा छौं,' कटुवालले भने, 'अहिले सेजमा जाने भनेकै आईटी क्षेत्र हो, यद्यपि सेवामा अन्य क्षेत्र पनि पर्छन् ।'

स्टार्टअप तथा इक्विटी फन्ड व्यवस्थापनमा काम गर्दै आएको एक संस्थाका अधिकारीले आईटी क्षेत्रलाई विशेष स्थान नै नचाहिने तर आईटी केन्द्र वा पार्क हो भने खोल्दा राम्रो हुने बताए । 'त्यसमा राम्रो सेवासुविधा, गुणस्तरीय ब्यान्डविथ दिएर र स्टार्टअपलाई पनि प्लेटफर्म दिने हो भने यसले राम्रो वातावरण बनाउँछ,' उनले भने । उनका अनुसार आईटी कम्पनी पहुँचयोग्य स्थानमा अर्थात् ठूला शहरमा हुनुपर्छ । भारतको बैंगलोर, अमेरिकाको सिलिकन भ्याली, क्यालिफोर्निया र भुटानको थिम्पुमा आईटी सेन्टर भएकाले नेपालको आईटी सेन्टर पनि काठमाडौंमै हुनुपर्ने उनको तर्क छ। 'सेजमा आईटी क्षेत्रलाई लैजाने हो भने करको सुविधा, निर्यातका विषय, विद्युत्, इन्टरनेटलगायत पूर्वाधार हुनुपर्छ,' उनले भने ।

**प्रेम दिवसमा ...**

उनका अनुसार बजार मागको करीब ७५ प्रतिशत गुलाफ नपुग हुनेछ । आन्तरिक उत्पादनले मात्रै माग धान्न नसक्ने हुँदा माग पूरा गर्न ठूलो मात्रामा भारतबाट गुलाफ आयात गर्नुपर्ने बाध्यता रहेको उनले बताए ।

यद्यपि भन्सार विभागको तथ्यांकअनुसार भारतबाट ठूलो मात्रामा गुलाफ आयात भएको देखिँदैन । चालू आर्थिक वर्ष (आव) २०८१/८२ को पुससम्म २० लाख ७३ हजार रुपैयाँको मात्रै गुलाफ आयात भएको देखिन्छ ।

अघिल्लो आव २०८०/८१ मा त झन् वर्षभरिमा १ लाख ६ हजार रुपैयाँको मात्रै गुलाफ आयात भएको विभागको तथ्यांकले देखाएको छ । यस हिसाबले नेपालमा अवैध र चोरी पैठारीको माध्यमबाट गुलाफ आयात हुने गरेको आशंका रहेको एसोसिएसनका अध्यक्ष श्रेष्ठले बताए ।

'हामीले सरकारलाई गुनासो गरेका कारण गतवर्षदेखि नाकाहरूमा केही कडाइ गर्दा चालू आवमा भन्सारको तथ्यांकमा केही बढी परिमाणमा भित्रिएको देखिएको हो । होइन भने अवैध बाटोबाट बढी आयात हुने गरेको छ,' उनले भने, 'अझै पनि अवैध आयात र तस्करी रोक्न सरकारले भूमिका निर्वाह गर्न सकेको छैन ।'

एशोसिएशनका अनुसार यस वर्ष फूलको गुणस्तर अनुसार प्रतिस्टीम उपभोक्ता मूल्य ९० देखि १२० रुपैयाँ हाराहारीमा हुनेछ । गतवर्ष प्रतिस्टीम गुलाफको मूल्य ८० देखि १२० रुपैयाँ थियो । नेपालमा चाडपर्वबाहेकको सामान्य दिनमा प्रतिदिन सरदर ८ देखि १० हजार स्टीम गुलाब फूलको माग हुने गरेको एशोसिएशनको भनाइ छ । केही वर्षअघि कोरोना महामारीका कारण पुष्प उत्पादनमा निकै ह्रास आए पनि हाल व्यवसायीले लगानी वृद्धि गरेको कारण आन्तरिक गुलाफ फूलको उत्पादन केही वृद्धि भएको एशोसिएशनको भनाइ छ ।

पुष्प व्यवसायीका अनुसार फेब्रुअरीमा पर्ने प्रेम दिवसको अवसरमा नेपालमा जाडो याम नै रहने र गुलाफ फूलको उत्पादन चिसो मौसममा कम हुने भएका कारण आयात गर्नुपरेको हो ।

नेपालमा गुलाफ फूलको व्यावसायिक खेती हुने जिल्लाहरूमा मुख्य गरी काठमाडौं उपत्यकाभित्रका तीन जिल्लाका साथै चितवन, काभ्रेपलाञ्चोक र रूपन्देही छन् । अन्य जिल्लामा पनि गुलाफ फूलको व्यावसायिक खेती विस्तार हुने क्रममा रहेको छ । नेपालमा मौसमअनुकूल मात्रै गुलाफ उत्पादन हुन्छ । जाडो मौसमका कारण अहिले स्थानीय उत्पादन कम हुन्छ ।

नेपालले भारत, नेदरल्यान्ड, चीन, जापान जर्मनी, केन्या, थाइल्यान्ड, भियतनाम, अमेरिका, इजिप्ट, इथियोपिया, बेल्जियम, चिली, डेनमार्क, बेलायत, श्रीलंका, ताइवान, इन्डोनेशिया, मेक्सिको आदि देशबाट पुष्प तथा पुष्पजन्य वस्तु आयात गर्छ ।

हाल नेपालका करीब ५२ जिल्लाका करीब २६० हेक्टर जमीनमा पुष्प खेती भइरहेको छ । यसमा करीब ८ अर्ब ८३ करोड रुपैयाँ लगानी भएको एशोसिएशनको भनाइ छ । त्यसैगरी, पुष्प व्यवसायमा प्रत्यक्ष तथा अप्रत्यक्ष गरी अनुमानित ५१ हजार ५०० बढी जनशक्तिले रोजगारी पाएको छ ।

### सामाजिक सञ्जाल नियमन विधेयकमा दाहालको आपत्ति

# सञ्चारमाध्यमलाई नियन्त्रण गर्न खोजेको आरोप



काठमाडौं (अस) । सरकारले संघीय संसद्मा दर्ता गराएको सामाजिक सञ्जाल सञ्चालन, प्रयोग तथा नियमनसम्बन्धी विधेयकमा पूवप्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले आपत्ति प्रकट गरेका छन् । बिहीवार प्रतिनिधिसभामा बोल्दै प्रमुख प्रतिपक्षी दलका नेता समेत रहेका दाहालले उक्त विधेयक सामाजिक सञ्जाललाई नियमनको नाममा आम सञ्चारमाध्यमलाई नियन्त्रण गर्नेगरी ल्याइएको आरोप लगाएका छन् । सरकारले सामाजिक बेथितिविरुद्ध बोल्ने, आलोचना गर्ने नागरिकलाई अहिले नै हिरासतसम्म पुऱ्याइरहेको भन्दै अध्यक्ष दाहालले भोलि उक्त विधेयक पारित भएमा नागरिक अधिकार झनै कुण्ठित बन्ने बताए । प्रधानमन्त्री केपी शर्मा ओलीले विरोध त परको कुरा, रचनात्मक आलोचना समेत सहन नसक्ने टिप्पणी उनले गरे ।

सामाजिक सञ्जाल विधेयकमा कांग्रेसको आधिकारिक धारणा समेत उनले माग गरेका छन् । गत मंगलवार राष्ट्रिय सभामा दर्ता भएको सामाजिक सञ्जाल नियमन विधेयकमा शर्त पालना नगरे सामाजिक सञ्जाल प्लेटफर्मलाई १ करोडसम्म जरीवाना र प्रयोगकर्तालाई 'राष्ट्रिय हित प्रतिकूल हुनेगरी' भ्रामक सूचना सम्प्रेषण गरे ५ वर्षसम्म कैद र १५ लाखसम्म जरीवाना हुने प्रावधान राखिएको छ ।

'सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'मा अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्तमा प्लेटफर्मले 'सम्बन्धित निकाय' मा अनुसन्धानका लागि 'युजर डिटेल' उपलब्ध गराउनुपर्ने, परिचय खुलाएर मात्रै प्लेटफर्म प्रयोग गर्न दिनुपर्ने, कानूनविपरीतका विषयवस्तु पोस्ट हुन नदिने प्रविधि विकास गर्नुपर्ने व्यवस्था राखिएको छ । प्रयोगकर्ताका सन्दर्भमा विधेयकमा दर्जनजति कसुरको परिभाषा खुलाएर सजाय तोकिएको छ ।

सार्वजनिक सेवा प्रवाह सुधारको प्रश्न उठाउने र विरोध जनाउने टिसर्ट लगाउनेलाई समेत सरकारले थुन्ने र मुद्दा चलाउने गरेको आरोप उनले लगाए । नेपाली कांग्रेस र नेकपा एमालेले विगतमा ३५ वर्षसम्म शासन गरेको उदाहरण दिँदै अध्यक्ष दाहालले संसद् अधिवेशन शुरू हुनुभन्दा ६ दिनअघि मात्रै अध्यादेश जारी गरेर संसद्को अवहेलना गरेको आरोप लगाए । 'यी अध्यादेश विकासका लागि भएका भए संसदीय समितिमा भएका विचाराधीन विधेयकको छलफलमा सरकार किन डरायो ?' उनको प्रश्न छ । स्वार्थ समूहको प्रभावमा सरकारले अध्यादेश जारी गरेको उनले औंल्याए ।

दाहालले भूमिसम्बन्धी अध्यादेशले भूमिहीन दलित र सुकुमबासीको भूमिसम्बन्धी अधिकार खोस्ने प्रयास गरेको समेत आरोप लगाएका छन् । यस्तै आफ्नो कार्यकालमा भन्दा केपी शर्मा ओली नेतृत्वको सरकारमा मुद्रास्फीति र मूल्यवृद्धि दुवै बढेको उनको टिप्पणी छ ।

'६ महीनाअघि २ दशमलव ६ प्रतिशतले घटेको व्यापार घाटा यो सरकारको ६ महीने अवधिमा ४ दशमलव ४ प्रतिशत बढेर ७२३ अर्ब पुगेको छ,' उनले भने । सरकार अनौपचारिक तथा अवैधानिक माध्यमलाई प्रवर्द्धन गरेर देशको अर्थतन्त्र कमजोर बनाउन लागेको उनले बताए ।

'मैले सरकार छोड्दा मुद्रास्फीति ३ दशमलव ५७ प्रतिशत थियो, अहिले बढेर ५ दशमलव ४१ प्रतिशत पुगेको छ । खाद्यान्नको मूल्यवृद्धि झन् गम्भीर रूपमा २८ दशमलव ५२ प्रतिशतले बढेर औसतमा ७ दशमलव ६७ प्रतिशत पुगेको छ,' उनले भने ।

बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जा पनि आफ्नो सरकारको तुलनामा अहिले घटेको दाबी उनले गरेका छन् । आफ्नो नेतृत्वको सरकारले शुरू गरेका भ्रष्टाचार प्रकरणको छानबिन अहिलेको सरकारले अवरुद्ध पारेको आरोप उनले लगाए ।

माफियाको प्रभावमा नयाँ स्टक एक्सचेन्जको लाइसन्स जारी गर्ने तयारीमा सरकार लागेको दाहालको आरोप छ । 'ऐनले कल्पना नगरेको निर्देशिका तयार पारेर सरकार नयाँ स्टक एक्सचेन्जको लाइसन्स दिने चोर बाटो खोज्दै छ,' उनले भने । दूरसञ्चार फ्रिक्वेन्सीजस्तै नयाँ स्टक एक्सचेन्जको लाइसन्सलाई पनि राज्यले खुला प्रतिस्पर्धा र रकम बढाबढबाट जारी गर्नुपर्ने उनले बताएका छन् ।


## भावपूर्ण श्रद्धाञ्जली



**जन्म**
वि.सं. २००६
माघ १६

**स्वर्गारोहण**
वि.सं. २०८१
माघ १३

**स्व. टिकावती पाध्या**

यस **न्यु विजनेश एज लिमिटेड**की सहकर्मी लक्ष्मी शर्माकी ममतामयी जेठी सासुआमा **टिकावती पाध्या** को असामयिक स्वर्गारोहण भएको आज **१३औं** दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भनी **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

**न्यू बिजनेश एज लि. परिवार**
**थापाथली, काठमाण्डौं, नेपाल**



**ग्रामीण बिकास लघुवित्त वित्तीय संस्था लिमिटेड**
**प्रधान कार्यालय बुटवल**

**सवारी साधन SUV JEEP (Model -2024) र (4WD Hardtop Jeep)**
**खरिद गर्ने बारेको सिलबन्दी बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८१/१०/२५)**
**बोलपत्र नं : ०५/२०८१/८२**

यस कार्यालयको लागि तोकिएको स्पेशिफिकेशन बमोजिम सवारी साधन SUV JEEP (Model -2024) थान (१) एक र (4WD Hardtop Jeep) थान (१) एक गरी (२) दुई वटा गाडी आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनीहरुले निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलवन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

| | |
|---|---|
| १ | सिलबन्दी बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रथम पटक प्रकाशित भएको मितिदेखि १५औं दिनको (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) ५:०० बजेसम्म यस संस्थाको प्रधान कार्यालय बुटवल सामान्य सेवा महाशाखा/शाखा कार्यालय बागमती (चापागाँउ दोबाटो) बाट पछि फिर्ता नहुने गरी रु.३०००।-(अक्षरेपी तीन हजार) मात्र बुझाई खरिद गर्न र प्रधान कार्यालय बुटवल/शाखा कार्यालय बागमतीमा पेश गर्न सकिनेछ । |
| २ | बोलपत्र फाराम खरिद गर्न आउँदा सम्बन्धित फर्म तथा कम्पनीको आधिकारिक निवेदन पेश गर्नुपर्नेछ । |
| ३ | बोलपत्र फाराम साथ बोलपत्र जमानत वापत आफूले कवोल गरेको कूल रकमको २.५ प्रतिशतले हुन आउने रकममा नघट्ने गरी हुने रकम यस संस्थाको नाममा सिटिजन्स बैंक इन्टरनेशनल लि. शाखा कार्यालय बुटवलमा रहेको खाता नं. ०१२०१०००००३२३२०१ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस संस्थाको पक्षमा जारी भएको र बोलपत्र पेश गर्ने अन्तिम मितिले १२० दिन मान्य अवधि रहेको बैंक जमानत संलग्न गर्नुपर्नेछ । |
| ४ | प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १५ औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन) को अपरान्ह ५:०० बजेभित्र यस कार्यालयमा सिलवन्दी बोलपत्र दर्ता गराई सक्नु पर्नेछ । बोलपत्र खोल्ने बारेको सूचना सोको भोलिपल्ट कार्यालयको वेबसाइटमा प्रकाशन गरिनेछ । बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधिको उपस्थितिमा बोलपत्र खोलिनेछ । तर बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन । |
| ५ | बोलपत्र सम्वन्धी अन्य शर्तहरु तथा गर्नु पर्ने कार्यहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम तथा सो बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाको आर्थिक प्रसाशन विनियमावली, २०७२ (संशोधन सहित) मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्वन्धमा थप जानकारी आवश्यक परेमा संस्थाको फोन नं. ०७१-४३७५३० र ०७१-४३८९५१, ०१–५२५२०५८, (मोवाईल ९८४७८२९१५९) मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ । |
| ६ | यो सूचना यस संस्थाको वेबसाइट www.gblbs.com.np मा पनि हेर्न सकिनेछ । |



**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**कोशी प्रदेश, संखुवासभा, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८१/१०/२५**

यस कार्यालयको मिति २०८१/०९/१६ गतेको हिमालय राष्ट्रिय दैनिक तथा मिति २०८१/१०/०९ गतेको प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सम्बन्धी सूचना बमोजिम बिधुतीय बोलपत्र प्रणाली (e-GP) मार्फत दर्ता हुन आएका बोलपत्रदाताहरुको मूल्यांकन गर्न गठित मूल्यांकन समितिको सिफारिस बमोजिम देहायका बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सो बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरीद ऐन २०६३ (संशोधित) को दफा २७(२) को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| सि. न. | ठेक्का नं. | आयोजनाको नाम | सारभूत रुपमा प्रभावग्राही बोलपत्र दाता | कबोल अंक रु. (VAT र PS सहित) |
|---|---|---|---|---|
| 1. | IDOSANK/Works/NCB-15/2081/82 | Purwadhar Bikash Karyalay Sankhuwasabha ko Bhawan Jane Pahuch Marga Nirman, Khandbari-09, Sankhuwasabha | M/S Seknepeden Builders, Bhotkhola, Shankhuwasabha | 46,96,685.52 |
| 2. | IDOSANK/Works/NCB-17/2081/82 | Simalibas dekhi Airport ground ghoghole hudai turkeghat motorbato & nali nirman, Khandbari Na.Pa.-09, Sankhuwasabha | M/S Jharpat Nirman Sewa, Khandbari, Sankhuwasabha | 49,36,399.44 |
| 3. | IDOSANK/Works/NCB-08/2081/82 (Re Bid) | Upgrading of Chhidiwar-Yangkhuwa Road, Aathrai-7, Tehrathum | M/S Tabita Nirman Sewa P.Ltd., Phalelung, Panchthar | 21,92,896.85 |
| 4. | IDOSANK/Works/NCB-09/2081/82 (Re Bid) | Upgrading of Chuhandanda-Kohaltar-Dhalkebar-Thoklung Road, Aathrai 6 & 7, Tehrathum | M/S Sumhalung Nirman Sewa, Phidim, Panchthar | 20,62,558.58 |
| 5. | IDOSANK/Works/NCB-10/2081/82 (Re Bid) | Upgrading of Aathrai-Mansari-Thoklung-Phedap-Bhimmarg Thoklung-Phedap-Bhimmarg Road, Aathrai, Tehrathum | M/S Tabita Nirman Sewa P.Ltd., Phalelung, Panchthar | 20,47,683.38 |

**कार्यालय प्रमुख**



## हार्दिक श्रद्धाञ्जली



**जन्म**
वि.सं.
२००३/०८/०२

**स्वर्गारोहण**
वि.सं.
२०८१/१०/१३

**स्वः दिब्यस्वरी श्रेष्ठ**

यस अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्था लि. का कोषाध्यक्ष **श्रीमती दिब्यस्वरी श्रेष्ठ**ज्यूको असामयिक स्वर्गारोहण भएको आज **१३औं** दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै **हार्दिक श्रदाञ्जली** अर्पण गर्दछौं । साथै यस दुखद घडीमा शोक सन्तप्त परिवार प्रति **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

**अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्था लि.**
**महाबौद्ध, काठमाण्डौ**
**५३६४४८४, ५३५०५३६**

# Invitation for Bids

**First Date of Publication: 7th February 2025 (25th Magh 2081 BS)**

**Garima Bikas Bank Limited (The Employer)** invites sealed bid from interested firms/ companies for the purchase of below mentioned particulars.

| S.No. | Particulars |
|---|---|
| 1 | Microsoft SQL Server Enterprise Edition |
| 2 | Privileged Access Management (PAM) |

**Terms and Conditions:**

1. Bid Application can be collected from Logistic and General Service Department at Head Office, Lazimpat, Kathmandu upon deposit of non -refundable document fee of NPR 2,000.00 (Say Two Thousand Only) of each, deposited at account name: Miscellaneous Income & Account Number 95890201003.
2. Bidders should have Company/firm registration, VAT/PAN registration, MOA and AOA, tax clearance certificate of the latest fiscal year, Latest Share Register (Share Lagat), Latest Director's Register (Sanchalak Lagat), Latest company update (Company Adhyawodhik).
3. Bidders should submit 5% of bid amount either through cash deposit account name: SUNDRY CREDITORS; Account Number: 92670601001 at Head Office or Bid Bond which is valid up to 90 days beyond last date of bid submission.
4. Bids must be submitted to the below office on or before 21st February 2025 (9th Falgun 2081), 4:00 pm. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid bond shall remain unchanged. **Bidders must submit Financial Document and Technical Document separately.** Documents received after this deadline will not be accepted.
5. The Bank reserves the right to accept or reject wholly or partly any or all the bids without assigning any reason, whatsoever.
6. Eligible Bidders may obtain further information at the Logistic and General Service Department, Garima Bikas Bank Ltd, Head Office, Lazimpat.

"Access to All"

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था

**Head Office:** Kathmandu 2, Lazimpat
**Phone No.:** 01 4545424/ 25/ 26/ 27, **Call Center:** 01-5970179
**Email:** : info@garimabank.com.np; administration@garimabank.com.np

# Samling Power Company Limited

Samling Power Company Ltd
Lalitpur, Nepal

## Unaudited Statement of Financial Position
As on 29th Poush 2081, 2nd Quarter FY 2081/82

| Particulars | FY 2081/82 2nd Quarter Ending | FY 2081/82 1st Quarter Ending | FY 2080/81 2nd Quarter Ending |
|---|---|---|---|
| **Assets** | | | |
| **Non-Current Assets** | | | |
| Property, Plant and Equipment | - | - | - |
| Intangible Assets | 2,031,297,458 | 2,050,338,492 | 2,092,632,453 |
| Intangible Assets under Development | - | - | - |
| ***Financial Assets*** | | | |
| Financial Investments - Held to Maturity | 37,530,000 | 34,450,000 | 22,600,000 |
| **Total Non-Current Assets** | **2,068,827,458** | **2,084,788,492** | **2,115,232,453** |
| **Current Assets** | | | |
| Cash and Cash Equivalents | 14,791,905 | 10,797,288 | 31,383,642 |
| Bank Balance other than Cash and Cash Equivalents | 485,657 | 485,657 | 473,557 |
| Trade Receivables | 38,602,485 | 45,446,590 | 32,298,252 |
| Other Financial Assets | 28,467,191 | 28,543,787 | 37,338,117 |
| Other Current Assets | 14,808,131 | 14,808,131 | 15,947,235 |
| **Total Current Assets** | **97,155,370** | **100,081,452** | **117,440,803** |
| **Total Assets** | **2,165,982,828** | **2,184,869,944** | **2,232,673,256** |
| **Equity and Liabilities** | | | |
| **Equity** | | | |
| Equity Share Capital | 500,000,000 | 500,000,000 | 500,000,000 |
| Reserve and Surplus | 53,255,051 | 51,949,243 | 77,880,124 |
| **Total Equity** | **553,255,051** | **551,949,243** | **577,880,124** |
| **Liabilities** | | | |
| Non-Current Liabilities | | | |
| Borrowings | 1,501,414,649 | 1,521,249,357 | 1,587,539,118 |
| **Total Non-Current Liabilities** | **1,501,414,649** | **1,521,249,357** | **1,587,539,118** |
| **Current Liabilities** | | | |
| Trade and Other Payables | 55,362,993 | 53,219,716 | 40,786,098 |
| Provisions | - | 18,411 | 18,411 |
| Other Current Liabilities | 55,950,135 | 58,433,217 | 26,449,505 |
| **Total Current Liabilities** | **111,313,128** | **111,671,344** | **67,254,014** |
| **Total Liabilities** | **1,612,727,777** | **1,632,920,701** | **1,654,793,132** |
| **Total Equity and Liabilities** | **2,165,982,828** | **2,184,869,944** | **2,232,673,256** |

## Unaudited Statement of Profit or Loss and Other Comprehensive Income
For the period ending 29th Poush 2081, 2nd Quarter FY 2081/82

| Particulars | FY 2081/82 2nd Quarter Ending | FY 2081/82 1st Quarter Ending | FY 2080/81 2nd Quarter Ending |
|---|---|---|---|
| Revenue | 131,442,743 | 81,785,226 | 156,898,515 |
| Cost of Sales | 12,432,012 | 6,553,034 | 9,923,397 |
| **Gross Profit/(Loss)** | **119,010,732** | **75,232,192** | **146,975,118** |
| Other Income | - | - | - |
| Depreciation | - | - | - |
| Amortisation | 38,082,067 | 19,041,034 | 38,366,767 |
| Administrative and Other Operating Expenses | 5,496,362 | 1,695,691 | 2,017,574 |
| **Profit from Operation** | **75,432,303** | **54,495,467** | **106,590,777** |
| Finance Income | 381,956 | 381,956 | 26,959 |
| Finance Costs | 64,473,413 | 41,762,386 | 92,890,535 |
| **Profit before Tax** | **11,340,845** | **13,115,037** | **13,727,201** |
| **Income Tax Expenses** | | | |
| Current Tax | - | - | - |
| Deferred Tax Credit/Charge | - | - | - |
| **Profit for the Year** | **11,340,845** | **13,115,037** | **13,727,201** |
| **Other Comprehensive Income** | | | |
| **Other Comprehensive Income not to classified to Profit or Loss in subsequent periods** | | | |
| Re-measurement (Losses)/Gains on Post Employment Defined Benefit Plans | - | - | - |
| Share Transaction Costs | - | - | - |
| Equity Instruments through Other Comprehensive Income | 11,515,000 | 8,435,000 | 6,100,000 |
| Tax relating to items that will not to be reclassified to Profit and Loss | - | - | - |
| **Other Comprehensive Gain/(Loss) for the year, net of tax** | **11,515,000** | **8,435,000** | **6,100,000** |
| **Total Comprehensive Gain/(Loss) for the year, net of tax** | **22,855,845** | **21,550,037** | **19,827,201** |
| **Earnings per equity share of Rs. 100 each** | | | |
| Basic Earnings per Share | 4.57 | 4.31 | 3.97 |
| Diluted Earnings per Share | 4.57 | 4.31 | 3.97 |

## SECOND QUARTER DISCLOSURE AS OF Poush 29th, 2081(13th January, 2025)
### AS PER SECURITIES REGISTRATION AND ISSUANCE REGULATION
### Annexure-14 (Related to Sub regulation 2 of regulation 22)

1. **Financial Statements**

a. The unaudited financial statements for the second quarter and financial ratios have been published along with this report.

b. **Major Financial Highlights and Analysis**

| Key Financial Ratios | This Quarter End | Previous Quarter End |
|---|---|---|
| Earnings Per Share (EPS) | 4.57 | 4.31 |
| Current Ratio | 0.87 | 0.90 |
| Net worth Per Share | 110.65 | 110.39 |
| Market Value Per Share | NRs. 516 | NRs. 539.00 |
| Price Earnings Ratio | 112.88 | 125.06 |

2. **Financial Analysis**

a. **Analysis of Changes in Inventory, Revenue and Liquidity during the Quarter**
- Revenue in the financial statements comprises of revenue generated from sale of electricity.

b. **Analysis of Management**
- The company has not any plans for development of other projects other than for effective/efficient operation of the project.

3. **Legal Proceedings**
- There has been no any pending litigations and dispute by and against the company during the said period.
- There have been no any known disputes, litigations, offences and breach of applicable laws by and against the promoters and directors of the company.

4. **Analysis on Share Transaction of the Company**

Samling Power Company Ltd. and its management are neutral towards the share price and transactions as the price and transactions are determined by the market participants. The company remains committed towards providing the notices and information to investors and stakeholders. The major highlights of share transaction during the quarter are as follows: -

| | |
|---|---|
| Maximum Share Price (NPR) | 595 |
| Minimum Share Price (NPR) | 471.7 |
| Last Traded Price (29th Poush, 2081) (NPR) | 516 |
| Total Traded Shares | 2,671,436 |
| Total Traded Days | 55 |

5. **Problems and Challenges**

**Internal**
- Retention of skilled human resources.
- To maintain operational efficiency on Power plant operation.

**External**
- High rate of interest charged by banks and financial institutions for long term projects such as hydropower.
- Loss due to natural disaster and shut down of Power Plant operations.

The company and its management are capable in tackling and mitigating any problems and challenges that may be faced during its operation.

6. **Corporate Governance**

The Board of Directors and Management team are committed for strengthening good corporate governance within the company. The company has Financial Administrative Policy, Human Resource Policy and other policies and guidelines for proper functioning of the operations of the Company.

7. **Declaration**

I, the General Manager of this Company, take the responsibility of accuracy of the information and details mentioned in this report for the period up to second quarter of FY 2081/82, hereby declare that the information and details provided in this Report are true, based on facts, and complete to the best of my knowledge and that information necessary for taking informed decision by the investors are not concealed.

# अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **एम.ए.डब्लू. वृद्धि अटोकर्प प्रा.लि. ले** China बाठ पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | माल बस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | मोटर | क्षमता | उत्पतिको मुलुक | इकाई | अधिकतम खुद्रा इकाई बिक्रि मुल्य |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DEEPAL | CAR | DEEPAL | S05 | 99 kw | 5 Seat | China | Per Unit | 65,00,000/- |

*विक्रेता फर्मको नाम : एम.ए.डब्लू. वृद्धि अटोकर्प प्रा.लि.*
*ठेगाना : नक्साल काठमाडौं*
*भ्याट नं. ६१००१४६६२*
*फोन नं.: ०१-४५५७३६५*

# नबिल बैंक लिमिटेड, चन्द्रौटा शाखा, कपिलवस्तु र बुटवल शाखा, रुपन्देहीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मिति : २०८१/१०/२५)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीहरुले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०४/०७ को कारोवार दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणीहरु तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा र ही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **चन्द्रौटा शाखा, कपिलवस्तु**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

**तपसिल**

**१**

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/०७/१७ मा दर्ता.नं. २४६३७२/०७७/०७८ अन्तर्गत दर्ता भएको **नमस्ते कपिलबस्तु बुद्धभूमी यातायात प्रा.लि. ।**
ठेगाना : कपिलवस्तु जिल्ला बाणगंगा न.पा. वडा नं ०७, बनगाई, कपिलवस्तु ।

**ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण**

१. ताकी जैसीको नाति तारा प्रसाद शर्माको छोरा कपिलवस्तु जिल्ला निग्लिहवा गा.वि.स. वडा नं. ०२ बस्ने, ना.प्र.नं. ५९२ (जारी मितिः २०४५/०२/१९, स्थान कपिलवस्तु) भएका **भक्ति राम शर्मा ।**
२. टोप बहादुर खड्काको नाति राम बहादुर खड्काको छोरा कपिलवस्तु जिल्ला मोतीपुर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल कपिलवस्तु जिल्ला बाणगंगा न.पा. वडा नं ०७ बस्ने, ना.प्र.नं. ४३३४३ (जारी मितिः २०५९/०७/११, स्थान कपिलवस्तु) भएका **कुमार खड्का ।**
३. डम्बर बहादुर घर्तीको नाति शिव बहादुर थापाको छोरा अर्घाखाँची जिल्ला अङ्गुरी गा.वि.स. वडा नं. ०१ स्थायी घर भई हाल कपिलवस्तु जिल्ला बाणगंगा न.पा. वडा नं ०१ बस्ने, ना.प्र.नं. १०००/१९९७ (जारी मितिः २०७२/०९/०६, स्थान अर्घाखाँची) भएका **आत्म सिंह घर्ती भन्ने आत्म सिंह थापा ।**
४. मोतीलाल पोखेलको नाति लक्ष्मी नारायण पोखेलको छोरा अर्घाखाँची जिल्ला सन्धिखर्क न.पा. वडा नं. ०५ स्थायी घर भई हाल कपिलवस्तु जिल्ला बुद्धभुमी न.पा. वडा नं ०२ बस्ने, ना.प्र.नं. १३३९/२३७६ (जारी मितिः २०४४/०९/०८, स्थान अर्घाखाँची) भएका **मित्रलाल पोखेल ।**
५. दिवाकर उपाध्यायको नाति मधुसुधन उपाध्यायको छोरा कपिलवस्तु जिल्ला बाणगंगा गा.वि.स. वडा नं. ०८ स्थायी घर भई हाल कपिलवस्तु जिल्ला बाणगंगा न.पा. वडा नं ०७ बस्ने, ना.प्र.नं. ११९८ (जारी मितिः २०४५/०१/०२, स्थान कपिलवस्तु) भएका **पोष्ट राज उपाध्याय (गौतम) ।**
६. युद्ध प्रसाद भट्टराईकी छोरी तारा प्रसाद शर्माकी बुहारी भक्ति राम शर्माकी श्रीमती कपिलवस्तु जिल्ला निग्लिहवा गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल कपिलवस्तु जिल्ला बाणगंगा न.पा. वडा नं ०७ बस्ने, ना.प्र.नं. १/१३६१ (जारी मितिः २०५२/०९/०५, स्थान कपिलवस्तु) भएकी **दमकला शर्मा ।**

**धितोको विवरण**

**धितोमा रहेको सवारी साधनको विवरणः**
१. ऋणी **नमस्ते कपिलबस्तु बुद्धभूमी यातायात प्रा.लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. लु.१ ज.४५८६ भएको Eeco 7 Str (Maruti Suzuki).
२. ऋणी **नमस्ते कपिलबस्तु बुद्धभूमी यातायात प्रा.लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. लु.१ ज.४५८७ भएको Eeco 7 Str (Maruti Suzuki).
३. ऋणी **ननमस्ते कपिलबस्तु बुद्धभूमी यातायात प्रा.लि.** र धनी यस बैंक समेत भएको भाडा सवारी साधन दर्ता नं. लु.२ ख.५५९६ भएको LPO ८.५T/४२ (Tata ICV) .
४. ऋणी **नमस्ते कपिलबस्तु बुद्धभूमी यातायात प्रा.लि.** र धनी यस बैंक समेत भएको भाडा सवारी साधन दर्ता नं. लु.२ ख.५५९७ भएको LPO ८.५T/४२ (Tata ICV) .
५. ऋणी **नमस्ते कपिलबस्तु बुद्धभूमी यातायात प्रा.लि.**र धनी यस बैंक समेत भएको भाडा सवारी साधन दर्ता नं. लु.२ ख.५५९८ भएको LPO ८.५T/४२ (Tata ICV) .
६. ऋणी **नमस्ते कपिलबस्तु बुद्धभूमी यातायात प्रा.लि.** र धनी यस बैंक समेत भएको भाडा सवारी साधन दर्ता नं. लु.२ ख.५५९९ भएको LPO ८.५T/४२ (Tata ICV) .
७. ऋणी **नमस्ते कपिलबस्तु बुद्धभूमी यातायात प्रा.लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. लु.१ ज.४५४९ भएको Eeco 7 Str ( Maruti Suzuki).
८. ऋणी **नमस्ते कपिलबस्तु बुद्धभूमी यातायात प्रा.लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. लु.१ ज.४५५० भएको Eeco 7 Str ( Maruti Suzuki).

**२**

**ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य विभागमा मिति २०६७/१२/०८ मा प्रा.फ.नं. २०१९/०६७, स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **शुभम किराना पसल ।**
ठेगानाः कपिलवस्तु जिल्ला मोतीपुर गा.वि.स.वडा नं. ०३, कोईली बनगाई, कपिलवस्तु ।

**ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः**
ताकी जैसीको नाति तारा प्रसाद शर्माको छोरा कपिलवस्तु जिल्ला निग्लिहवा गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल कपिलवस्तु जिल्ला बाणगंगा न.पा. वडा नं ०७ बस्ने, ना.प्र.नं. ५९२ (जारी मितिः २०४५/०२/१९, स्थान कपिलवस्तु) भएका **भक्ति राम शर्मा ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१. युद्ध प्रसाद भट्टराईकी छोरी तारा प्रसाद शर्माकी बुहारी भक्ति राम शर्माकी श्रीमती कपिलवस्तु जिल्ला निग्लिहवा गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल कपिलवस्तु जिल्ला बाणगंगा न.पा. वडा नं ०७ बस्ने, ना.प्र.नं. १/१३६१ (जारी मितिः २०५२/०९/०५, स्थान कपिलवस्तु) भएकी **दमकला शर्मा ।**
२. तारा प्रसाद शर्माको नाति भक्ति राम शर्माको छोरा कपिलवस्तु जिल्ला निग्लिहवा गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल कपिलवस्तु जिल्ला बाणगंगा न.पा. वडा नं ०७ बस्ने, ना.प्र.नं. ३८-०१-०६८-१३१७२ (जारी मितिः २०६८/०३/१४, स्थान कपिलवस्तु) भएका **हेमराज शर्मा ।**

**धितोको विवरण**

**सवारी साधनको विवरणः**
ऋणी **शुभम किराना पसल** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. लु.३ च.४३९२ भएको Tata Xenon Yodha.

**३**

**ऋणीको नाम र ठेगानाको विवरण**

ताकी जैसीको नाति तारा प्रसाद शर्माको छोरा कपिलवस्तु जिल्ला निग्लिहवा गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल कपिलवस्तु जिल्ला बाणगंगा न.पा. वडा नं ०७ बस्ने, ना.प्र.नं. ५९२ (जारी मितिः २०४५/०२/१९, स्थान कपिलवस्तु) भएका **भक्ति राम शर्मा ।**

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. युद्ध प्रसाद भट्टराईकी छोरी तारा प्रसाद शर्माकी बुहारी भक्ति राम शर्माकी श्रीमती कपिलवस्तु जिल्ला निग्लिहवा गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल कपिलवस्तु जिल्ला बाणगंगा न.पा. वडा नं ०७ बस्ने, ना.प्र.नं. १/१३६१ (जारी मितिः २०५२/०९/०५, स्थान कपिलवस्तु) भएकी **दमकला शर्मा ।**
२. तारा प्रसाद शर्माको नाति भक्ति राम शर्माको छोरा कपिलवस्तु जिल्ला निग्लिहवा गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल कपिलवस्तु जिल्ला बाणगंगा न.पा. वडा नं ०७ बस्ने, ना.प्र.नं. ३८-०१-०६८-१३१७२ (जारी मितिः २०६८/०३/१४, स्थान कपिलवस्तु) भएका **हेमराज शर्मा ।**
३. तारा प्रसाद शर्माकी नातीनी, भक्ति राम शर्माकी छोरी कपिलवस्तु जिल्ला निग्लिहवा गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल कपिलवस्तु जिल्ला बाणगंगा न.पा. वडा नं ०७ बस्ने, ना.प्र.नं. ३८-०१-०६८-१३१७३ (जारी मितिः २०६८/०३/१४, स्थान कपिलवस्तु) भएकी **लिला शर्मा ।**

**नमस्ते कपिलबस्तु बुद्धभूमी यातायात प्रा.लि., शुभम किराना पसल र भक्ति राम शर्माको संयुक्त धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
१. कपिलवस्तु जिल्ला निग्लिहवा गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल कपिलवस्तु जिल्ला बाणगंगा न.पा. वडा नं ०७ बस्ने, **भक्ति राम शर्मा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कपिलवस्तु जिल्ला मोतीपुर गा.वि.स.वडा नं. ०२ सिट नं. २ग मा अवस्थित कि.नं. ४८५ क्षेत्रफल ०-०-१४१/२ विघा घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. कपिलवस्तु जिल्ला निग्लिहवा गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल कपिलवस्तु जिल्ला बाणगंगा न.पा. वडा नं ०७ बस्ने, **दमकला शर्मा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कपिलवस्तु जिल्ला मोतिपुर गा.वि.स. वडा नं. ०२ सिट नं. २ग मा अवस्थित कि.नं. १०४० क्षेत्रफल ०-१-११ विघा घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **चन्द्रौटा शाखा, कपिलवस्तु**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/११/०९ गते १:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **चन्द्रौटा शाखा, कपिलवस्तु**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/११/११ गते ३:०० बजे बैंकको **चन्द्रौटा शाखा, कपिलवस्तु**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहा जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **चन्द्रौटा शाखा, कपिलवस्तु**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

# मेरोमाइक्रोफाइनान्सको नाफा करीब २४ प्रतिशतले बढ्यो

काठमाडौं (अस) । मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडले चालू आर्थिक वर्षको दोस्रो त्रैमाससम्म ७ करोड ९५ लाख रुपैयाँभन्दा बढी खुद नाफा गरेको छ । गत वर्ष यस अवधिसम्म कम्पनीले ६ करोड ४३ लाख रुपैयाँभन्दा बढी खुद नाफा गरेको थियो । गत वर्षको तुलनामा यस वर्ष कम्पनीको खुद नाफा २३ दशमलव ७० प्रतिशत बढी भएको हो ।

यस वर्ष कम्पनीको खुद ब्याज आम्दानी गत वर्षभन्दा बढी संकलन भएकाले नाफा बढ्नमा सहयोग मिलेको हो । गत वर्ष ३९ करोड ६३ लाख रुपैयाँभन्दा बढी खुद ब्याज आम्दानी गरेको कम्पनीले यस वर्ष ५० करोड ६३ लाख रुपैयाँभन्दा बढी यो आम्दानी गरेको हो । दोस्रो त्रैमाससम्म कम्पनीको वितरणयोग्य नाफा भने ७ करोड ६० लाख रुपैयाँभन्दा बढी रहेको छ ।

हाल कम्पनीको चुक्तापूँजी १ अर्ब ३२ करोड रुपैयाँ छ भने जगेडा कोष रकम ७२ करोड ८९ लाख रुपैयाँभन्दा बढी छ । दोस्रो त्रैमाससम्म ३ अर्ब ६२ करोड रुपैयाँभन्दा बढी निक्षेप संकलन गरेको कम्पनीले ८ अर्ब ४० करोड रुपैयाँभन्दा बढी कर्जा सापटी लिएको छ । यस अवधिसम्म कम्पनीले १४ अर्ब १४ करोड ३६ लाख रुपैयाँभन्दा बढी कर्जा प्रवाह गरेको छ ।

गत वर्ष ७ दशमलव ८७ प्रतिशत रहेको निष्क्रिय कर्जा यस वर्ष ७ दशमलव ७८ प्रतिशतमा झरेको छ । वार्षिक प्रतिशेयर आम्दानी १२ रुपैयाँ ५ पैसा रहेको कम्पनीको प्रतिशेयर नेटवर्थ भने १६० रुपैयाँ ९९ पैसा छ ।

# दोर्दी खोला जलविद्युत्लाई हकप्रद जारी गर्न बोर्डको अनुमति

काठमाडौं (अस) । दोर्दी खोला जलविद्युत् कम्पनी लिमिटेडलाई शतप्रतिशत हकप्रद शेयर निष्कासन गर्न नेपाल धितोपत्र बोर्ड (सेबोन)ले अनुमति प्रदान गरेको छ । बोर्डले कम्पनीलाई शतप्रतिशत हकप्रद शेयर निष्कासनका लागि अनुमति प्रदान गरेको जानकारी कम्पनीले नेपाल स्टक एक्सचेन्ज (नेप्से) मार्फत गराएको हो ।

कम्पनीले हाल कायम चुक्तापूँजी १ अर्ब ५ करोड ४२ लाख ६० हजार रुपैयाँको आधारमा सोही रकम बराबरको हकप्रद शेयर निष्कासन गर्न लागेको हो । प्रतिशेयर १०० रुपैयाँ अंकित मूल्यका १ करोड ५ लाख ४२ हजार ६०४ कित्ता हकप्रद शेयर कम्पनीले निष्कासनमा ल्याउनेछ । कम्पनीले शतप्रतिशत हकप्रद शेयर निष्कासनका लागि गत असार ९ गते बोर्डमा आवेदन दर्ता गराएको थियो । हकप्रद शेयर निष्कासन तथा विक्री प्रबन्धकमा सानिमा क्यापिटल लिमिटेड रहेको छ ।

# सिवाईसी नेपाल लघुवित्तको नाफा बढ्यो

काठमाडौं (अस) । चालू आर्थिक वर्ष (आव)को दोस्रो त्रैमाससम्म सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडले ४ करोड ३१ लाख रुपैयाँभन्दा बढी खुद नाफा गरेको छ । गत वर्षको सोही अवधिसम्मको तुलनामा कम्पनीको खुद नाफा १०४ दशमलव ५९ प्रतिशत बढेको हो । गत वर्ष यस अवधिसम्म कम्पनीको खुद नाफा २ करोड १० लाख रुपैयाँभन्दा बढी रहेको थियो ।

यस वर्ष इम्पेयरमेन्ट चार्ज बापतको २ करोड ५३ लाख रुपैयाँभन्दा बढी रकम फिर्ता भएसँगै कम्पनीको खुद नाफामा सकारात्मक प्रभाव परेको हो । गत वर्ष यस अवधिमा कम्पनीले इम्पेयरमेन्ट चार्ज बापत करीब ९ लाख रुपैयाँ छुट्ट्याएको थियो । दोस्रो त्रैमाससम्म कम्पनीको वितरणयोग्य नाफा भने ३ करोड ३६ लाख रुपैयाँभन्दा बढी रहेको छ ।

हाल कम्पनीको चुक्तापूँजी २६ करोड ६४ लाख २४ हजार रुपैयाँ छ । रिटेन्ड अर्निङमा ५ करोड ७७ लाख रुपैयाँभन्दा बढी रहेको छ ।

कम्पनीले दोस्रो त्रैमाससम्म २ अर्ब ४८ करोड रुपैयाँभन्दा बढी निक्षेप संकलन गरेको छ भने २ अर्ब ६६ करोड रुपैयाँभन्दा बढी कर्जा सापटी लिएको छ । यस अवधिसम्म कम्पनीले ५ अर्ब ९० करोड रुपैयाँभन्दा बढी कर्जा प्रवाह गरेको छ ।

गत वर्ष ४ दशमलव ७७ प्रतिशत रहेको निष्क्रिय कर्जा यस वर्ष ४ दशमलव ३५ प्रतिशतमा झरेको छ । वार्षिक प्रतिशेयर आम्दानी ३२ रुपैयाँ ४० पैसा रहेको कम्पनीको प्रतिशेयर नेटवर्थ भने २५१ रुपैयाँ ७४ पैसा छ ।

# २७ सय विन्दु तल नेप्से

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
|---|---|---|---|---|---|
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| अप्पर लोहोरे खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ६३०.३० | १०.०० | उपकार लघुवित्त वित्तीय संस्था लि. | ५,९४०.०० | -१०.०० |
| सेन्ट्रल फाइनान्स लिमिटेड | ६१२.०० | ६.५१ | कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड | २,००४.१० | -१०.०० |
| १२% गुडविल फाइनान्स लिमिटेड डिबेन्चर २०८३ | १,२३०.०० | ६.०३ | भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लि. | ९४६.९० | -७.८९ |
| सुपर मादी हाइड्रोपावर लिमिटेड | १,१६०.०० | ५.७१ | एन आई सी एशिया सेलेक्ट-३० | ९.१२ | -४.९० |
| मल्टीपर्पस फाइनान्स लिमिटेड | ७०३.०० | ४.९६ | रावा इनर्जि डेभलपमेन्ट लिमिटेड | ८६२.५० | -४.७० |

**अभियान संवाददाता**

काठमाडौं

नेप्से परिसूचक २ हजार ७०० विन्दु तल झरेको छ। बिहीवार २ हजार ७१३ दशमलव ८८ विन्दुदेखि खुलेको बजार २ हजार ७२० दशमलव ४८ विन्दुसम्म पुगेको थियो । यो दिन नेप्से २ हजार ६९१ दशमलव ५६ विन्दुसम्म झरेर अन्तिममा २ हजार ६९९ दशमलव ८१ विन्दुमा बन्द भएको हो । अघिल्लो कारोबार दिनको तुलनामा यो दिन नेप्से परिसूचक शून्य दशमलव ४२ प्रतिशत अर्थात् ११ दशमलव ६४ अंकले घटेको हो । नेप्सेको तथ्यांकलाई हेर्दा पछिल्ला तीन कारोबार दिन बजार लगातार घटेको छ ।

कारोबार रकम भने बढेको छ। यस अघिका दुई कारोबार दिन करीब ९ अर्ब रुपैयाँको कारोबार भएकोमा बिहीवार ९ अर्ब २४ करोड ७३ लाख रुपैयाँ बराबरको धितोपत्र कारोबार भएको हो ।

कुल कारोबारमा साहस उर्जा लिमिटेडको सर्वाधिक रकमको शेयर कारोबार भएको छ । यस कम्पनीको ३१ करोड ३५ लाख रुपैयाँभन्दा बढीको शेयर कारोबार भएको हो । सर्वाधिक रकमको कारोबार भएको कम्पनीको शेयर मूल्य प्रतिकित्ता ५०७ रुपैयाँ ९० पैसा कायम भएको छ ।

बिहीवार कारोबारमा आएका कम्पनीमध्ये १६० कम्पनीको धितोपत्र मूल्य घटेको छ भने ७४ कम्पनीको धितोपत्र मूल्य बढेको छ। यो दिन ९ कम्पनीको धितोपत्र मूल्य भने स्थिर रहेको छ । यस दिन अप्पर लोहोरे खोला हाइड्रोपावर कम्पनीको शेयर मूल्य १० प्रतिशत बढेको छ । कम्पनीको शेयर मूल्य ६३० रुपैयाँ ३० पैसा कायम भएको हो ।

बिहीवार उपकार लघुवित्त र कर्पोरेट डेभलपमेन्ट बैंकको शेयर मूल्य १० प्रतिशत घटेको छ। उपकार लघुवित्तको अन्तिम शेयर मूल्य ५ हजार ९४० रुपैयाँ कायम भएको छ भने कर्पोरेट डेभलपमेन्ट बैंकको प्रतिकित्ता २ हजार ४ रुपैयाँ १० पैसा कायम भएको छ।

यस दिन वित्त समूहको परिसूचक १ दशमलव ५८ प्रतिशत बढेको छ भने बाँकी सबै समूहको परिसूचक घटेको छ । सर्वाधिक घट्नेमा विकास बैंक समूहको परिसूचक १ दशमलव ५३ प्रतिशत घटेको हो ।

**बजार पूँजीकरण घट्यो**

बिहीवार बजार पूँजीकरण रू. १९ अर्ब ३१ करोडले घट्दै रू. ४४ खर्ब ७९ अर्ब ३९ करोड कायम भएको छ। अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४४ खर्ब ९८ अर्ब ७१ करोड थियो ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा बिहीवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ। कुल कारोबारमध्ये ४९ दशमलव शून्य ५ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. ४ अर्ब ५३ करोड ५५ लाख बराबरको धितोपत्र किनबेच भएको छ । यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा वित्त समूह रहेको छ । उक्त समूहको रू. ८७ करोड ४३ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

बिहीवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ । उक्त ब्रोकरबाट रू. १ अर्ब १५ करोड ४२ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ६३ करोड ६५ लाख बराबरको धितोपत्र बिक्री भएको छ भने रू. ५१ करोड ७७ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ४५ रहेको छ। जसबाट बिहीवारको बजारमा रू. ७६ करोड ४४ लाख बराबरको धितोपत्र किनबेच भएको छ।

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | ४५३.५५ | ४९.०५ |
| २ | वित्त | ८७.४३ | ९.४६ |
| ३ | विकास बैंक | ८०.७१ | ८.७३ |
| ४ | लघुवित्त | ६४.६७ | ६.९९ |
| ५ | जीवन बीमा | ५१.२९ | ५.५५ |
| ६ | अन्य | ४७.४५ | ५.१३ |
| ७ | लगानी | ३७.६८ | ४.०८ |
| ८ | बैंकिङ्ग | ३३.७० | ३.६५ |
| ९ | निर्जीवन बीमा | २२.१६ | २.४० |
| १० | उत्पादन तथा प्रशोधन | २०.२२ | २.१९ |
| ११ | संस्थापक शेयर | १३.२० | १.४३ |
| १२ | होटल तथा पर्यटन | ७.७२ | ०.८४ |
| १३ | व्यापार | २.९२ | ०.३२ |
| १४ | म्युचुअल फण्ड | १.३२ | ०.१४ |
| १५ | ऋणपत्र | ०.६४ | ०.०७ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) | अन्तिम मूल्य(रू.) |
|---|---|---|
| साहस उर्जा लिमिटेड | ३१.३५ | ५०७.९० |
| नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | २२.२७ | ९८९.९० |
| बरुण हाइड्रोपावर कम्पनी लिमिटेड | १८.६९ | ४९०.०० |
| सानिमा माई हाइड्रोपावर लिमिटेड | १६.२० | ५१४.०० |
| युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड | १६.१९ | ३८९.०० |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | वित्त | २,७२२.३९ | १.५८ |
| २ | व्यापार | ४,३५८.२५ | -०.११ |
| ३ | जीवन बीमा | १३,१६८.८४ | -०.१५ |
| ४ | बैंकिङ्ग | १,३५९.१४ | -०.३४ |
| ५ | होटल तथा पर्यटन | ६,७५६.०४ | -०.३७ |
| ६ | जलविद्युत् | ३,८२३.८३ | -०.३७ |
| ७ | लगानी | १०५.८५ | -०.३९ |
| ८ | उत्पादन तथा प्रशोधन | ७,१६२.८९ | -०.४० |
| ९ | निर्जीवन बीमा | १३,११६.०४ | -०.४९ |
| १० | लघुवित्त | ५,१३७.४२ | -०.५९ |
| ११ | म्युचुअल फण्ड | २०.२३ | -०.६० |
| १२ | अन्य | २,१२३.२८ | -०.८९ |
| १३ | विकास बैंक | ५,७२५.४४ | -१.५३ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ५१.७७ | ६३.६५ | ११५.४२ |
| ४५ | ३७.५५ | ३८.८८ | ७६.४४ |
| ३४ | ३०.५४ | ३७.०३ | ६७.५७ |
| ४२ | ३३.३१ | ३३.३० | ६६.६१ |
| ४९ | २९.८२ | २२.९६ | ५२.७९ |

**आईपीओ अपडेट (वैदेशिक रोजगारीमा रहेका नेपाली)**

| कम्पनी | क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लि. |
|---|---|
| दिन | २०८१ माघ २४ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | २ लाख २५ हजार |
| आवेदक संख्या | ४६ हजार ३५१ |
| आवेदन परेको कित्ता | १२ लाख ८३ हजार ४०० |
| आवेदन परेको रकम | १२ करोड ८३ लाख ४० हजार |
| निष्कासनको तुलनामा माग | ५.७० गुणा |
| निष्कासन बन्द हुने मिति | २०८१ माघ २९ गते |
| विक्री प्रबन्धक | एनआइएमबि एस क्यापिटल लिमिटेड |

**आईपीओ अपडेट (वैदेशिक रोजगारीमा रहेका नेपाली)**

| कम्पनी | ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेड |
|---|---|
| दिन | २०८१ माघ २४ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | १ लाख ८० हजार |
| आवेदक संख्या | ३५ हजार ६२९ |
| आवेदन परेको कित्ता | ९ लाख ८ हजार १६० |
| आवेदन परेको रकम | ९ करोड ८ लाख १६ हजार |
| निष्कासनको तुलनामा माग | ५.०५ गुणा |
| निष्कासन बन्द हुने मिति | २०८१ फागुन ५ गते |
| विक्री प्रबन्धक | प्रभु क्यापिटल लिमिटेड |

स्रोत : सीडीएससी

**एशियाली शेयर बजारका सूचक (अपडेट : २०२५ फेब्रुवरी ६)**

| स्टक एक्सचेन्ज | सूचकको नाम | इन्डेक्स | फरक प्रतिशत |
|---|---|---|---|
| बम्बई स्टक एक्सचेन्ज | बीएसई सेन्सेक्स | ७८,०५८.१६ | -०.२७% |
| नेशनल स्टक एक्सचेन्ज | निफ्टी ५० | २३,६०३.३५ | -०.३९% |
| जापान एक्सचेन्ज ग्रुप | निक्केइ २२५ | ३९,०६६.५३ | ०.६१% |
| हङकङ स्टक एक्सचेन्ज | हाङ्सङ् | २०,८९१.६२ | १.४३% |
| साङ्हाई स्टक एक्सचेन्ज | साङ्हाई एसई कम्पोजिट इन्डेक्स | ३,२७०.६६ | १.२७% |

# लाभांश प्रस्ताव सहित सिद्धार्थ प्रिमियर इन्स्योरेन्सले बोलायो साधारणसभा

काठमाडौं (अस) । सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेडले फागुन १५ गते ३१औं वार्षिक साधारणसभा बोलाएको छ । माघ २३ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले लिसारा रिसेप्सेन, भगवती बहाल, नक्साल, काठमाडौंमा बिहान १०:३० बजे सभा गर्ने निर्णय गरेको हो ।

सभाले गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू पारित गर्नुका साथै चालू आर्थिक वर्षका लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको विषय टुंग्याउनेछ । साथै प्रस्तावित ३० प्रतिशत नगद लाभांश (कर समेत) वितरण गर्ने प्रस्तावलाई पनि सभाले अन्तिम स्वीकृति प्रदान गर्नेछ ।

कम्पनीले हाल कायम चुक्तापूँजी २ अर्ब ८० करोड ६५ लाख ४९ हजार रुपैयाँका आधारमा नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो । यस वर्ष कम्पनीले गत वर्षभन्दा बढी लाभांश वितरण गर्न लागेको हो । गत वर्ष अघिल्लो आर्थिक वर्ष २०७९/८० को मुनाफाबाट कम्पनीले ११ प्रतिशत नगद लाभांश (कर समेत) वितरण गरेको थियो ।

उल्लिखित प्रस्तावसँगै स्वतन्त्र सञ्चालक नियुक्ति अनुमोदन, नियमावलीको नियम ४७ (६) मा रहेको सञ्चालकको बैठक भत्तासम्बन्धी व्यवस्था संशोधन गर्ने प्रस्ताव पनि सभाले पारित गर्नेछ । नियमावली संशोधनका लागि आवश्यक सम्पूर्ण जिम्मेवारी सञ्चालक समितिलाई दिने निर्णय पनि सभाले गर्नेछ ।

साधारणसभा प्रयोजनका लागि कम्पनीले फागुन २ गते एक दिन बुक क्लोज गर्न लागेको छ । बुक क्लोजको आधारमा फागुन १ गतेसम्म कायम शेयरधनीहरूले मात्र सभामा भाग लिन र लाभांश प्राप्त गर्न सक्नेछन् ।

**रिलायन्स फाइनान्स लिमिटेडका ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्ने ३५ दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मितिः २०८१/१०/२५)

तपाई तपसिलका ऋणी/ऋणीहरुले यस फाइनान्सबाट लिनु भएको ऋण रकम, यस फाइनान्ससँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र फाइनान्सबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित मिति भित्रमा यस वित्तिय संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगर्नु भएमा यस फाइनान्सलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम विक्री गरी अथवा सो बाट आफ्नो लेना असूल उपर नभएमा तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल सम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून बमोजिम कारबाही गरी फाइनान्सले आफ्नो लेना रकम असूल उपर गरिनुका साथै तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशिल**

| केन्द्रिय कार्यालयः कमलादी, काठमाडौं | | | |
|---|---|---|---|
| ऋणीको विवरण | धितोको विवरण | व्यक्तिगत धन जमानी दिनेको विवरण | |
| १ **नाम : एडभान्स इन्टेरियर प्रा.लि. (प्रोः रन्जु श्रेष्ठ)**<br>ठेगाना : ललितपुर जिल्ला, ज्वागल, वडा नं. १०<br>दर्ता नं. : २३२९४९/०७६/०७७<br>जारी मिति : २०७६/१०/०९<br>पान नं. : ६०९७०६९४३<br>**कर्जा शिर्षक : व्यवसायिक कर्जा र क्यास क्रेडिट कर्जा** | एडभान्स इन्टेरियर प्रा.लि. को नाममा दर्ता रहेको धादिङ्ग जिल्ला, कुम्पुर वडा नं. ०७ स्थित कित्ता नं. ३२५ को क्षेत्रफल ७-५-१-१ को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । | **नाम : रन्जु श्रेष्ठ**<br>ठेगानाः तनहुँ जिल्ला,ब्यास न. पा. वडा नं ०२<br>हालको ठेगानाः काठमाडौं जिल्ला चन्द्रागिरी न.पा वडा नं. १४<br>ससुरा : बिष्णु प्रसाद बस्याल<br>श्रीमानः गोपाल बस्याल<br><br>**नाम : गोपाल बस्याल**<br>ठेगानाः नवलपरासी जिल्ला, रुपौलिया वडा नं ०८<br>हालको ठेगानाः काठमाडौं जिल्ला चन्द्रागिरी न.पा वडा नं. १४<br>बुवा : बिष्णु प्रसाद बस्याल<br>बाजे : शशीधर बस्याल | **नाम : दिनेश कुमार सुनुवार**<br>ठेगाना : उदयपुर जिल्ला, भिमदत्त थानागाउँ वडा नं ०७<br>हालको ठेगाना : काठमाडौं जिल्ला नागार्जुन न.पा वडा नं. ५<br>बुवा : नर बहादुर सुनुवार<br>बाजे : पदम बहादुर सुनुवार |

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

Head Office: Reliance Bhawan,Kamaladi, Kathmandu
Tel: +977–1–5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

**कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति २०८१ साल माघ महिना २५ गते शुक्रबार)

यस विकास बैंकको बिभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएको ले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) शाखा कार्यालय : मन्थली शाखा** — **कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**

**ऋणीको विवरण**

बल बहादुर बुढाथोकीको नाति रुद्र बहादुर बुढाथोकीको छोरा रामेछाप जिल्ला लिखु तामाकोशी गा.पा. वडा नं. ७ बस्ने **दुर्गा बुढाथोकी** (ना.प्र.नं. : २१-०१-७१-४९१६४ जारी मिति र जिल्ला : २०७१/१२/२६, रामेछाप)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) भक्त बहादुर बुढाथोकीको नाति बल बहादुर बुढाथोकीको छोरा रामेछाप जिल्ला तिल्पुङ वडा नं. ५ हाल, लिखु तामाकोशी गा.पा. वडा नं. ७ बस्ने **रुद्र बहादुर बुढाथोकी** (ना.प्र.नं. : १८८/२११०२७/३०८४ जारी मिति र जिल्ला : २०३८/०१/११, रामेछाप)

२) अकल बहादुर कार्कीको छोरी बल बहादुर बुढाथोकीको बुहारी रुद्र बहादुर बुढाथोकीको पत्नी रामेछाप जिल्ला तिल्पुङ वडा नं. ५ हाल, लिखु तामाकोशी गा.पा. वडा नं. ७ बस्ने **दीर्ग माया बुढा** (ना.प्र.नं. : १७६४ जारी मिति र जिल्ला : २०४४/११/२८, रामेछाप)

३) बल बहादुर बुढाथोकीको नाति रुद्र बहादुर बुढाथोकीको छोरा रामेछाप जिल्ला लिखु तामाकोशी वडा नं. ७ हाल, रामेछाप जिल्ला लिखु तामाकोशी गा.पा. वडा नं. ७ बस्ने **अर्जुन बुढाथोकी** (ना.प्र.नं. : २१३०२७-४२ जारी मिति र जिल्ला : २०६३/१०/१४, रामेछाप)

**२) शाखा कार्यालय : जमल शाखा** — **कर्जा शीर्षक : व्यक्तिगत अधिविकर्ष कर्जा**

**ऋणीको विवरण**

सन्तमान राजभण्डारीको नातिनी रुद्रमान राजभण्डारीको छोरी काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३० हाल, वडा नं. ३ बस्ने **कृष्णकला राजभण्डारी** (ना.प्र.नं. : २७१७/१८५३/२३९१३, जारी मिति र जिल्ला : २०३२/०५/२९, काठमाडौं)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) सन्तमान राजभण्डारीको नाति रुद्रमान राजभण्डारीको छोरा काठमाडौं जिल्ला काठमाडौं वडा नं. ३० हाल, वडा नं. ३ बस्ने **राधेश्याम राजभण्डारी** (ना.प्र.नं. : १०९१/४१०२ कास्की, जारी मिति र जिल्ला : २०३४/०७/१५, काठमाडौं)

२) सन्तमान राजभण्डारीको नाति रुद्रमान राजभण्डारीको छोरा काठमाडौं जिल्ला का.म.पा. वडा नं. ३० हाल, वडा नं. ३ बस्ने **माधव मान राजभण्डारी** (ना.प्र.नं. : २७५०४०/१२३४३, जारी मिति र जिल्ला : २०३३/०४/०४, काठमाडौं)

३) रुद्रमान राजभण्डारीको बुहारी पुरुषोत्तम राजभण्डारीको पत्नी काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३० हाल, वडा नं. ३ बस्ने **अम्बि जोशी** (ना.प्र.नं. : ३९८७, जारी मिति र जिल्ला : २०५३/०७/१०, काठमाडौं)

४) सन्तमान राजभण्डारीको नाति रुद्रमान राजभण्डारीको छोरा काठमाडौं जिल्ला काठमाडौं वडा नं. ३० हाल, वडा नं. ३ बस्ने **पुरुषोत्तम राजभण्डारी** (ना.प्र.नं. :५४०२, जारी मिति र जिल्ला : २०४६/१०/०३, काठमाडौं)

**३) शाखा कार्यालय : जमल शाखा** — **कर्जा शीर्षक : व्यावसायिक अधिविकर्ष कर्जा**

**ऋणीको विवरण**

नाम : **न्यु इजी स्टोर** प्रोप्राइटरको नाम : कृष्णकला राजभण्डारी प्रा.फ.र.नं. : ११८६५६/०७१/७२
दर्ता गर्ने कार्यालय : वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग (फर्म रजिष्ट्रेशन शाखा)
दर्ता मिति : २०७१/०५/२९
रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. १० स्थायी लेखा नं. : ६०२५३६५६९

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) सन्तमान राजभण्डारीको नातिनी रुद्रमान राजभण्डारीको छोरी काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३० हाल, वडा नं. ३ बस्ने **कृष्णकला राजभण्डारी** (ना.प्र.नं. : २७१७/१८५३/२३९१३, जारी मिति र जिल्ला : २०३२/०५/२९, काठमाडौं)

२) सन्तमान राजभण्डारीको नाति रुद्रमान राजभण्डारीको छोरा काठमाडौं जिल्ला काठमाडौं वडा नं. ३० हाल, वडा नं. ३ बस्ने **राधेश्याम राजभण्डारी** (ना.प्र.नं. : १०९१/४१०२ कास्की, जारी मिति र जिल्ला : २०३४/०७/१५, काठमाडौं)

३) सन्तमान राजभण्डारीको नाति रुद्रमान राजभण्डारीको छोरा काठमाडौं जिल्ला काठमाडौं वडा नं. ३० हाल, वडा नं. ३ बस्ने **पुरुषोत्तम राजभण्डारी** (ना.प्र.नं. :५४०२, जारी मिति र जिल्ला : २०४६/१०/०३, काठमाडौं)

४) सन्तमान राजभण्डारीको नाति रुद्रमान राजभण्डारीको छोरा काठमाडौं जिल्ला का.म.पा. वडा नं. ३० हाल, वडा नं. ३ बस्ने **माधव मान राजभण्डारी** (ना.प्र.नं. : २७५०४०/१२३४३, जारी मिति र जिल्ला : २०३३/०४/०४, काठमाडौं)

५) रुद्रमान राजभण्डारीको बुहारी पुरुषोत्तम राजभण्डारीको पत्नी काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३० हाल, वडा नं. ३ बस्ने **अम्बि जोशी** (ना.प्र.नं. : ३९८७, जारी मिति र जिल्ला : २०५३/०७/१०, काठमाडौं)

**४) शाखा कार्यालय : जमल शाखा** — **कर्जा शीर्षक : व्यक्तिगत अधिविकर्ष कर्जा**

**ऋणीको विवरण**

रेवती प्रसाद अर्यालको छोरी मेघ प्रसाद आचार्यको बुहारी राजन आचार्यको पत्नी धादिङ जिल्ला कुम्पुर गा.वि.स. वडा नं. ६ हाल, काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ३ बस्ने **विमला आचार्य** (ना.प्र.नं. : ३१/१५० जारी मिति र जिल्ला : २०६२/०४/१२, धादिङ)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) लक्ष्मी दास आचार्यको नाति मेघ प्रसाद आचार्यको छोरा धादिङ जिल्ला कुम्पुर वडा नं. ६ हाल, काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ३ बस्ने **राजन आचार्य** (ना.प्र.नं. : १४७३४, जारी मिति र जिल्ला : २०५३/०२/२९, धादिङ)

२) मेघ प्रसाद आचार्यको नाति राजन आचार्यको छोरा धादिङ जिल्ला कुम्पुर वडा नं. ६ हाल, काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ३ बस्ने **सुवास आचार्य** (ना.प्र.नं. : २६-०१-७१-०५५६४, जारी मिति र जिल्ला : २०७१/०८/०८, धादिङ)

३) मेघ प्रसाद आचार्यको नाति राजन आचार्यको छोरा धादिङ जिल्ला सिद्धलेक गा.पा. वडा नं. ७ हाल, काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ३ बस्ने **साहिल आचार्य** (ना.प्र.नं. : २६-०१-७५-०६८४४, जारी मिति र जिल्ला : २०७५/०८/१०, धादिङ)

**५) शाखा कार्यालय : मन्थली शाखा** — **कर्जा शीर्षक : साना उद्यम आवधिक कर्जा**

**ऋणीको विवरण**

अमृत बहादुर तमाङको नाति विर बहादुर तमाङको छोरा रामेछाप जिल्ला पकरबास गा.वि.स. वडा नं. ५ हाल, खाँडादेवी गा.पा. वडा नं. ५ बस्ने **दिनेश तमाङ** (ना.प्र.नं. : ६६८९५-२११०३३ जारी मिति र जिल्ला : २०६१/०३/०९, रामेछाप)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) वजिर सिं तमाङको छोरी बीर बहादुर तमाङको बुहारी दिनेश तमाङको पत्नी रामेछाप जिल्ला पकरबास वडा नं. ५ हाल, खाँडादेवी गा.पा. वडा नं. ५ बस्ने **सोम माया तमाङ** (ना.प्र.नं. : २१३०३३/१६७ जारी मिति र जिल्ला : २०६३/११/०६, रामेछाप)

२) डिकमान तामाङको नाती तेज बहादुर तामाङको छोरा रामेछाप जिल्ला मन्थली न.पा. वडा नं. १२ हाल, वडा नं. १ बस्ने **सम्वर बहादुर तामाङ** (ना.प्र.नं. : ७६९७१ जारी मिति र जिल्ला : २०६३/०१/१७, रामेछाप)

**६) शाखा कार्यालय : मन्थली शाखा** — **कर्जा शीर्षक : दलित समुदाय व्यवसाय विकास आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **न्यु मनकामना टेलर्स** प्रोप्राइटरको नाम : वुद्धिराज दमाई
प्रा.फ.र.नं. : १२३८/०६८/०६९
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, रामेछाप
दर्ता मिति : २०६८/०५/०१
रजिष्टर्ड ठेगाना : रामेछाप जिल्ला मन्थली गा.वि.स. वडा नं. ४ स्थायी लेखा नं. : ६००२११९९४

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) दधे दमाईको नाति विजुले दमाईको छोरा रामेछाप जिल्ला पिङखुरी वडा नं ४ हाल, खाँडादेवी गा.पा. वडा नं. ९ बस्ने **वुद्धिराज दमाई** (ना.प्र.नं. : २११०३९/५६८४१/७०७५ जारी मिति र जिल्ला : २०५९/०७/२५, रामेछाप)

२) सबिरे दमाईको नाति टेक बहादुर दमाईको छोरा रामेछाप जिल्ला पकरबास गा.वि.स. वडा नं. ७ हाल, खाँडादेवी गा.पा. वडा नं. ५ बस्ने **रमेश नेपाली** (ना.प्र.नं. : २१-०१-६९-३६७७५ जारी मिति र जिल्ला : २०६९/१२/१४, रामेछाप)

३) दलबहादुर दमाईको छोरी विजुले दमाईको बुहारी वुद्धिराज दमाईको पत्नी रामेछाप जिल्ला पिङखुरी वडा नं. ४ हाल, खाँडादेवी गा.पा. वडा नं. ९ बस्ने **जानुका दमाई** (ना.प्र.नं. : २११०३९/१८ जारी मिति र जिल्ला : २०६३/१०/०४, रामेछाप)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
शुक्रवार, २५ माघ २०८१ | Friday, 7 February 2025
आर्थिक अभियान

तीतोमीठो



मदन लम्साल

# ट्रम्प, सिक नेपालबाट

हन अमेरिकामा यो के-के भैरहेको हो ? ट्रम्प आएपछि त झ्यामका झ्याम निर्णय गरिरहेका छन्, नीति उल्ट्याइरहेका छन्, सेना परिचालन गरिरहेका छन्, व्यापार नियम बदलिरहेका छन् । अर्बौं डलरका योजना शुरू गरिसके, वैदेशिक सहायता एक झट्कामा रोकिदिए, युएसएआइडी नै बन्द गरिसके जस्तो छ । समर्थक-प्रतिपक्षी सबैलाई दश वर्ष भइसक्यो जस्तो लाग्दै होला ।

यो सब देखेर मलाई त ट्रम्पप्रति निकै दया पो लागेको छ । यस्तो हतारो किन ? हैन कहाँ पुग्ने लक्ष्य हो यो ? शपथ ग्रहण गरेकै दिन सय निर्णय ? यो त अत्ति भो । यस्तो हाई स्पीडले त दुर्घटना पो निम्त्याउँछ । सय दिनमा सात पनि काम नगर्ने नेपालबाट अमेरिकाले केही सिकोस् । मानिसले शिक्षा भनेको पशुपन्छीसँग पनि लिनुपर्छ रे । नेपालजस्ता विश्वकै महान् अनुभवी नेताहरूबाट सिक्न ट्रम्पले लाज मान्नु पर्दैन ।

नेपालमा हेर्नुस् त, सरकार बनेपछि कम्तीमा १०० दिन त आराम गर्ने चलन छ, हनिमुन पिरियड भनेर । हामीकहाँ त शपथ खाइसकेपछि नयाँ मन्त्रीहरूलाई पहिले मन्त्रालयको भवन र कोठा चिन्नै समय लाग्छ । त्यसपछि 'मन्त्री क्वार्टरको टायल चेन्ज गर्नुपर्‍यो, खाट फेर्नुपर्‍यो भन्ने आदेश आउँछ । त्यसपछि बधाई, खादा, फूलमाला ग्रहणको महीना शुरू । अनि उद्घाटन सुद्घाटनबाट फुर्सद मिलेछ भने बल्ल 'काम के गर्ने' भन्ने कुरा आउँछन् ।

हतारको काम लतपत । हामी योजनाबद्ध छौं, स्थायित्वमा विश्वास गर्छौं, अध्ययनलाई सम्मान गर्छौं । ट्रम्पले त मन्त्रीहरूले शपथ लिन पा छैन, नीतिनियमहरू नै उल्ट्याइहाले । नेपालबाट केही सिकेनछन् । हाम्रोमा त शपथ लिनै तीन दिन, सरकार बनाउन तीन महीना, नीति बनाउन तीन वर्ष लाग्छ । छलफल यति लामो चल्छ कि 'अब त यसलाई राष्ट्रिय खेल बनाउनुपर्छ' भन्ने अवस्था आउँछ ।

तर ट्रम्पले सरकार सम्हाल्नेबित्तिकै सीमामा सेना खटाए, मेक्सिको र क्यानडालाई २५ प्रतिशत कर थपिदिए, पछि फेरि रोके । नेपालमा यस्तो हतार हुँदैन ! सीमा समस्या परे पहिले विज्ञप्ति आउँछ, त्यसपछि उच्चस्तरीय समिति बन्छ, अनि विस्तृत अध्ययन हुन्छ । अध्ययन निष्कर्ष निकाल्न चार-पाँच वर्ष लाग्छ । त्यसपछि अर्को समिति गठन, रिपोर्टमाथि अध्ययन, अनि 'गोप्य वार्ता' ! अन्ततः छलफल शुरू हुन्छ, तर कार्यान्वयन ? ए हो, त्यो त अलि परको कुरा हो नि !

ट्रम्पले चाहिँ 'हिजो निर्णय, आज कार्यान्वयन'को हतारो मच्चाएका छन्, कस्तो अपरिपक्वता । त्यसरी त देश बर्बाद हुँदैन भन्या ? राष्ट्रियता खतरामा पर्दैन ?

ट्रम्पले व्यापार नीति उल्टाएर नाफा बढाउने नीति ल्याए । हाम्रो त सोच नै बेग्लै छ- हामी व्यापार नीति उल्ट्याउनुभन्दा पहिले कार्यदल बनाउँछौं । कार्यदलले १० महीना छलफल गर्छ, प्रतिवेदन तयार गर्छ । त्यसपछि त्यो प्रतिवेदन अर्को समितिमा पठाइन्छ, अन्ततः निष्कर्ष निस्किन्छ- 'थप अध्ययन आवश्यक छ ।'

सडकमा खाल्डो छ ? विद्युत् महँगो भयो ? वा कुनै पनि समस्या पर्‍यो भने पहिले बैठक, अनि अध्ययन समिति, अनि रिपोर्टको शृंखला ! जस्तै, नदी सुक्दै छ भने पहिला एनजीओले रिपोर्ट लेख्छ । अर्थतन्त्र डामाडोल छ भने अन्तरराष्ट्रिय सम्मेलन गरौं भन्ने कुरा आउँछ । भूमिहीनहरूलाई जग्गा वितरण गरेर लालपुर्जा बाँड्ने छलफल शुरू गरेको नै तीन दशक भइसक्यो !

**ट्रम्पले व्यापार नीति उल्टाएर नाफा बढाउने नीति ल्याए । हामी त व्यापार नीति उल्ट्याउनुभन्दा पहिले कार्यदल बनाउँछौं । कार्यदलले १० महीना छलफल गर्छ, प्रतिवेदन तयार गर्छ । त्यो प्रतिवेदन अर्को समितिमा पठाइन्छ, अन्ततः निष्कर्ष निस्किन्छ– 'थप अध्ययन आवश्यक छ ।' सडकमा खाल्डो छ ? विद्युत् महँगो भयो ? वा कुनै पनि समस्या पर्‍यो भने पहिले बैठक, अनि अध्ययन समिति, अनि रिपोर्टको शृंखला !**

तर, ट्रम्पले एकातिर 'मेड इन अमेरिका' नीतिको कुरा गरेर १०० बिलियन डलरको फण्ड ग्यारेन्टी पनि गरिहाले । र, ओपनएआईले पनि जापानी कम्पनीसँग मिलेर ५०० बिलियन डलरको डेटा सेन्टर बनाउने घोषणा गरिसक्यो । यो त विरोधाभास भयो नि । नेपालले यस्ता कुरा सिकाएको थिएन त । नेपालमा त यस्ता ठूला योजना अघि बढाउनुभन्दा पहिले माटो परीक्षण, त्यसपछि वातावरणीय प्रभाव मूल्यांकन, स्थानीयवासीसँग छलफल, त्यसपछि ठेकेदार छनोट, अनि अदालतमा मुद्दा र संसद्मा मारमुँग्री हुनुपर्छ । अनि बल्ल योजना के गर्ने भन्ने कुरा शुरू हुन्छ । कार्यान्वयन त पछिका कुरा हो नि । कार्यान्वयन शुरू भएछ नै भने पनि म्याद थपेका थप्यै गर्नुपर्ने अर्को कथा छँदै छ । दिगो विकास भनेको यस्तो पो हुन्छ । विकासको कथालाई दिगो बनाउने । तर ट्रम्पलाई कसले सम्झाउने ?

अर्को उदाहरण हेरौं, हाम्रोमा त कुनै मेसिन किन्ने निर्णय गर्न २ वर्ष लाग्छ, खरीद प्रक्रियामा ५ वर्ष लाग्छ र मेसिन जडान गर्न थप ३ वर्ष । जब मेसिन चल्ने बेला हुन्छ, त्यति बेला फ्यानबेल्ट छुटेको थाहा हुन्छ । तर बजेट सकिइसकेको हुन्छ । अनि नयाँ बजेट माग्ने प्रक्रिया शुरू हुन्छ । यसरी हाम्रोमा विकासको चक्र दिगो रूपले चलिरहन्छ ।

हाम्रो भाषा, भेष र परिवेश त फरक छ, त्यसैले हाम्रा प्राथमिकता पनि फरक छन् भन्नुहोला । अहिले हाम्रो बहस 'संविधानको धारा ७८ को उपधारा ३ लाई सुधार गर्नुपर्छ' भन्ने छ । त्यसोभए हामीकहाँ 'दश वर्षमा के बदलियो' भनेर सोध्नुहोला । ल कत्ति गाडीका नम्बर प्लेट बदलिएका छन् नि ।

दुनियाँको तुलनामा विकास योजनाको सही मोडेल नेपालमा मात्रै अपनाइन्छ । त्यसैले त नेपालमा विकासको गति पनि गजबकै छ । कुनै शहरमा बाटो खन्ने निर्णय भयो भने, शुरूमा आधा बाटो खन्छन्, अनि दुई वर्ष सोच्छन्, 'अब के गर्ने ?' त्यसपछि फेरि अध्ययन समिति बन्छ, कति बजेट थप्नुपर्छ भनेर अर्को वर्ष छलफल गर्छ । त्यति बेलासम्म खनेको बाटोमा पानी भरिन्छ, यात्रुहरू पौडी खेल्दै हिँड्न थाल्छन्, अनि बल्ल 'अब पुर्नुपर्छ' भन्ने निष्कर्षमा पुगिन्छ ।

रोजगारीको समस्या समाधान गर्न पनि ट्रम्पले हामीसँग सिक्नुपर्छ । हामी विदेशमा काम गर्न जाने युवालाई सजिलो बनाउँछौं । हाम्रा युवाहरू विदेश गएर डलर पठाउँछन्, अनि सरकारको रेमिट्यान्स नीति सफल हुन्छ । तर ट्रम्प भने 'देशभित्रै रोजगारी सृजना गर्नुपर्छ' भन्ने गफ दिएर अमेरिका बसिरहेका विदेशी युवाहरूलाई धमाधम लखेट्न पो थालेका छन् । विदेशी युवाहरू स्वदेश फर्के भने अमेरिकाका ग्यास स्टेशन, रेष्टुरेन्ट लगायत ससाना काम कसले गरिदिन्छ ? खै कुरा बुझेको ?

वास्तवमा नेपालको नीति विश्वकै उत्कृष्ट छ । अमेरिका, चीन, युरोप सबैले नेपालबाट सिक्नुपर्छ । हाम्रा नेता, कर्मचारी र विकासवेत्ताहरूको परिपक्वतालाई परख गर्नुस् त, कति गम्भीर, दूरदर्शी र धैर्यवान् छन् । तरट्रम्प ? चटपटे सोचका कारण हतपतमा निर्णय गरेर ट्रम्पले अमेरिकालाई जोखिममा पार्दै छन् भन्ने सबैलाई चेतना भया । त्यसैले ट्रम्पलाई सुझाव दिनैपर्छ- नेपालजस्तै धैर्य राख, समिति बनाऊ, छलफल गर, अनि मात्र कार्यान्वयन गर ! ट्रम्प, सिक नेपालबाट ।

हामीले भन्दाभन्दै पनि ट्रम्पले सिकेनन् भने राम राम भन्नु सिवाय हामीले त के नै गर्न सक्छौं र ?



तस्वीर : एएफपी / रासस

यही माघ २१ गते हिमाललाई पृष्ठभूमि बनाएर खिचिएको तस्वीरमा चन्द्रागिरि केबलकार ।

# सुनील पौडेलविरुद्ध अर्को भ्रष्टाचार मुद्दा

काठमाडौं (अस) । राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक एवं नेपाल टेलिकमका पूर्वप्रबन्ध निर्देशक सुनील पौडेलमाथि अर्को भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ठेकेदार कम्पनीसँग मिलेर अनियमितता गरेको अभियोगमा बिहीवार विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

अख्तियारका अनुसार १२ करोड ४२ लाख ८० हजार रुपैयाँ बराबरको सामान खरीद गर्दा पौडेलले तीन करोड आठ लाख ५० हजार चार सय रुपैयाँ घुस लिएको पाइएको छ । सोही प्रकरणमा आपूर्तिकर्ता कम्पनी एक्टर्स कम्प्युटर्स नेपाल प्रालिका सञ्चालक दीपक आनन्दलाई पनि प्रतिवादी बनाइएको छ ।



पौडेलले राष्ट्रिय सूचना प्रविधि केन्द्रमा कार्यरत रहँदा सेक्युरिटी अप्लायन्सेस तथा नेटवर्क इक्वीपमेन्ट खरीद गर्दा आपूर्तिकर्तासँग मिलेर स्पेसिफिकेसन तयार पारेको आयोगको ठहर छ, जसअनुसार उक्त कम्पनी मात्र छनोट हुने गरी बोलपत्र प्रक्रिया सञ्चालन गरिएको थियो । लागत अनुमानभन्दा एक प्रतिशत कम मूल्यमा ठेक्का दिइएको र भुक्तानी प्रक्रियासम्म पौडेलको प्रत्यक्ष संलग्नता रहेको अख्तियारले जनाएको छ । घुसको रकम अमेरिका र भारतका बैंक खातामा जम्मा गरिएको प्रमाण फेला परेको आयोगको दाबी छ । साथै, पौडेलको मोबाइल तथा ल्यापटपबाट गरिएको प्राविधिक परीक्षणमा शुरूदेखि नै ठेक्का सेटिङ र घुस लेनदेनसम्बन्धी कुराकानी भएको देखिएको आयोगले जनाएको छ । ह्वाट्सएप तथा इमेल संवादसमेत प्रमाणको रूपमा समावेश गरिएको छ । हाल डिल्लीबजार कारागारमा रहेका पौडेलविरुद्ध यसअघि पनि भ्रष्टाचारका आरोपमा मुद्दा दायर भएका थिए । केही प्रकरणमा उनी दोषी ठहर भइसकेका छन् ।

## तल्लो सोलु जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा

सोलुखुम्बु । जिल्लाको तिङ्ला क्षेत्रमा निर्माणाधीन ८२ मेगावाट क्षमताको तल्लो सोलुखोला जलविद्युत् आयोजना अन्तिम चरणमा पुगेको छ । आयोजनाको भौतिक प्रगति ९५ प्रतिशत भएको छ । तल्लोसोलु हाइड्रोपावर कम्पनी लिमिटेडद्वारा प्रवर्द्धित आयोजनामा जेनेरेटर तथा टर्बाइन जडान, हेडवर्क्स, विद्युत्गृह, सुरुङमार्गलगायत संरचना निर्माण भएका छन् ।

कम्पनीका प्रबन्धक धर्मेन्द्र गोतामेका अनुसार आयोजनाको पेनस्टक टनेलको 'बेक थ्रु'को चरणमा पुगेको छ । उनले भने, 'आयोजनाको काम अन्तिम चरणमा पुगेको छ । अब पेनस्टक पाइपको मात्र बाँकी छ । आगामी भदौमा व्यावसायिक उत्पादन गर्ने हाम्रो लक्ष्य हो ।'

आयोजनाको प्रसारण लाइन निर्माण पनि ८० प्रतिशतभन्दा बढी सम्पन्न भइसकेको छ । एफएमओलगायतका युरोपियन बैंक (इन्टरनेसनल फन्डिङ एजेन्सी)को १६ अर्ब रुपैयाँ ऋण लगानीमा सन् २०१६ अगस्टदेखि निर्माण थालिएको थियो । आयोजना सेप्टेम्बर २०२५ भित्र पूरा गर्ने लक्ष्य राखिएको छ । सोलुदूधकुण्ड नगरपालिका-७ र ११ को सिमानामा पर्ने साल्मे क्षेत्रको सोलु खोलामा बाँध निर्माण गरी पानी संकलन गरिएको छ । उक्त पानी करीब ६ किलोमिटर टाढाको तिङ्लाको भदौरेस्थित विद्युत्गृहमा झारिनेछ । यसका लागि पाँच किलोमिटर लामो सुरुङमार्ग निर्माण गरिएको छ ।

भौगोलिक कठिनाइ र लामो सुरुङमार्गका कारण अनुमानित लागतभन्दा अधिक खर्च हुन सक्ने उनको अनुमान छ । हाल आयोजनामा सात सय कामदार कार्यरत छन् । साथै सय जना स्थानीयले रोजगारी पनि पाएका छन् । आयोजना सम्पन्न भएपछि हिउँदमा न्यूनतम २३ मेगावाट र वर्षायाममा ८२ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको छ । उत्पादित विद्युत् तिङ्ला सबस्टेसनमार्फत राष्ट्रिय प्रसारण लाइनमा जोडिनेछ । *रासस*

तथ्यांकोवाच

## क्याल्कुलेटरको विश्व आयात बजार ६ अर्ब ६० करोड अमेरिकी डलर

वर्तमान युगको अत्यावश्यक वस्तुका रूपमा परिचित क्याल्कुलेटरको विश्व आयात ६ अर्ब ६० करोड अमेरिकी डलर बराबर रहेको छ । विश्वबजारमा अत्यधिक माग रहेको क्याल्कुलेटर क्षेत्रमा नेपालले पनि आफ्नो क्षमता भ्याउने गरी उपस्थिति जनाउन सक्ने रणनीति तर्जुमा हुन आवश्यक छ ।

| आयातकर्ता मुलुकहरू | मूल्य हजार अमेरिकी डलर | सन्तुलन |
|---|---|---|
| विश्व | ६५९९५२० | -४६७५५० |
| संयुक्त राज्य अमेरिका | १४१०००७ | -१०४२०४१ |
| हङकङ, चीन | ४१६८१२ | ९४१२४ |
| संयुक्त अधिराज्य | ३६१८२९ | -२६४३२० |
| इटाली | २९५८८८ | -२१६४०३ |
| क्यानडा | २७१२७९ | -२२३५५९ |
| फ्रान्स | २३७७८१ | -१४७०९० |
| जर्मनी | २२११३८ | १३२७१३ |
| जापान | १९८८३० | -१९५६०७ |
| अष्ट्रेलिया | १७९१९६ | -१६८११७ |
| नेदरल्याण्ड्स | १७१०१७ | -२१५९८ |
| मेक्सिको | १६९९७३ | -२२०६ |
| भारत | १५१२७४ | -३५३७९ |
| टर्की | १३५१८४ | -१२६४७६ |
| रूसी संघ | १३१४७० | -१२६११३ |
| स्पेन | १२६३०७ | -८१४७३ |
| इन्डोनेसिया | १२४७०८ | -१२०७४३ |
| साउदी अरेबिया | ९५७०२ | -९५०७३ |
| दक्षिण अफ्रिका | ९०९४५ | -७८१५३ |
| चिली | ९०००४ | -८८६७७ |
| पोल्याण्ड | ८४४२५ | -५७३९६ |
| सिंगापुर | ६६८५८ | २०३३१ |
| अर्जेन्टिना | ६१३६९ | -६१३६९ |
| मलेसिया | ६१०८६ | -२२८८६ |
| हंगेरी | ५९९२५ | ९८५६७ |
| कोरिया, गणराज्य | ५६९०२ | २३३९८ |
| संयुक्त अरब इमिरेट्स | ५०९४३ | -२९९७६ |
| रोमानिया | ४९००४ | -३९२५६ |
| चीन | ४७४१५ | २४९६४१० |
| थाइल्याण्ड | ४०९५६ | १४२७९९ |
| पेरु | ३७७७७ | -३७५५१ |
| अस्ट्रिया | ३६९९० | -१५४१२ |
| डेनमार्क | ३६९१६ | -१३१७८ |
| पोर्चुगल | ३६०४७ | -१९६६७ |
| चेक गणराज्य | ३५७०८ | -७१८८ |
| भेनेजुएला, बोलिभेरियन गणराज्य | ३५४३० | -३५४२९ |
| ग्रीस | ३५२३५ | -२६४४७ |
| भियतनाम | ३४७४७ | ६९५०९ |
| स्वीडेन | ३३७८४ | -२४०१८ |
| फिलिपिन्स | ३२६७१ | ६६२०४ |
| बेल्जियम | ३१४४७ | -११५९२ |
| कोलम्बिया | २७४८५ | -२७०८५ |
| आयरल्याण्ड | २६३७८ | -२३५२२ |
| न्यूजील्याण्ड | २५९०२ | -२४०६१ |
| स्विट्जरल्याण्ड | २५३७७ | -२१३७८ |
| इजिप्ट | २४७३० | -२४७१५ |
| ताइपेई, चिनियाँ | २३५४३ | २६३५०६ |
| काजाकिस्तान | २१२९८ | -१९४९९ |
| युक्रेन | १९८३९ | -१९४९१ |
| कुवेत | १९४७० | -१९२३९ |
| नर्वे | १९४६८ | १०१०२९ |
| फिनल्याण्ड | १८२२९ | -१७६९० |
| बुल्गेरिया | १६७४२ | ११४९६ |
| स्लोभाकिया | १६६५६ | -१४४८१ |
| इजरायल | १६३०९ | -१३३५० |

| आयातकर्ता मुलुकहरू | मूल्य हजार अमेरिकी डलर | सन्तुलन |
|---|---|---|
| पनामा | १६०१६ | -१४५ |
| ब्राजिल | १५६७४ | ३६९८६ |
| कोस्टारिका | १३९३५ | -१३८७७ |
| बंगलादेश | १२४८० | -१२४७४ |
| इराक | १२२६० | -१२२६० |
| क्रोएसिया | १२२४९ | -९३६६ |
| अंगोला | १११७१ | -१११७१ |
| इक्वेडर | १०९८२ | -१०३३६ |
| तान्जानिया, संयुक्त गणतन्त्र | १०३६७ | -१०१६३ |
| मोरक्को | १०१२१ | -९८१९ |
| पाराग्वे | ९८३२ | -९७९५ |
| ग्वाटेमाला | ९४४१ | -८९५२ |
| स्लोभेनिया | ९३१० | -४७३० |
| जमैका | ९२१४ | -९२०३ |
| ताजिकिस्तान | ९२०७ | -९२०७ |
| लिथुआनिया | ९१०३ | -२५४७ |
| किर्गिजस्तान | ९०२९ | -९०२७ |
| जोर्डन | ८८९२ | -८३५९ |
| जर्जिया | ८५६२ | -८४७६ |
| डोमिनिकन रिपब्लिक | ८५४८ | -८४२१ |
| उज्वेकिस्तान | ८३२३ | -८१७४ |
| एलसाल्भाडोर | ७८६३ | -७८५० |
| पाकिस्तान | ७७४४ | -७५५२ |
| अल्जेरिया | ७४५५ | -७४५४ |
| नाइजेरिया | ७२६८ | -७२६८ |
| होन्डुरस | ७०३२ | -६९५४ |
| केन्या | ७०१२ | -६८३० |
| ट्युनिसिया | ७०१० | -४६८ |
| इथियोपिया | ६९९९ | -६९९४ |
| लक्जमबर्ग | ६७५७ | -५८८३ |
| लिबिया, राज्य | ६७०० | -६७०० |
| सर्बिया | ६१७९ | -४९२४ |
| कतार | ५८१५ | -५६२६ |
| मोजाम्बिक | ५७८५ | -५७८५ |
| जिम्बाब्वे | ५५६५ | -५५६५ |
| अजरबैजान | ५२३१ | -५२२४ |
| मंगोलिया | ५१०७ | -५१०१ |
| बेलारुस | ४९५५ | -३८०० |
| उरुग्वे | ४९१९ | -४८५२ |
| मोल्डोभा, गणतन्त्र | ४५२२ | -४५०९ |
| ओमान | ४४९३ | -४३५७ |
| आर्मेनिया | ४४१९ | -३८४१ |
| बोलिभिया, बहुराष्ट्रिय राज्य | ४१५३ | -४१५३ |
| बहराइन | ३९०० | -३३४१ |
| श्रीलंका | ३७९५ | -३७७५ |
| इस्टोनिया | ३३९३ | १४७९६ |
| जाम्बिया | ३२३४ | -२९३२ |
| इरान, इस्लामिक गणतन्त्र | ३१९३ | -३१८६ |
| कोटडी आइवर | ३०१९ | -२९८९ |
| लाटभिया | ३०१६ | -१३१८ |
| बोस्निया र हर्जगोभिना | २७११ | -१४२३ |
| साइप्रस | २५७८ | -२५५१ |
| त्रिनिडाड र टोबागो | २५१६ | -२३१६ |
| लेबनान | २४९४ | -२३४१ |
| नेपाल | २४४४ | -२४०८ |

*स्रोत : आइटिसी*

# १९ बुँदे माग पूरा नभए आन्दोलनमा जाने ग्यास उद्योगीको चेतावनी

काठमाडौं (अस) । एलपी ग्यास उद्योगीले विभिन्न १९ बुँदे माग अघि सार्दै ती माग पूरा नभए माघ २९ गतेबाट आन्दोलन गर्ने चेतावनी दिएका छन् । एलपी ग्यास उद्योगीहरूको छाता संगठन नेपाल एलपी ग्यास उद्योग संघले बिहीवार ललितपुरमा पत्रकार सम्मेलन गरी आफ्ना मागबारे जानकारी गराएको हो ।




माघ २९ गतेसम्म संघले अघि सारेका माग पूरा नभए माघ ३० गतेदेखि देशभरका ५९ ओटै ग्यास उद्योगले नेपाल आयल निगमबाट प्रोडक्ट डेलिभरी अर्डर (पीडीओ) खरीद नगर्ने संघका अध्यक्ष शिवप्रसाद घिमिरेले पत्रकार सम्मेलनमा जानकारी दिए ।

आन्दोलनअन्तर्गत फागुन १ देखि ५ गतेसम्म सबै ग्यास उद्योगले विरोधका कार्यक्रम प्रचारप्रसार गरी सरोकारवाला निकाय, राजनीतिक दल, उपभोक्ता अधिकारवादी संस्था, ग्यास विक्रेता संगठन र आम उपभोक्तालाई जानकारी गराउने र फागुन ६ गतेदेखि इन्डियन आयल कर्पोरेसनबाट नेपालका लागि एलपी ग्यासको बुलेट लोड नगराउने बताइएको छ ।

फागुन १२ गतेदेखि नेपालका लागि लोड भएर आएका कुनै पनि ग्यास बुलेट भन्सार नाकाबाट नछुटाउने र त्यति गर्दा पनि माग पूरा नभए फागुन १८ गतेदेखि देशभरका ग्यास उद्योग अनिश्चितकालका लागि बन्द गर्ने अध्यक्ष घिमिरेले बताए । त्यसैगरी, फागुन २२ गतेदेखि देशभरका ग्यास विक्रेता डिपोहरूलाई कारोबार बन्द गर्न अनुरोध गर्ने संघको भनाइ छ ।

संघले एलपी ग्यास उपभोक्ताले ग्यास उपभोग गर्दा अपनाउनुपर्ने सावधानी, प्रयोग गर्ने विधिबारे जनचेतना जगाउन सरकारले एलपी ग्यास आयातको १ प्रतिशत छुट्ट्याउनुपर्ने, ६ वर्षदेखि डिलर कमिसन, ढुवानी, ओभरहेड खर्च वृद्धि नभएकोले तत्कालै वृद्धि गर्नुपर्ने र हरेक वर्ष मुद्रास्फीति दरअनुसार समायोजन गर्ने व्यवस्था हुनुपर्ने माग गरेको छ । उद्योगी र डिलरको मुनाफा प्रतिशतमा कायम गरी ५ प्रतिशतभन्दा कम नहुने व्यवस्था गर्नुपर्ने र ग्यासको कोटा सिलिन्डर खरीद र रुजु गरेअनुसार हरेक वर्ष वृद्धि गर्दै जानुपर्ने संघको मागपत्रमा उल्लेख छ ।

एलपी ग्यासको सिलिन्डरबाट हुने दुर्घटनामा निर्माता (उद्योग), उद्योगी, विक्रेता, उपभोक्ताको दायित्वबारे छुट्टाछुट्टै कानूनी व्यवस्था गर्न माग गरेको संघले हरेक ग्यास उद्योगले आ-आफ्नो उद्योगको भौतिक संरचना वा मालवस्तुको बीमा आआफ्नो लगानीअनुसार गरे पनि कारणवस उद्योगभित्र दुर्घटना भई उद्योग क्षेत्रबाहिर धनजनको क्षति भएमा उद्योगको क्षमता तथा काबुभन्दा बाहिरको अवस्थामा कानून बमोजिम तोकिएको क्षति नेपाल सरकारबाट पाउने व्यवस्था हुनुपर्ने संघको भनाइ छ ।

काठमाडौं, ललितपुर, भक्तपुरलगायत देशका प्रमुख शहरमा सामूहिक ग्यास डिपो राख्न सरकारले संघलाई जग्गा उपलब्ध गराउनुपर्ने बुँदा पनि संघको मागपत्रमा छ । यसो गर्दा ग्यास अभावको बेला आपूर्ति सहज हुने संघको भनाइ छ ।

ग्यासजन्य दुर्घटना रोक्न, कमसल पाइप तथा रेगुलेटर प्रयोगमा कडाइ गर्न र सुरक्षासम्बन्धी नियम पालना गराउन कानूनी व्यवस्था गर्नुपर्ने माग गरेको संघले २०७० सालमा सरकार र संघबीच भएको ७५-२५ प्रतिशतको कार्यविधि तत्काल लागू गर्न भनेको छ । संघले पेट्रोलियम क्षेत्रको नियमनको लागि आवश्यक ऐन र पेट्रोलियम प्राधिकरण गठन गर्नुपर्ने तथा

र ग्यास सिलिन्डर दुर्घटनाको अनुसन्धान तथा न्यूनीकरणका लागि प्राविधिकसहितको स्वतन्त्र अनुगमन समिति स्थायी रूपमा गठन गर्नुपर्ने बताएको छ ।

संघले नेपाली नम्बर प्लेटका ग्यास बुलेटहरू भारतीय एक्सप्लोसिभ विभाग नागपुरले विनाकारण इजाजत नदिँदा ७ वर्षदेखि त्यत्तिकै थन्किएको स्मरण गराउँदै ती बुलेट तत्काल सञ्चालनका लागि कूटनीतिक पहल गर्न माग गरेको छ । त्यसैगरी ईपीडीओको व्यवस्था तत्काल लागू गर्न र ग्यास प्रयोग गर्दा अपनाउनुपर्ने सुरक्षा सावधानीबारे जनचेतनामूलक कार्यक्रम गर्ने विषयमा सरकार र संघबीच २०७० जेठ २० गते भएको सम्झौता तत्काल कार्यान्वयन गर्न पनि संघले माग गरेको छ ।

अति आवश्यकीय वस्तु एलपी ग्यासमा स्थानीय तहहरू (गाविस, नगरपालिका, उप महानगरपालिका, महानगरपालिका, जिल्ला विकास समिति) लगायत अन्य संघसंस्थाबाट स्थानीय कर (पार्किङ शुल्क, प्रवेश शुल्क, निकासी शुल्क, कवाडी शुल्क) र अन्य कर लिने गरेकोले सो खर्चलाई मूल्यमा समायोजन गर्न दिन वा उक्त करबाट एलपी ग्यासलाई मुक्त राख्न संघले आग्रह गरेको छ ।

ग्यास उद्योगहरूको सम्पूर्ण खर्च जोडी हुन आउने परल मूल्यमा प्राविधिक नोक्सानी प्रतिसिलिन्डर शून्य दशमलव १५ प्रतिशत हुनुपर्ने तथा कर्मचारी तलबवृद्धि, इन्धनको मूल्यवृद्धि, श्रम ऐनले लागू गरेका प्रावधान, मुद्रास्फीति आदिले हुने सञ्चालन खर्च वृद्धिअनुसार वैज्ञानिक ढंगले मूल्यांकन गरी वृद्धि भएको खर्च समायोजन गर्नुपर्ने संघको भनाइ छ । मुलुकमा आवश्यकताभन्दा बढी ग्यास उद्योग खुलेको सन्दर्भमा दुई वा दुईभन्दा बढी ग्यास उद्योगहरू एक आपसमा मर्ज हुन चाहेमा मर्ज गर्न सकिने कानूनी व्यवस्था गर्नुपर्ने माग पनि संघले अघि सारेको छ ।

संघले इन्डियन आयल कर्पोरेसनबाट नेपाल आयल निगममार्फत आयात भइरहेको खाना पकाउने एलपी ग्यासको गुणस्तर मापन गर्न ७ महीनाभित्र आयल निगममा आधुनिक ल्याब स्थापना गर्न पनि माग गरेको छ ।

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर